सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ पुस २०८०, बुधबार (27 Dec 2023, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २४७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

जुम्लामा हवाई टिकटमा कोटा प्रणाली



■ बिरामी, अशक्त, जटिल काम परेका मान्छे नछुटून् भन्नका लागि सुरक्षाकर्मी, सरकारी र बिरामी सिटमा जाने यात्रुको 'ए'देखि 'सी'सम्म वर्गीकरण

■ हरेक वायुसेवा कम्पनीले यात्रुको नाम लेखेर पारदर्शिता अपनाउनुपर्ने, भोलिपल्ट हुने उडानको टिकट एक दिनअगाडि नै वितरण गर्नुपर्ने

(विस्तृत पृष्ठ ३)

नेपालको 'जेड पुस्ता' र विश्वविद्यालयको अवस्था



नेपालको शैक्षिक विकासको चरण र नेपालका विश्वविद्यालयको विकासक्रमलाई हेर्दा 'जेड पुस्ता' सन्तुष्ट हुन सक्ने ठाउँ भेटिन्न

अग्रलेख। **भीम रेग्मी**

(पृष्ठ ४)

दुई हप्तादेखि बेपत्ता पुटिनका आलोचक अलग जेलमा भेटिए



(विस्तृत पृष्ठ ५)

पेट्रोलियमको स्वचालित मूल्य प्रणाली स्थगित



स्वचालित मूल्य प्रणालीअन्तर्गत पेट्रोलमा २.५% र डिजेलमा २% प्रतिलिटर नाफा सुनिश्चित गरिएको थियो। त्यस्तै, खाना पकाउने एलपी ग्यास परल मूल्यमा बिक्री गर्ने गरी कार्यविधि बनेको थियो। यस्तो कार्यविधिका कारण अन्तर्राष्ट्रिय बजारभाउ जतिसुकै प्रतिकूल भए पनि निगमलाई नियमित नाफा हुन्थ्यो।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ राष्ट्रका नाममा प्रधानमन्त्रीको सम्बोधन

कमजोरी स्विकार्दै सुधारको प्रतिबद्धता

हुटहुटीअनुसारको काम नभएको भन्दै प्रधानमन्त्री प्रचण्डले भने- **अब सरकारको कार्यशैली बदलिनेछ**

सुवास भट्ट/नयाँ पत्रिका

आफ्नो हुटहुटीअनुसारको परिणाम नआएको भन्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारको कार्यशैली बदल्ने बताएका छन्। आफू नेतृत्वको सरकार गठन भएको एक वर्ष पुगेको अवसरमा मंगलबार राष्ट्रका नाममा सम्बोधन गर्दै उनले यही साता प्रधानमन्त्री कार्यालयको संरचनात्मक परिवर्तन गर्ने घोषणासमेत गरे।

'देशवासीसामु स्वीकार गर्दछु कि सरकार असफल त भएन, तर मेरो हुटहुटीअनुसारको परिणाम पनि आएन। म बनिसकेका पूर्वाधारको जस खोसाखोस गर्न छाडेर सम्पन्न हुन बाँकी पूर्वाधारको चिन्तामा छु। देश कति बन्यो भन्ने होइन, कति बन्न सक्थ्यो भन्ने आत्मसमीक्षामा छु,' सिंहदरबारस्थित कार्यालयबाट प्रधानमन्त्री प्रचण्डले भने, 'यही चिन्ता र आत्मसमीक्षाका साथ म सार्वजनिक घोषणा गर्दछु, अब सरकारको कार्यशैली बदलिनेछ। केही पूर्वनिर्धारित र अपरिहार्यबाहेक म बाहिरका कुनै पनि कार्यक्रममा नगई नयाँ नीति तथा कार्यक्रम र बजेटको तयारी एवं विकास र सुशासनमा रहेका समस्या समाधान गर्न लाग्ने निष्कर्षमा छु।' सरकारको कार्यशैली बदल्न यो एउटा प्रस्थानविन्दु हुने उनको भनाइ छ।

यही साता प्रधानमन्त्री कार्यालयको संरचनागत परिवर्तन गर्ने जानकारी पनि प्रधानमन्त्रीले दिए। 'यही साता म प्रधानमन्त्री कार्यालयको संरचनात्मक परिवर्तन गर्दै छु। सिंगो राज्यका लागि त्यो एउटा संकेत र सन्देश हुनेछ,' उनले भने।

सरकारी कार्यालयहरूबाट हुने सेवा वितरणलाई सूचना प्रविधिमा आधारित

» पृष्ठ २ मा क्रमशः

■ प्रधानमन्त्रीका घोषणा



> यही साता म प्रधानमन्त्री कार्यालयको संरचनात्मक परिवर्तन गर्दै छु। सिंगो राज्यका लागि त्यो एउटा संकेत र सन्देश हुनेछ।

- भूमिहीनले लालपुर्जा लिँदा राजस्वमा ५०% छुट
- प्रधानमन्त्रीको अध्यक्षतामा शासकीय सुधार आयोग गठन गरिने
- विश्वविद्यालयहरूमा भागबन्डा अन्त्य गरिने
- कार्यक्षमता कमजोर भएका राजदूत र नियोग प्रमुख फिर्ता बोलाइने
- एक महिनाभित्रै मेलम्चीको १७ करोड लिटर पानी ल्याउने
- अत्यावश्यक औषधि सरकारले नै उत्पादन गर्ने, २० प्रकार उत्पादनको पूर्वतयारी
- राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजनाको ड्रोनबाट अनुगमन गरिने
- ८० को दशकलाई तीव्र विकासको दशक बनाइने
- कीर्तिपुर क्रिकेट मैदान निर्माणको काम सार्वजनिक-निजी साझेदारअन्तर्गत अघि बढाउने, मूलपानी, विराटनगर र कैलालीको फाप्ला क्रिकेट रंगशालालाई राष्ट्रिय गौरवको आयोजना बनाउने
- बिमाको रकमको दायरा बढाउने, हाल सञ्चालित सबै निःशुल्क कार्यक्रमलाई एकीकृत स्वास्थ्य बिमामा ल्याइने
- यो आर्थिक वर्षभित्र ३० वटा प्रयोगशालासहितको एकीकृत कृषि तथा पशुसेवा केन्द्र निर्माण गर्ने
- विदेशमा रहेका नेपालीले मतदान गर्न पाउने व्यवस्था गर्ने
- माघ मसान्तभित्र सबै जिल्ला प्रशासन कार्यालयमा थप जनशक्तिको व्यवस्था गरी राष्ट्रिय परिचयपत्र र राहदानी प्राप्त गर्ने समयावधि छोट्याइने
- अनलाइनबाटै राहदानी वितरणको व्यवस्था गर्ने
- वैदेशिक रोजगारीको प्रक्रियालाई पूर्ण अनलाइन गरी बैंकिङ प्रणालीसँग जोड्ने
- ०८१ देखि ०९१ सम्मलाई कृषि दशक घोषणा गरिने
- उद्योग दर्ताका लागि सञ्चालनमा ल्याइएको एकद्वार प्रणाली एक महिनाभित्रै कार्यान्वयन गरिने
- लगानी बोर्डलाई थप अधिकार प्रत्यायोजन गरिने
- योग्यता पुगेका 'स्टार्टअप'लाई पाँच वर्षका लागि दुई प्रतिशत ब्याजदरमा ५० लाखसम्म ऋण दिने व्यवस्था मिलाउने
- दूध किसानले पाउन बाँकी करिब आठ अर्ब रुपैयाँ आगामी चैतभित्रै भुक्तानी दिइने
- चैतभित्र सबै सरकारी कार्यालय, संस्थान र प्रतिष्ठानमा कार्यरत करार र ज्यालादारी कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिसक्ने
- बजेट निर्माणको परिपाटी बदल्ने, बजेटका सिद्धान्त र प्राथमिकता फागुनमै पेस गर्ने
- प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सुनिश्चितता गरिने
- तीन वर्षभित्र सम्पन्न गर्ने गरी १० हजार ८०० मेगावाटको कर्णाली-चिसापानी आयोजनाको विस्तृत अध्ययन गरिने
- तीन महिनाभित्र ५६४ मेगावाट विद्युत् उत्पादन गर्ने

मन्त्री हेरफेरको संकेत

राष्ट्रका नाममा गरेको सम्बोधनका क्रममा प्रधानमन्त्री प्रचण्डले मन्त्री हेरफेरको संकेत पनि गरे। सरकारलाई असफल हुने छुट नभएको बताउँदै उनले मन्त्रीहरूलाई अपेक्षित नतिजा दिन नसके पद खाली गर्न भनेका छन्।

'म आज जनतालाई साक्षी राखेर माननीय मन्त्रीहरूलाई पनि भन्न चाहन्छु- हामीलाई असफल हुने छुट छैन। कार्यसम्पादन कमजोर भएको अवस्थामा म कसैलाई माफ गर्न सक्ने अवस्था र मनस्थितिमा छैन। हामी सबै आ-आफ्नो भूमिकामाथि न्याय गर्नैपर्ने नैतिक दबाबमा छौं,' उनले भने, 'कार्यक्षमता प्रमाणित गर्न सकेनौं भने कसैले पनि अब ठाउँ ओगटिरहनुहुँदैन, छाडिदिनुपर्छ। यो मैले अरूलाई दिएको उपदेश मात्र होइन, आफैंसँग गरेको वाचा पनि हो। देशमा सकारात्मक परिवर्तन र आशा जगाउन नसके मैले पनि पद ओगटिरहन जरुरी छैन।'

आशा गर्न सकिने सम्भावना छन्
● **विश्वप्रकाश शर्मा**, महामन्त्री, कांग्रेस

एक वर्ष केही गर्न सकिएन भन्ने घुमाउरो स्वीकारोक्ति
● **प्रदीप ज्ञवाली**, उपमहासचिव, एमाले

बोल्ड डिसिजनको अपेक्षा थियो, फेरि निराश भयौं
● **मुकुल ढकाल**, महामन्त्री, रास्वपा

प्रधानमन्त्रीको हुटहुटीअनुसार मन्त्रालयहरूले काम गर्न सकेको देखिँदैन
● **प्रा.डा. शिवराज अधिकारी**, प्रमुख, केन्द्रीय अर्थशास्त्र विभाग, त्रिवि

अर्थ पत्रिका पृष्ठ ६

बजेट निर्माणको परिपाटी नै बदल्ने प्रधानमन्त्रीको घोषणा

मूल्यवृद्धि २.७% विन्दुले घट्नु सरकारको उपलब्धि, आर्थिक वृद्धिदर घटेकोमा प्रधानमन्त्रीको चिन्ता

■ बगरमा फलेको खुसी



बागमतीको बगरमा फलाएको तरुल देखाउँदै सर्लाहीको बागमती नगरपालिका- ५, राजघाट टेकानीका किसान गोपाल पासवान। उनले बगरको पाँच कट्ठामा तरुलखेती गरेका छन्। उत्पादनको अवस्था हेर्दा यसपालि प्रतिकट्ठा १४ हजारका दरले ७० हजार आम्दानी हुने उनको अनुमान छ। ५० बिघाजति सरकारी बगरमा यहाँका किसानले मिलेर तरुलखेती गर्दै आएका छन्। तस्बिर : **श्रवण थापा**/नयाँ पत्रिका

■ महिलालाई खाँबो र बिजुलीको पोलमा बाँधेर कुटपिट गरिएको घटना

शारदाले ११ जनाविरुद्ध प्रहरीमा दिइन् किटानी जाहेरी, चार फरार


सिन्धुलीमा **विदुर पौडेल**

तीन दिनसम्म पिँढीको खाँबो र बिजुलीको पोलमा बाँधेर मरणासन्न हुने गरी कुटाइ खाएकी सिन्धुलीको कमलामाई नगरपालिका- ४, ढकालगाउँकी शारदा थापाले शरीर बन्धक र कुटपिटमा ११ जनाविरुद्ध किटानी जाहेरी दिएकी छिन्। उनले कुटपिटमा मतियार बनेको आरोपमा पक्राउ परेका श्रीमान् सन्तोष थापासहित ११ स्थानीयविरुद्ध मंगलबार जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा किटानी जाहेरी दिएकी हुन्।

जिल्ला प्रहरी प्रमुख एसपी राजकुमार सिलवालका अनुसार किटानी जाहेरी परेका ईश्वरकुमार पोखरेल, मिलन देवकोटा, निकेश ढकाल, लक्ष्मी पोखरेल, विष्णु ढकाल र एकबहादुर खड्का पनि सोमबार नै पक्राउ परेर हिरासतमा छन्। अन्य चार आरोपी भने फरार रहेकाले उनीहरूको नाम सार्वजनिक नगरिएको उनले बताए।

'शरीर बन्धक र कुटपिट गरेको आरोपमा उजुरी परेको छ, यसबारे प्रहरी अनुसन्धानमा छ,' एसपी सिलवालले भने। मंगलबार सार्वजनिक बिदा भएका कारण पक्राउ परेकाहरूको म्याद थप भने

» पृष्ठ २ मा क्रमशः



शारदालाई शुक्रबार बिहानदेखि आइतबार अपराह्नसम्म बाँधेर कुटपिट गरेको घटनाबारे मंगलबार नयाँ पत्रिकाले समाचार प्रकाशित गरेको थियो। केही समय उनका श्रीमान् सन्तोषलाई पनि बाँधिएकोमा पछि छाडिदिएका थिए। ऋण लिएर नतिरेको कारण देखाएर कुटपिट गरेको भनिए पनि सत्यतथ्यमा पुग्न अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

बेवारिसे अवस्थामा जमुनाह हेल्थ डेस्क विद्युत् लाइन काटियो, ६० लाखका दुई मेसिन अलपत्र



प्रदेश सरकारले बेवास्ता गरेपछि हेल्थ डेस्कको सुनसान कक्षमा स्वास्थ्यकर्मी

बाँकेमा विश्वराज पछ्लडङ्गया

नेपाल-भारत सीमाअन्तर्गत जमुनाह नाकास्थित जमुनाह हेल्थ डेस्क बेवारिसे भएको छ। नेपालगन्ज उपमहानगरपालिकाले लुम्बिनी प्रदेश सरकारलाई हस्तान्तरण गरेपछि बेवारिसे भएको हो। कामका लागि भारत गएर स्वदेश फर्किने नेपालीको क्षय, कुष्ठ, मलेरिया र कोरोना जाँचका लागि स्थापना गरिएको हेल्थ डेस्क एक वर्षदेखि अलपत्र परेको हेल्थ डेस्कका एचए सुरेन्द्र चलाउनेले बताए। विद्युत् महसुल नतिर्दा लाइन काटिएको बताए। 'प्रदेश सरकारले स्वामित्व नलिँदा बिजुली काटिएको छ। भ्याल, ढोका फुटेर टालटुल पारेर काम चलाइरहेका छौं,' उनले भने।

» पृष्ठ २ मा क्रमशः

रुसी सेनामा रहेका १०० नेपाली घाइते र बेपत्ता

रुसी सेनामा रहेको आफ्नो मान्छे सम्पर्कमा नरहेको भन्दै खोजबिनका लागि सयजनाका परिवारले परराष्ट्रको कन्सुलर सेवा विभागमा दिए निवेदन

पशुराम काफ्ले/नयाँ पत्रिका

रुसी सेनामा कार्यरत सयजना नेपालीका परिवारले उनीहरूको खोजबिन र स्वदेश फिर्ताको पहल गरिदिन भन्दै परराष्ट्र मन्त्रालयमा निवेदन दिएका छन्। परराष्ट्रको कन्सुलर सेवा विभागमा सयजनाको विवरणसहित परिवारले निवेदन दिएका हुन्।

परराष्ट्रमन्त्री एनपी साउदले निवेदनको पुष्टि गर्दै कूटनीतिक च्यानलमार्फत रुस सरकारसँग जानकारी मागिएको बताए। 'घाइते भएको, बेपत्ता भएको भन्दै खोजबिनका लागि सयजना जतिका परिवारले निवेदन दिएका छन्। हामीले रुस सरकारसँग त्यसको वास्तविकताका सम्बन्धमा जवाफ मागेका छौं, तर जानकारी पाइसकेका छैनौं,' उनले भने, 'निवेदनको आधारमा मात्रै पनि हामीले यति-उति भनेर यकिन गर्न सक्दैनौं। तर, परिवारजनले परराष्ट्रमा

» पृष्ठ २ मा क्रमशः

■ रुसमा प्रतिनिधिमण्डल पठाउने सरकारी गृहकार्य



सरकारले रुसी सेनामा रहेका नेपालीको संख्या र उनीहरूको अवस्थाबारे जानकारी लिन तथा उनीहरूलाई फिर्ता गर्ने सम्भावनाबारे यकिन गर्न मस्कोमा प्रतिनिधिमण्डल पठाउने गृहकार्य थालेको छ। 'नेपालस्थित रुसी राजदूतावासमार्फत नेपालबाट उच्चस्तरीय प्रतिनिधिमण्डल मस्को पठाउने इच्छा नेपाल सरकारले व्यक्त गरेको छ,' उच्च सरकारी स्रोतले भन्यो, 'दुई सयभन्दा बढी नेपाली रुसी सेनामा कार्यरत छन् भन्ने लगभग पुष्टि भएको छ। उनीहरूलाई स्वदेश फर्काउने विषयमा अब यहाँबाट कूटनीतिक प्रयास गरेर मात्रै पुग्दैन, प्रतिनिधिमण्डल नै पठाउनुपर्छ भन्ने छ। तर, ठुंगो लाग्न बाँकी छ।' परराष्ट्रमन्त्री एनपी साउद वा परराष्ट्रसचिव सेवा लम्सालको नेतृत्वमा प्रतिनिधिमण्डल मस्को पठाउने विषयमा प्रधानमन्त्री प्रचण्ड चाँडै निष्कर्षमा पुग्ने स्रोतले बतायो।

नेपालीलाई रसियन सेनामा पठाउने चारविरुद्ध मुद्दा दायर

विद्यार्थी भिसा र भिजिट भिसाको आवरणमा नेपालीलाई रसियन सेनामा भर्तीका लागि पठाउने गिरोहमा आबद्ध चारजनाविरुद्ध प्रहरीले मुद्दा दायर गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंले पुतलीसडकस्थित एपल एजुकेसन कन्सल्टेन्सी तथा युजिन कन्सल्टेन्सीका सञ्चालक सुमनकुमार लिम्बू, उनकी श्रीमती सुजाता दाहाल, कर्मचारीहरू सन्तोष नेपाल र दीपेश अधिकारीविरुद्ध ठगी मुद्दा दायर भएको हो।

उनीहरूविरुद्ध दुई छुट्टाछुट्टै मुद्दा दायर भएको छ। एउटा मुद्दामा ६५ लाख तथा अर्कोमा १८ लाख ६५ हजार बिगो कायम गरी मुद्दा दायर भएको हो। रसियाको सेनामा भर्ना भई भागेर आएका व्यक्तिहरूको जाहेरीका आधारमा मुद्दा दायर भएको काठमाडौं परिसरले जनाएको छ। उनीहरूले एकै व्यक्तिसँग १३ लाख रुपैयाँसम्म लिएको प्रहरीले जनाएको छ।

केहीलाई विद्यार्थी भिसा तथा केहीलाई भिजिट भिसामा रसिया पठाएर त्यहाँको सेनामा भर्ना गरिएको थियो। भर्ना भएकाहरूलाई युक्रेनसँगको युद्धमा लगाइएको छ।

कमजोरी...

पृष्ठ १ बाट क्रमशः

बनाउने पनि प्रधानमन्त्रीको भनाइ छ। चैतभित्र सबै केन्द्रीयस्तरका सरकारी कार्यालयमा सूचना प्रविधिमा आधारित एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गर्न लागेको उनले बताए।

नागरिक ठोक्किने विन्दुमा शासकीय सुधार गर्ने आफ्नो प्रतिबद्धता रहेको प्रधानमन्त्रीले बताए। त्यसैअनुरूप स्थानीय तहसमेतको सहयोगमा माघ मसान्तभित्र जनघनत्वका आधारमा जिल्ला प्रशासन कार्यालयहरूमा थप जनशक्तिको व्यवस्था गरी राष्ट्रिय परिचयपत्र र राहदानी प्राप्त गर्ने समयावधि छोट्याइने उनले बताए। अनलाइनबाटै राहदानी नवीकरणको प्रक्रिया अघि बढाउने तयारी भइरहेको जानकारी उनले दिए।

शासकीय सुधार गर्न प्रधानमन्त्रीकै अध्यक्षतामा शासकीय सुधार आयोग गठन गरिने

प्रशासनलगायत समग्र शासकीय पक्षमा सुधार गर्न आफ्नै अध्यक्षतामा तत्कालै शासकीय सुधार आयोग गठन गरिन लागेको घोषणा पनि प्रधानमन्त्री प्रचण्डले गरे। आयोगहरूका प्रतिवेदन समयबद्ध सुझाव तत्कालै कार्यान्वयनमा लैजाने र परिणाम दिने सरकारको तयारी रहेको उनको भनाइ छ।

राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजनाको ड्रोनबाट अनुगमन

राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजनाहरूको अब एआईजडित ड्रोन प्रविधिबाट नियमित अनुगमन गर्ने प्रणाली जडान गरिन लागेको प्रधानमन्त्रीले बताए। प्रधानमन्त्री कार्यालयमा रहेको एक्सन रुमबाट पनि आयोजनाहरूको नियमित अनुगमन जारी रहेको उनको भनाइ छ।

विश्वविद्यालयहरूमा भागबन्डा अन्त्य गरी मेरिटोक्रेसी सुरु गर्ने

विश्वविद्यालयहरूमा अब राजनीतिक भागबन्डाका आधारमा पदाधिकारी नियुक्त नगरिने प्रधानमन्त्रीको घोषणा छ। संसारको कुनै पनि कुनामा रहेका योग्य नेपालीले विश्वविद्यालय सुधारको प्रस्ट र इमानदार खाकासहित उपकुलपतिमा दाबी गर्न सक्ने उनले बताए। 'अब मेरिटोक्रेसी सुरु हुनेछ र त्रिभुवन विश्वविद्यालय त्यसको प्रस्थानविन्दु बन्नेछ,' उनले भने, 'नेपालका विश्वविद्यालयहरू रित्तिँदै जाने, युवा जनशक्तिसँगै पुँजी पनि पलायन हुने डरलाग्दो अवस्था अन्त्य गर्न तथा शिक्षामा गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति देशभित्रै उत्पादन गर्न बहुआयामिक कदम चालिँदै छ।'

एक महिनाभित्रै मेलम्चीको पानी ल्याउने

एक महिनाभित्रै मेलम्चीको पानी काठमाडौं ल्याउने प्रधानमन्त्री प्रचण्डको दाबी छ। '१७ करोड लिटर पानी एक महिनाभित्र सुन्दरीजलमा पुर्‍याउने लक्ष्यसहित २८ दिनको कम्प्याक्ट योजनासहित अहिले म काम गरिरहेको छु,' उनले भने।

भूकम्पप्रभावित क्षेत्रमा एक महिनाभित्र अस्थायी पुनर्निर्माण सक्ने

जाजरकोट भूकम्पका कारण आवास क्षति भई बसोवास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थायी आवास निर्माणका लागि प्रतिपरिवार ५० हजार रुपैयाँ दिने निर्णय गरी हालसम्म दुई अर्ब २६ करोड निकासा गरिसकेको प्रधानमन्त्रीले बताए। एक महिनाभित्र अस्थायी आवास निर्माणको काम सम्पन्न गरिसक्ने प्रतिबद्धता उनले व्यक्त गरे। त्यस्तै, विपत् व्यवस्थापनका लागि १० अर्ब व्यवस्थापन गरिन लागेको उनको भनाइ छ।

अत्यावश्यक औषधि सरकारले नै उत्पादन गर्ने, २० प्रकारका औषधि उत्पादनको पूर्वतयारी

सरकारले प्रदान गर्दै आएका अत्यावश्यक औषधिहरूलाई राज्यका तर्फबाट नै उत्पादन गरी औषधिमा आत्मनिर्भर बन्ने योजनामा सरकार रहेको पनि प्रधानमन्त्री प्रचण्डले बताए। नेपाल औषधि लिमिटेडमार्फत पहिलो चरणमा २० प्रकारका औषधि उत्पादनका लागि पूर्वतयारी गरिएको उनले बताए।

भूमिहीनले लालपुर्जा लिँदा राजस्वमा ५०% छुट

प्रधानमन्त्री प्रचण्डले भूमिहीनले जग्गाधनी प्रमाणपत्र लिँदा लाग्ने राजस्वमा ५० प्रतिशत छुट दिने घोषणा पनि गरेका छन्। देशका विभिन्न भागमा लाजपुर्जा बाँड्दै गर्दा ऐलानी जग्गाधनी तथा भूमिहीनले जग्गाको मूल्यकै हाराहारीमा लाजपुर्जाको राजस्व तिर्नुपरेको भन्दै घटाउन माग गरेका थिए। सडक तथा सदनमा चर्को आवाज उठेको थियो। 'सरकारले लाखौं भूमिहीन, सुकुमवासी, अव्यवस्थित बसोवासी र स्वबासीहरूको समस्या समाधान गर्न एकसाथ जग्गाधनी प्रमाणपत्र दिने तयारी गरेको छ। हालसम्म करिब १० लाख भूमिहीनको लगत संकलन भइसकेको छ। जग्गा वितरणका लागि ४१ हजार हेक्टर नाप र नक्सांकन गरिएको छ। साथै, कानुनी जटिलता फुकाउन वन ऐन र भूमि ऐन संशोधन तथा राजस्वमा ५० प्रतिशत छुटको निर्णय तत्काल गरिँदै छ,' प्रधानमन्त्रीले भने।

नकारात्मकता र हीनभावले सम्भव काम पनि असम्भव बनाइरहेको छ

नकारात्मकता र हीनभावनाले हामीकहाँ सम्भव काम पनि असम्भव बनाइरहेको छ र हामीले आफ्नै छेउको उज्यालोलाई पनि पत्याउन छाडेका छौं भन्ने तथ्यलाई स्थापित गर्न म हाम्रो विद्युतीकरण र त्यसका सम्भावनालाई उदाहरणका रूपमा प्रस्तुत गर्न चाहन्छु। म दोस्रोपटक प्रधानमन्त्री हुनुअघिसम्म देशमा १८ घन्टासम्मको लोडसेडिङलाई नियति मानिएको थियो, जब कि ठूलो जनसंख्या त्यतिखेर विद्युत्को पहुँचभन्दा बाहिर नै थियो। आज लगभग सिंगो देशमा विद्युत्को पहुँच पुगेको छ। वर्षायाममा पनि विद्युत् आयात गर्नुपर्ने अवस्थाबाट आज देश विद्युत् निर्यात गर्ने ठाउँमा पुगेको छ।

विक्रम संवत् १९६८ मा फर्पिङ जलविद्युत्बाट ५०० किलोवाट विद्युत् उत्पादनबाट सुरु भएको नेपालको विद्युतीकरण यात्रामा त्यसपछिका १०४ वर्षमा जम्मा ८०० मेगावाट मात्र उत्पादन क्षमता पुगेको थियो। तर, विगत ७ वर्षभित्र नेपालको विद्युत् उत्पादन क्षमता बढेर दुई हजार आठ सय ९२ मेगावाट पुगेको छ, जसमध्ये करिब ५४१ मेगावाट त यही एक वर्षमा थप भएको छ।

सुझावका लागि आगामी वर्षको बजेटका सिद्धान्त र प्राथमिकता फागुनमै पेस गर्छु

बजेट निर्माणको परम्परागत तरिकाले न प्राथमिकतापूर्ण योजनाहरूमा बजेट विनियोजन हुन सक्यो न खर्चको सही आकलन नै हुन सक्यो। यसको प्रत्यक्ष असर पुँजीगत खर्चमा परी समग्र आर्थिक क्षेत्र नै प्रभावित भइरह्यो। त्यसैले, म नीति योजना र बजेट निर्माणको परिपाटी नै परिवर्तन गर्ने तयारीमा छु। सरकारको नीति तथा कार्यक्रम र बजेटलाई परम्परागत धारबाट भिन्न बनाउनैपर्छ। आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणमा जनप्रतिनिधि र आमनागरिकको समेत पर्याप्त सुझाव लिने गरी बजेटका सिद्धान्त र प्राथमिकता फागुनमै पेस गर्ने मेरो तयारी छ। त्यसमा प्राप्त सुझावसमेत समेटी नीति तथा कार्यक्रम र त्यसकै आधारमा बजेटलाई अन्तिम रूप दिने गृहकार्यमा म छु। यसबाट नीति तथा कार्यक्रम र बजेटमा सबैको सहभागिता र अपनत्व स्थापित भई कार्यान्वयन पनि सहज हुने मेरो विश्वास छ।

अब मेरिटोक्रेसी सुरु हुनेछ र त्रिभुवन विश्वविद्यालय त्यसको प्रस्थानविन्दु बन्नेछ

म अब दलहरू, नागरिक समाज र राज्यका सबै निकायलाई समेत क्रमभंगताको अपिल गर्दछु। अब शीर्ष बैठकहरू सत्ताको वितरण गर्न होइन, विश्वविद्यालयहरू सुधार्न, परराष्ट्र नीतिमा राष्ट्रको एउटै धारणा बनाउन, रोजगारी सिर्जना गर्न र लगानीका लागि राष्ट्रको छवि सुधार्न बस्नेछन्। मैले त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहमा घोषणा गरिसकेको छु, अब विश्वविद्यालयहरूमा राजनीतिक भागबन्डा हुनेछैन। संसारको कुनै पनि कुनामा रहेका योग्य नेपालीले विश्वविद्यालय सुधारको प्रस्ट र इमानदार खाकासहित उपकुलपतिमा दाबी गर्न सक्नेछन्। अब मेरिटोक्रेसी सुरु हुनेछ र त्रिभुवन विश्वविद्यालय त्यसको प्रस्थानविन्दु बन्नेछ। नेपालका विश्वविद्यालयहरू रित्तिँदै जाने, युवा जनशक्तिसँगै पुँजी पनि पलायन हुने डरलाग्दो अवस्था अन्त्य गर्न तथा शिक्षामा गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति देशभित्रै उत्पादन गर्न बहुआयामिक कदम चालिँदै छ।

देशमा पहुँच होइन, विधिको शासन छ भन्ने मान्यता स्थापित गर्न सरकारले कतै कुनै लापर्बाही गरेन

मैले संसद्मा सुरुकै दिन गरेको संकल्प थियो, सुशासन। देशमा एउटा 'भिआइपी कल्चर' स्थापित भइरहेको थियो। हाई प्रोफाइलहरूलाई कानुनले छुनै सक्दैन भन्ने आममनोविज्ञान बनिरहेको थियो। सरकारले नक्कली भुटानी शरणार्थी प्रकरण, ललितानिवास प्रकरण, त्रिभुवन विमानस्थलबाट सुनको अवैध आयातलगायतका काण्डमा इतिहासकै सबैभन्दा ठूलो अनुसन्धान र कारबाही गरेपछि जनतामा लोकतन्त्रप्रति भरोसा बढेको छ। कहिल्यै कानुनले नछुने ठानिएका उच्चपदस्थहरू कानुनको नियन्त्रणमा आए। देशमा पहुँच होइन, विधिको शासन छ भन्ने मान्यता स्थापित गर्न सरकारले कतै कुनै लापर्बाही गरेन। यसबाट कानुनको सर्वोच्चता मात्र होइन, लोकतन्त्रकै सर्वोच्चता पनि स्थापित भएको छ। यसलाई मैले लोकतन्त्रको सर्भिसिङ र शुद्धीकरण भनेको छु। यो क्रम निरन्तर जारी रहनेछ।

राष्ट्रिय परिचयपत्र र राहदानी प्राप्त गर्ने समयावधि माघ मसान्तभित्र छोट्याइनेछ

नागरिक जहाँ-जहाँ राज्यसँग ठोकिन्छन्, ती सबै विन्दुमा शासकीय सुधार मेरो प्रतिबद्धता हो। स्थानीय तहसमेतको सहयोगमा माघ मसान्तभित्र जनघनत्वका आधारमा जिल्ला प्रशासन कार्यालयहरूमा थप जनशक्तिको व्यवस्था गरी राष्ट्रिय परिचयपत्र र राहदानी प्राप्त गर्ने समयावधि छोट्याइनेछ। राहदानी छपाइ कार्यलाई प्रतिस्पर्धाका आधारमा अघि बढाइनेछ। यसैगरी, अनलाइनबाटै राहदानी नवीकरणको प्रक्रिया अघि बढाउने तयारी भइरहेको छ। वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउने दिशामा सरकार गठनसँगै केही महत्त्वपूर्ण निर्णय गरिएको यहाँहरूलाई थाहै छ।

सूचना प्रविधिको क्षेत्रमा लागेका युवाहरूलाई अवरोध पुगेका सबै गाँठा फुकाउँछु

सूचना प्रविधि क्षेत्रमा आफ्नै तत्परतामा हजारौं युवाहरूले झन्डै सत्तरी अर्ब यसै वर्ष मात्र देशमा ल्याएका छन्। अब म उनीहरूसँग नियमित संवादमा बस्छु, उनीहरूलाई अवरोध पुगेका सबै गाँठा फुकाउँछु र परिणाममुखी संयन्त्र बनाउँछु। देश किन सोचेजति अघि गएन भने हामीले उद्यमशीलताको विकास गर्न सकेनौं भन्ने समीक्षा गरी अब म उद्यमशीलताको माध्यमबाट आर्थिक उन्नति र रोजगारीको घोषणा गर्दछु। सबै किसिमका नीति, कानुन र स्रोतलाई उद्यमशीलताको दिशामा उन्मुख गराउन तत्काल एकीकृत रणनीति बनाइँदै छ।

कार्यक्षमता प्रमाणित गर्न नसके कसैले पनि ठाउँ ओगटिरहनुहुँदैन, छाडिदिनुपर्छ

म आज जनतालाई साक्षी राखेर माननीय मन्त्रीहरूलाई पनि भन्न चाहन्छु, हामीलाई असफल हुने छुट छैन। कार्यसम्पादन कमजोर भएको अवस्थामा म कसैलाई माफ गर्न सक्ने अवस्था र मनस्थितिमा छैन। हामी सबै आ-आफ्नो भूमिकामाथि न्याय गर्नैपर्ने नैतिक दबाबमा छौं। कार्यक्षमता प्रमाणित गर्न सकेनौं भने कसैले पनि अब ठाउँ ओगटिरहनुहुँदैन, छाडिदिनुपर्छ। यो मैले अरूलाई दिएको उपदेश मात्र होइन, आफैँसँग गरेको वाचा पनि हो। देशमा सकारात्मक परिवर्तन र आशा जगाउन नसके मैले पनि पद ओगटिरहन जरुरी छैन।

शारदाले...

पृष्ठ १ बाट क्रमशः

हुन सकेन। बुधबार अदालत उपस्थित गराएर उनीहरूको म्याद थप गर्ने तयारी छ। शारदालाई शुक्रबार बिहानदेखि आइतबार अपराह्नसम्म बाँधेर कुटपिट गरेको घटनाबारे मंगलबार नयाँ पत्रिकाले समाचार प्रकाशित गरेको थियो। केही समय उनका श्रीमान् सन्तोषलाई पनि बाँधिएकोमा पछि छाडिदिएका थिए। ऋण लिएर नतिरेको कारण देखाएर कुटपिट गरेको भनिए पनि सत्यतथ्यमा पुग्न अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

कुटपिटमा मरियार बनेको आरोपमा पक्राउ परेका शारदाका श्रीमान् सन्तोष थापाले स्थानीयसँग एक करोड २० लाख ऋण लिएको बयान दिएको एसपी सिलवालले बताए। तर, कोसँग कति ऋण लिएको भन्नेबारे यकिन बताएका छैनन्। 'सन्तोषले प्रहरीसमक्ष बयान दिँदा आफ्नो नाममा रहेको ढकालगाउँस्थित सात कट्ठा जमिन बिक्री गर्ने र त्यसबाट कम्तीमा पनि एक करोड ४० लाख रुपैयाँ आउँछ भनेका छन्,' उनले भने, 'तर, कसको कति रकम तिर्न बाँकी छ भन्ने अझै यकिन हुन सकेको छैन।

सन्तोषको नाममा बैंकिङ कसुर र ठगी मुद्दा पनि छ। बैंकिङ कसुर मुद्दा अदालतमा पुगिसकेको छ भने ठगीसम्बन्धी उजुरी प्रहरीमा छ। 'श्रीमान्ले गरेको कारोबारको विषयमा श्रीमतीलाई बन्धक बनाएर यातना दिनु आफैँमा निन्दनीय र गैरकानुनी कुरा हो, प्रहरी कसैलाई पनि अन्याय हुनुहुँदैन भन्ने पक्षमा छ,' सिलवालले भने। अहिले शारदा र सन्तोषबीच सम्बन्धविच्छेदका लागि अदालतमा मुद्दा पनि चलिरहेको छ।

कमलामाईका मेयर उपेन्द्रकुमार पोखरेलले कुटपिट घटनाबारे आफूलाई जानकारी नभएको बताएका छन्। आफू सोही वडाको भए पनि केही दिन बाहिर रहेका कारण सबै जानकारी प्राप्त नभएको उनले बताए। स्थानीय भने घटनाबारे कुनै प्रतिक्रिया दिन चाहँदैनन्।

रुसी सेनामा...

पृष्ठ १ बाट क्रमशः

जानकारी दिइरहेका छन्। यो संवेदनशील विषय भएको हुनाले रुस सरकारको आधिकारिक जानकारी आएपछि मात्रै यकिन भन्न सकिन्छ।' घाइते र बेपत्ताहरू रुस र युक्रेनमा कति छन् भन्ने यकिन छैन।

रुसी सेनामा कार्यरत नेपालीमध्ये हालसम्म सातजनाको मृत्यु भइसकेको छ। चारजना युक्रेनमा सैनिक नियन्त्रणमा रहेको औपचारिक जानकारी छ। परराष्ट्र मन्त्रालयले ४ पुसमा यसबारे सार्वजनिक गरेको थियो। सरकारका अनुसार राजापुर- १ बर्दियाका विवेक खत्री र मण्डनदेउपुर- ६ काभ्रेपलाञ्चोकका सिद्धार्थ ढकाल, लेटाङ- २ मोरङका विकास राई र रुन्टीगढी- ८ रोल्पाका प्रतीक पुन युक्रेनी सेनाको नियन्त्रणमा छन्। तर, युक्रेनले नेपाललाई विवेक खत्री मात्रै युद्धबन्दीका रूपमा हिरासतमा रहेको जानकारी दिएको छ। बाँकी नागरिकबारे युक्रेन सरकारले नेपाललाई आधिकारिक रूपमा जानकारी दिएको छैन। युक्रेनमा नेपालीको रिहाइका लागि सरकारले अमेरिका र रेडक्रसको अन्तर्राष्ट्रिय समितिमार्फत प्रयास गरिरहेको छ।

रुसी सेनामा कार्यरत कुन्दनसिंह नागल (थप विवरण खुल्न बाँकी), गोरखाका सन्दीप थपलिया, कपिलवस्तुका रूपक कार्की, कास्कीका देवान राई, स्याङ्जाका पितम कार्की, दोलखाका राजकुमार रोका र इलामका गंगाराज मोक्तानको मृत्यु भएको छ।

परराष्ट्र मन्त्रालयले रुसी सेनामा भएका नेपालीबारे विस्तृत जानकारी माग्दै दुईपटक चिठी लेखिसकेको छ। 'हामीले दुईपटक पठाएको जवाफ रुसबाट आएको छैन,' परराष्ट्र स्रोतले भन्यो, 'रुसले एकपटक ६ नेपालीको निधन भएको र अर्कोपटक एकजनाको निधन भएको सूचना पठाएको छ। त्यसबाहेक हामीले सोधेको विषयमा रुसले जवाफ दिएको छैन।'

नेपाल सरकारले रुसी सेनामा कार्यरत नेपाली युद्धबन्दी, घाइते र रुसी सेनामा हालसम्म भर्तीको संख्याबारे जानकारी मागेको छ। नेपालले निधन भएका आफ्ना नागरिकको शव यथाशीघ्र नेपाल पठाउन तथा घाइते र पीडितका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन पनि आग्रह गरेको छ। तर, यी अनुरोधमा रुस सरकारले जवाफ दिएको छैन।

विद्युत् लाइन...

पृष्ठ १ बाट क्रमशः

किट नहुँदा विगत वर्षदेखि कोरोना जाँच हुन सकेको छैन। विद्युत् नहुँदा किट र औषधि राख्ने फ्रिज बन्द भएको उनले बताए। सोलार सिस्टमको विद्युत्बाट एउटा बत्ती मात्र बाल्दै आएको उनको भनाइ छ। 'विद्युत् नहुँदा किट, औषधि र मलेरिया जाँचका लागि लिएको स्याम्पल राख्न समस्या भएको छ नै, ल्याब र कार्यालयको अन्य उपकरण सञ्चालनमा ल्याउन सकिएको छैन,' उनले भने।

एचए चलाउनेले कोरोना मात्र नभई मलेरिया र कुष्ठरोगको जाँचसमेत प्रभावित भएको बताए। प्रदेश सरकारको मातहतमा गएपछि नेपालगन्ज उपमहानगरपालिकाले खटाएका स्थायी स्वास्थ्यकर्मी पनि अन्यत्र गएका छन्। 'एकजना कार्यालय सहयोगी, दुईजना प्रदेशका करार स्वास्थ्यकर्मी र एकजना स्थायी स्वास्थ्यकर्मी मात्र कार्यरत छौं। यहाँ स्वास्थ्यकर्मीको पनि अभाव छ,' उनले भने। स्याहार, सुसार नपाउँदा दातृ निकायले करिब ५० लाख रुपैयाँमा निर्माण गरिदिएको हेल्थ डेस्क भवनको झ्याल, ढोका फुटेको चलाउनेले बताए। किट र विद्युत्का लागि विभिन्न सरकारी निकायसँग सहयोग माग गरे पनि सुनुवाइ नभएको उनले गुनासो गरे। 'हेल्थ डेस्क र कर्मचारी माउविनाको बचेराजस्तै भएका छौं। विद्युत् र किट तथा आवश्यक जनशक्तिका लागि धेरै ठाउँमा माग गर्दासमेत सुनुवाइ भएन। अब त भन्न पनि मन लाग्दैन,' उनले भने।

प्रदेश सरकारबाट नियुक्त भएका दुईजना स्वास्थ्यकर्मीको करारनामा पनि सकिएको छ। करारनामा नपाए पनि काम गरिरहेको उनले बताए। भारतबाट फर्किने नेपालीको तापक्रम मापन गर्न खरिद गरिएका दुईवटा स्क्यानिङ मेसिनसमेत बेवारिसे अवस्थामा छन्। करिब ६० लाखमा खरिद गरिएका स्क्यानिङ मेसिन करिब ६ महिनादेखि बेवारिसे अवस्थामा रहेको उनले बताए।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/११ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय मलंगवा, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस १८ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय मलंगवा, सर्लाहीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय सर्लाहीमा मिति २०७७/०७/२५ मा प्रा.फ.र.नं. ९२६६/७७/०७८ कायम भई दर्ता रहेको सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **एलिना मत्स्य पालन फर्म** (प्रोप्राईटर सरजु सिंहको नातिनी, कारी सिंह दनुवार/सरवसीया देवीको छोरी, लक्ष्मण सिंहको पत्नी, सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ०४ (साबिक फरहदवा गा.वि.स., वडा नं. ०९) बस्ने **उर्मिला कुमारी**, ना.प्र.नं. ७१८९२५०६, जारी मिति २०४६/०३/१४, जिल्ला प्रशासन कार्यालय सर्लाही)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. सरजु सिंहको नातिनी, कारी सिंह दनुवार/सरवसीया देवीको छोरी, जयराम सिंह दनुवार/कारो देवीको बुहारी, लक्ष्मण सिंहको पत्नी, सर्लाही जिल्ला, ईश्वरपुर न.पा., वडा नं.०३ (साबिक फरहदवा गा.वि.स., वडा नं.०९) बस्ने **उर्मिला कुमारी** (ना.प्र.नं. ७१८९१५०६, जारी मिति २०४६/०३/१४, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
२. दु:खा सिंहको नाति, जयराम सिंह दनुवार/कारो देवीको छोरा, उर्मिला कुमारीको पति, सर्लाही जिल्ला, ईश्वरपुर न.पा., वडा नं.०३ (साबिक ईश्वरपुर न.पा., वडा नं.०३) बस्ने **लक्ष्मण सिंह** (ना.प्र.नं. ३८४९४८९७, जारी मिति २०५१/१०/१९, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
३. जयराम सिंह दनुवार/कारो देवीको नाति, लक्ष्मण सिंह/उर्मिला कुमारीको छोरा, सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं.०३ (साबिक ईश्वरपुर न.पा., वडा नं.०३) बस्ने **रोशन सिंह** (ना.प्र.नं. १९-०२-७०-००९३१, जारी मिति २०७०/०८/०९, जिल्ला प्रशासन कार्यालय सर्लाही)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **लक्ष्मण सिंह**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स./न.पा. वडा नं.२/ख स्थित कित्ता नं. ७२७ को क्षे.फ. ०–१–१२ (वि–क–धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **उर्मिला कुमारी**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स./न.पा., वडा नं.३/क स्थित कित्ता नं. ६४५ र ६४६ को क्षे.फ. क्रमश: ०–०–९¹⁄₄ र ०–०–१¹⁄₂ (वि–क–धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० पुस १७ गते** भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मलंगवा, सर्लाहीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस १८ गते ०३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा मलंगवा, सर्लाहीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० पुस १८ गते बुधबार अपरान्ह ०३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय मलंगवा, सर्लाही फोन नं. ०४६-५२१२०६

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २२१८३९/०७६/०७७ अन्तर्गत मिति २०७६/०५/०३ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. ४ स्थित **आयुष ट्रेड कन्सर्न प्रा. लि.** **अध्यक्ष तथा जमानीकर्ता: माहिला महर्जन**	१) शिव बहादुर थापाकी छोरी, तुईसी महर्जनकी बुहारी, माहिला महर्जनकी पत्नी, सर्लाही जिल्ला, नेत्रगंज गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर बस्ने जानुका थापा - १, पुनवीर महर्जनको नाती, तुईसी महर्जनको छोरा काठमाडौं जिल्ला, सीतापाइला गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर बस्ने र माहिला महर्जन - १ गरी २ व्यक्तिको संयुक्त नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. (डिल्लीबजार) वडा नं. ११ स्थित कित्ता नं. ५३३ र ५८३ को क्षेत्रफल क्रमश: ७१.५३ र ३७.७६ (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) आयुष ट्रेड कन्सर्न प्रा. लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Gods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण
	२) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १३३३२०/०७१/०७२ अन्तर्गत मिति २०७१/११/२८ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११ स्थित **अभिषेक सर्जिकल सप्लायर्स प्रा. लि.** **अध्यक्ष तथा जमानीकर्ता: जानुका थापा**	१) पुनवीर महर्जनको नाती, तुईसी महर्जनको छोरा काठमाडौं जिल्ला, सीतापाइला गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर बस्ने माहिला महर्जनको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, सीतापाइला गा.वि.स. वडा नं. १ (हाल नागार्जुन न.पा. वडा नं. ४) स्थित कित्ता नं. २४० को क्षेत्रफल २३०.६० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) अभिषेक सर्जिकल सप्लायर्स प्रा. लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

जमानीकर्ताहरुको विवरण

१) जानुका थापा (क्रेडीट कार्ड समेत) स्थायी ठेगाना: सर्लाही जिल्ला, नेत्रगंज गा.वि.स. वडा नं. ५ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर बाबु : शिव बहादुर थापा ससुरा : तुईसी महर्जन पति : माहिला महर्जन	**२) माहिला महर्जन** स्थायी ठेगाना : काठमाडौं जिल्ला, सीतापाइला गा.वि.स. वडा नं. १ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर बाबु : तुईसी महर्जन बाजे : पुनवीर महर्जन

ऋणीको विवरण	जमानीकर्ताको विवरण
३) माहिला महर्जन स्थायी ठेगाना : काठमाडौं जिल्ला, सीतापाइला गा.वि.स. वडा नं. १ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर बाबु : तुईसी महर्जन बाजे : पुनवीर महर्जन	**जानुका थापा** स्थायी ठेगाना : सर्लाही जिल्ला, नेत्रगंज गा.वि.स. वडा नं. ५ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर बाबु : शिव बहादुर थापा ससुरा : तुईसी महर्जन पति : माहिला महर्जन

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
२)	**नर नाथ कुँवर** स्थायी ठेगाना : काभ्रे जिल्ला, पांचखाल न.पा. वडा नं.१६ हालको ठेगाना : सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं.०३ बाबु : बाबु काजी कुँवर बाजे : नारायण कुँवर	नारायण कुँवरको नाति, बाबु काजी कुँवरको छोरा, काभ्रे जिल्ला, पांचखाल न.पा. वडा नं.१६ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं.०३ बस्ने नरनाथ कुँवरको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, सिंगिया गा.वि.स. वडा नं. ७/ख स्थित कित्ता नं. १७९० को क्षेत्रफल ०-८-१४¹⁄₂ (रोपनी/विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।

जमानीकर्ताहरुको विवरण

१) गंगा कुवँर स्थायी ठेगाना : सुनसरी जिल्ला, सिंगिया गा.वि.स. वडा नं.७ हालको ठेगाना : सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं.०३ बाबु : डिल्लीराम चौलागाई ससुरा : बाबु काजी कुवर पति : नरनाथ कुँवर	**२) बालकृष्ण कुँवर** स्थायी ठेगाना : सुनसरी जिल्ला, सिंगिया गा.वि.स. वडा नं.७ हालको ठेगाना : सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं.०३ बाबु : नरनाथ कुँवर बाजे : बाबु काजी कुँवर

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

मोटरसाइकल हरायो

मिति २०८०/८/२३ गते राती २३:४५ बजेको समयमा का.म.न.पा. १५ स्वयम्भु स्थित मनोमहन अस्पताल अगाडिबाट मेरो निम्न व्यहोरा भएको रातो सिल्भर मेटालिक म्याट रंगको **KTM Duke 250 CC** मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : निरबहादुर साहनी क्षेत्री
मो.सा.न.: लु. ८३ प १८१७
चेसिस न. : MD2JPEXD0MCO98032
इन्जिन न. : M-937-17561
सम्पर्क न. : 9746401299

जुम्लामा हवाई टिकटमा कोटा प्रणाली

बिरामी, अशक्त, जटिल काम परेका मान्छे नछुट्नू भन्नका लागि सुरक्षाकर्मी, सरकारी र बिरामी सिटमा जाने यात्रुको 'ए'देखि 'सी'सम्म वर्गीकरण

हरेक वायुसेवा कम्पनीले यात्रुको नाम लेखेर पारदर्शिता अपनाउनुपर्ने, भोलिपल्ट हुने उडानको टिकट एक दिनअगाडि नै वितरण गर्नुपर्ने



■ **जयकुमार घिमिरे**, प्रमुख जिल्ला अधिकारी, जुम्ला

टर्मिनल भवनभन्दा बाहिर कार्यालय राखेर सहज रूपमा टिकट वितरण भए-नभएकोबारे हप्तादिनपछि अनुगमन गरिनेछ।



■ **गौरीनन्द आचार्य**, जिसस प्रमुख, जुम्ला

पहिलो दिन टिकट लिन जाँदा भोलि जहाज आउने टुंगो छैन भन्छन्। भोलि गयो हिजो नै टिकट सबै गइसक्यो, जहाज प्याक भयो भनेर टार्छन्। यसरी टिकटमा मनपरी गर्छन्। यो त सरासर अनियमितता हो। यस्ता प्रवृत्तिलाई रोक्नुपर्छ।

जुम्लामा **मानदत्त रावल**



जुम्ला विमानस्थलमा पहुँचका आधारमा हवाई टिकट वितरण हुने र बिरामीले समेत टिकट नपाउने भएपछि कोटा छुट्याउने सहमति भएको छ। आइतबार जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्य, चन्दननाथ नगरप्रमुख राजुसिंह कठायत र प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेसहितको बैठकले यस्तो निर्णय गरेको हो।

जुम्ला विमानस्थलमा सञ्चालित सबै वायुसेवा कम्पनीहरूले आ-आफ्नो (जिएसए)सँग सहकार्य गरी एयरपोर्टबाहिर कार्यालय खोल्ने, डायरीमा यात्रुको नाम लेख्ने, पारदर्शी रूपमा टिकट वितरण गर्ने निर्णय भएको छ। सबै वायुसेवा कम्पनीहरूले बिहान १० बजेदेखि आ-आफ्नो उडान नसकेसम्म कार्यालय सञ्चालन गर्ने र भोलिपल्ट हुने उडानको टिकट एक दिनअगाडि नै वितरण गर्नुपर्ने निर्णय गरिएको छ।

त्यस्तै, १८ सिटे वायुसेवा कम्पनीहरूले १० सिट आ-आफ्नो कार्यालयबाट र सीता एयरको हकमा (सात सिट) बाँड्ने र बाँकी रहेको सिट बिरामी, अशक्त, सुरक्षाकर्मी र अन्य इमर्जेन्सी काम परेका व्यक्तिका लागि व्यवस्था गर्ने निर्णय भएको जुम्ला विमानस्थल प्रमुख सन्तोष अधिकारीले जानकारी दिए। 'हवाई टिकटलाई पारदर्शी बनाउन गरिएका निर्णय कार्यान्वयनमा सबैले जोड दिएमा केही सुधार होला। सर्वसाधारणले टिकट पाउलान्। तर, नियमित उडान गर्ने कुरा हाम्रो लेभलबाट सम्भव छैन,' उनले भने।

बिरामी, अशक्त, जटिल काम परेका मान्छे नछुट्नू भन्नका लागि सुरक्षाकर्मी, सरकारी र बिरामी सिटमा जाने यात्रुको 'ए' देखि 'सी' सम्म वर्गीकरण गर्ने निर्णय भएको छ।

वर्गीकरण गर्दा पहिलो प्रथामिकता (ए)मा बिरामी, दोस्रो (बी)मा सरकारी र तेस्रो (सी)मा सुरक्षाकर्मीलाई सिट छुट्याउनुपर्नेछ। सीता एयरले चार सिटबाहेक अन्य एयरलाइन्सले ६ सिट वर्गीकरण गरेर बाँड्नेछन्। सरकारी कर्मचारी, सुरक्षाका लागि छुट्याइएका सिटमा प्रायः सर्वसाधारण नै उड्न पाउनेछन्। तर, अत्यावश्यक काम परेको वेला भने छुट्याइएको सिट सुरक्षाकर्मी, सरकारी कर्मचारीले नै प्रयोग गर्नेछन्। एयरलाइन्स कम्पनीहरूले भने टिकट वितरण सधैँ नागरिकमैत्री नै भएको दाबी गर्दै नयाँ निर्णयअनुसार टिकट वितरण गर्न सजिलो नभएको बताएका छन्। नागरिकले आफू टिकट पाउँदा चुप लाग्ने र नपाउनेबित्तिकै गुनासो गर्ने प्रवृत्ति बढेकाले व्यवस्थापनमा सकस रहेको समिट एयरका गोविन्द भण्डारीले बताए।

जुम्लाको हवाई सेवा पहुँचमुखी मात्रै भएको, सर्वसाधारणले सहजै टिकट नपाएको, ठूलाबडाको फोनमै टिकट फिक्स हुने, टिकट वितरणमा पारदर्शी नहुने समस्या हालसम्म विद्यमान छन्। जसले गर्दा सर्वसाधारणले सधैँ सास्ती खेप्नुपरेको छ। हवाई सेवालाई सहज र नागरिकमैत्री बनाउन यसअघि पटक-पटक छलफल नभएका होइनन्, तर हवाई टिकट वितरण गर्ने व्यक्तिहरूले आफूखुसी निर्णय गर्दा सर्वसाधारणले सास्ती खेप्दै आएका छन्।

भूगोलका हिसाबले जुम्ला विमानस्थल कर्णाली प्रदेशकै व्यस्त र यात्रुको बढी चाप हुने विमानस्थलमा पर्छ। समिट, सीता, तारा र नेपाल एयरलाइन्सले जुम्लामा उडान भर्ने गरेका छन्। तर, समिट एयरबाहेक अन्य जहाजको नियमित उडान छैन। फाट्टफुट्ट हुने उडानमै नागरिकले सास्ती पाउँदै आएका छन्। जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्य, चन्दननाथ नगरपालिका मेयर राजुसिंह कठायत, नागरिक अगुवा राजबहादुर महत टिकट वितरणमै अनियमितता भइरहेकाले तत्काल सुधार गर्नुपर्ने र अटेरी गर्ने एयरलाइन्सलाई जुम्ला उडानमै रोक लगाउनुपर्ने बताउँछन्।

'पहिलो दिन टिकट लिन जाँदा भोलि जहाज आउने टुंगो छैन भन्छन्। भोलि गयो हिजो नै टिकट सबै गइसक्यो, जहाज प्याक भयो भनेर टार्छन्। यसरी टिकटमा मनपरी गर्छन्। यो त सरासर अनियमितता हो। यस्ता प्रवृत्तिलाई रोक्नुपर्छ,' आचार्यले भने। सबै एयरलाइन्सका टिकट काउन्टर बाहिर हुनुपर्ने, सरकारी सिट छुट्याएर, आमनागरिकलाई लाइनमै टिकट दिनुपर्ने र अटेरी गर्ने एयरलाइन्सको उडानमै रोक लगाउनुपर्ने उनको भनाइ छ।

मेयर कठायतले नयाँ निर्णयपछि टिकट काउन्टर बाहिर नखोल्ने, टिकट वितरणमा ब्रह्मलुट मच्चाउन अब नपाइने ठोकुवा गरे। 'अनलाइन टिकट वितरणका नाममा समेत एयरलाइन्सले नागरिकलाई सास्ती मात्रै दिएका छन्। सुधारको बहस र निर्णय पटक-पटक भए पनि कार्यान्वयन हुन सकेको छैन,' उनले भने।

नागरिक अगुवा राजबहादुर महतले अघिपछि सडक यातायात प्रयोग गर्ने सर्वसाधारणले बिरामी हुँदा पनि हवाई टिकट नपाउने प्रवृत्ति कायमै रहेको बताए। 'टिकट वितरणमा मनपरी त छँदै छ। यसलाई रोक्न प्रशासनले समेत चासो दिएन। नाम मात्रको अनलाइन सेवा छ। सर्वसाधारणले कहिल्यै प्रयोग गर्न पाउँदैनन्। अब अति भयो। हवाई क्षेत्रको मनपरी रोक्नुपर्छ,' उनले भने।

प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले टिकट वितरण प्रणाली सुधारेमा जुम्ला आउने पर्यटक र सर्वसाधारणले ढुक्कले हवाई सेवा प्रयोग गर्न सक्ने बताए। टर्मिनल भवनभन्दा बाहिर कार्यालय राखेर सहज रूपमा टिकट वितरण भए-नभएको बारे हप्तादिनपछि अनुगमन गर्ने उनको भनाइ छ। सुरक्षा प्रमुखहरू गणपति सुमन श्रेष्ठ, सशस्त्र प्रहरीका एसपी चेतराज जोशी र प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीले बाहिर काउन्टर राख्नुपर्ने, लाइन लगाएर टिकट वितरण गर्ने र छुट्याइएको सिटमा प्राथमीकरण गरेर मात्रै टिकट वितरण गर्नुपर्ने सुझाव दिएका छन्।

शान्ति प्रक्रियाका बाँकी काम आमसहमतिमै

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शान्ति प्रक्रियाका बाँकी काम आमसहमतिमै टुंग्याइने बताएका छन्। लामो समयदेखि संसद्मा विचाराधीन संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा सहमति नजुटे बहुमतीय प्रक्रियाबाट टुंगो लगाउनुपर्ने आवाज उठिरहेका वेला प्रधानमन्त्रीले आमसहमतिमै अगाडि बढाइने स्पष्ट पारेका हुन्।

सरकार गठनको एक वर्ष पुगेको अवसरमा मंगलबार देशवासीका नाममा सम्बोधन गर्दै उनले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संविधान, सर्वोच्च अदालतको फैसला, बृहत् शान्ति-सम्झौता, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य-मान्यता तथा पीडितको सरोकारलाई केन्द्रमा राखेर टुंगिने बताए।

संघीय निजामती, सार्वजनिक खरिदसम्बन्धी कानुन तथा विचाराधीन विधेयक हिउँदे अधिवेशनमा पारित गरिने

'नेपालको शान्ति प्रक्रिया संसारकै लागि अनुपम र उदाहरणीय छ। अन्तर्राष्ट्रिय मञ्चमा त्यो स्वीकारोक्ति पनि देखिन्छ। तर, त्यो प्रक्रियाका केही काम टुंग्याउन बाँकी छ,' उनले भने, 'अब आमसहमतिमै शान्ति प्रक्रियाका बाँकी काम सक्न म दृढसंकल्पित छु। अहिले विधेयक संसदीय समितिमा छलफलको क्रममा छ। यसलाई सार्वभौम संसद्बाट आमसहमतिमै अगाडि बढाउन सकिन्छ भन्ने विश्वास छ।' प्रधानमन्त्री प्रचण्डले शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन प्रमुख प्रतिपक्षलगायत अन्य दलसँग संवादमा रहेको र एउटा समझदारी बनिसकेको पनि उल्लेख गरे। सोमबार प्रमुख तीन दलका शीर्ष नेताबीच संक्रमणकालीन न्यायसम्बन्धी कानुन पीडितमैत्री बनाउने र हिउँदे अधिवेशनबाट पारित गर्ने सहमति बनेको थियो।

आफ्नो सम्बोधनमा प्रधानमन्त्रीले संसद्मा विचाराधीन विधेयक आगामी अधिवेशनमा पारित गर्न सबै राजनीतिक दलसँग सहकार्य र समन्वय भइरहेको बताए। साथै, निजामती सेवा कानुन र सार्वजनिक खरिद कानुन पनि हिउँदे अधिवेशनबाट पारित गरी कार्यान्वयनमा लगिने योजना पनि सुनाए। विकास निर्माणमा प्रक्रियागत झन्झटको कारक बनेका भूमि ऐन र वन ऐनमा पनि आगामी अधिवेशनमा संशोधन गरिने उनको भनाइ थियो।

संक्षेप

कारको ठक्करबाट दुई पैदलयात्रीको मृत्यु

कास्की/ कारको ठक्करबाट पोखरामा दुई पैदलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा बागलुङ ढोरपाटन नगरपालिका- ६ घर भई हाल पोखरा महानगरपालिका- ३ नदीपुर बस्ने ढोलेन्द्र छन्त्याल र नाम नखुलेका पुरुष रहेको कास्कीका प्रहरी प्रवक्ता श्रवणकुमार विकले जानकारी दिए। छन्त्याल कोरियन भाषा पढ्न पोखरा आएको बताइन्छ। मंगलबार बिहान पोखरा- ५ प्रस्याङस्थित सिद्धार्थ बैंकअगाडि बागलुङ बसपार्कबाट जिरो किमितर्फ जाँदै गरेको बा.१३च ३७२१ नम्बरको कारले ती पैदलयात्रीलाई ठक्कर दिएको थियो। कारको ठक्करपछि घाइते भएका उनीहरूलाई उपचारका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल लगिएकोमा दुवैजनालाई डाक्टरले मृत घोषणा गरेका थिए। घटनापछि कारचालक फरार छन्। उनको खोजीकार्य भइरहेको प्रहरीले जनाएको छ। सडकमा हिँडिरहेका उनीहरूलाई कारले करिब एक सय मिटर तलसम्म घिसार्दै ल्याएको प्रत्यक्षदर्शीहरूले बताएका छन्। तीव्र गतिमा आएको कार त्यसपछि सडकछेउमा रहेको चौताराको रूखमा ठक्कर खाई नजिकैको घरको सटरमा ठोक्किन पुगेको थियो। स्थानीयका अनुसार कारमा दुईजना सवार थिए। कार सटरमा ठोक्किएपछि उनीहरू निस्केर भागेका थिए। घटनापछि वडा प्रहरी कार्यालय बैदामबाट प्रहरी नायब उपरीक्षक राजेन्द्र श्रेष्ठको कमान्डमा १५ जनाको टोलीले कारलाई नियन्त्रणमा लिएको थियो।

एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठक आजबाट

काठमाडौं/ एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठक बुधबारबाट सुरु हुँदै छ। ललितपुरस्थित एक पार्टी प्यालेसमा तीन दिनसम्म बैठक चल्ने प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए। स्थायी कमिटी र पोलिटब्युरो बैठक स्थगित गरी केन्द्रीय कमिटी बैठक बोलाइएको हो। अध्यक्ष माधवकुमार नेपालले समसामयिक राजनीतिक प्रतिवेदन र महासचिव घनश्याम भुसालले सांगठनिक प्रतिवेदन पेस गर्नेछन्। बैठकमा विधान संशोधनबारे पनि छलफल हुनेछ। विधान संशोधन गर्न आगामी १४ र १५ माघमा काठमाडौंमा राष्ट्रिय सम्मेलन गर्न लागिएको पार्टी कार्यालयले जनाएको छ। आगामी ११ माघमा हुने राष्ट्रिय सभा निर्वाचनका लागि पार्टीका तर्फबाट उम्मेदवार छनोटको मापदण्ड पनि बैठकले तोक्ने भएको छ। संगठन विस्तारको कार्ययोजनाबारे पनि छलफल हुनेछ। सचिवालय बैठकमा विधानबारे नेताहरूले मिश्रित धारणा राखेका थिए। आसन्न महाधिवेशनका लागि वैचारिक दृष्टिकोणबारे छलफल हुने नेताहरूले बताएका छन्। केन्द्रीय कमिटीको संख्या १७५ हराहारीमा हुनुपर्ने, प्रतिनिधि परिषद्लाई अधिकारसम्पन्न गराउनुपर्नेलगायतका विषयमा नेताहरूले जोड दिएका छन्। हाल केन्द्रीय कमिटी चार सयको हाराहारीमा छ। यस्तै, पाका र युवा पुस्तालाई समेटेर अगाडि बढ्नुपर्ने, केन्द्रीय परिषद्लाई अधिकारसम्पन्न बनाउनुपर्ने विषयमा नेताहरूले जोड दिएका छन्।

जातीय विभेद गरेको आरोपमा स्वास्थ्यचौकी इन्चार्ज पक्राउ

मुगु/ सोरु गाउँपालिका- ९ खनायाँ स्वास्थ्यचौकीमा कार्यरत अनमी तुल्सा विश्वकर्मामाथि जातीय विभेद गरेको आरोपमा स्वास्थ्यचौकीका इन्चार्ज सुरजकुमार शाही पक्राउ परेका छन्। प्रहरीले सोमबार उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मुगुले जनाएको छ। यसअघि शनिबार तुल्सामाथि जातीय विभेद गरेको आरोपमा सुरजकी आमा झापु शाही र सोरु गाउँपालिका- ६ का धनप्रसाद भट्ट पक्राउ परेका थिए। उनीहरूलाई अनुसन्धानका लागि अदालतमा सात दिन म्याद थप गरिएको प्रहरी निरीक्षक तथा सूचना अधिकारी प्रकाशसिंह कार्कीले बताए। अनमी तुल्साले आफूमाथि जातीय विभेद भएको भन्दै तीनजनाविरुद्ध प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गराएकी थिइन्।

लागुऔषधसहित तीनजना समातिए

धनगढी/ कैलाली र कञ्चनपुरमा एकै दिन लागुऔषधसहित तीन युवा पक्राउ परेका छन्। प्रहरीले धनगढी उपमहानगरपालिका- ३, मिलनचोकबाट पाँच सय २० मिलिग्राम लागुऔषध खैरो हेरोइनसहित दुईजनालाई पक्राउ गरेको छ। गोदावरी नगरपालिका- २, बस्ने १९ वर्षका आरिक अन्सारी र २२ वर्षका योगेन्द्र जोशीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। दुवैजनाको साथबाट पाँच सय २० मिलिग्राम खैरो हेरोइन बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कुलदीप चन्दले जानकारी दिए। लागुऔषध नियन्त्रण ब्युरो शाखा कञ्चनपुरबाट खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो। त्यस्तै, कञ्चनपुरको बेलौरी नगरपालिका- ६, नकैयाबाट लागुऔषध खैरो हेरोइनसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ।

■ बागमतीमा निजामती कर्मचारी ऐन कार्यान्वयन

प्रदेशसँग पाँच हजार २३ कर्मचारीको स्थायी दरबन्दी संरचना

मकवानपुरमा **पोष्टराज अधिकारी**

गत १८ फागुनमा संसदबाट प्रदेश निजामती कर्मचारी सेवा ऐन २०७९ जारी गरेको बागमती प्रदेश सरकारले निजामती कर्मचारी ऐन कार्यान्वयनलाई तीव्रता दिएको छ। संघीय सरकारले प्रदेशलाई कर्मचारीसम्बन्धी अधिकार प्रत्यायोजन गर्न कानुनी अधिकार नदिएको अवस्थामा बागमती सरकारले भने ऐन जारी गरेसँगै मन्त्रिपरिषद्बाट प्रदेशलाई आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गरी भर्ना प्रक्रिया नै अघि बढाएको छ। यसका लागि प्रदेश सरकारले प्रदेश किताबखाना सञ्चालनमा ल्याएर स्वीकृत दरबन्दीसमेत दर्ता गरी कर्मचारीहरूको सिटरोल तयार पारेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रशासन महाशाखा प्रमुखसचिव निश्चलराज पाण्डेले जानकारी दिए।

उनका अनुसार प्रदेश सरकारले स्वीकृत गरेको दरबन्दीअनुसार समायोजनबाट प्राप्त कर्मचारीको व्यवस्थापन गरी अपुग भएका कर्मचारी नयाँ प्रक्रियाबाट भर्ना गर्ने तयारी गरिएको छ। त्यसका लागि प्रदेश सरकारले प्राविधिक तथा अप्राविधिक कर्मचारीहरू व्यवस्थापनसहित अपुग कर्मचारी भर्ना गर्न प्रदेश लोक सेवा आयोगलाई पत्राचारसमेत गरेको छ।

सचिव पाण्डेले हालसम्म प्रदेश सरकारमातहतका विभिन्न निकायमा गरी एक हजार २३५ दरबन्दी रिक्त अवस्थामा रहेको र एक हजार ५९५ अस्थायी दरबन्दी स्वीकृत गरेर कामकाज गरिरहेको जानकारी दिए। 'प्रदेश सरकारले चालू आर्थिक वर्ष (०८०-८१)का लागि एक हजार ५९५ अस्थायी दरबन्दी स्वीकृत गरेको छ। प्रदेश सरकारको गत साउनमा बसेको मन्त्रिपरिषद् बैठकले रिक्त रहेका पदमा कर्मचारी भर्ना गरी कामकाज गर्न सो दरबन्दी स्वीकृत गरेको हो,' उनले भने।

प्रदेश सरकारमातहत रहेका कार्यालय र मन्त्रालयहरूमा अझै पनि कर्मचारी अभाव हुँदा दुई सयजना कर्मचारी संघीय सरकारले काजमा खटाएको सचिव पाण्डेको भनाइ छ। उनका अनुसार संघीय सरकारबाट प्राप्त र पछि थपिएकासमेत गरी हाल प्रदेश सरकारमातहत रहेका १२ वटा मन्त्रालय, संवैधानिक आयोग तथा बोर्ड र कार्यालयमा सचिव, अधिकृत तथा सहायकस्तरका कर्मचारी गरी कुल चार हजार २६५ दरबन्दी रहेको छ।

प्रदेश सरकारले पदपूर्ति गरेसँगै संघीय सरकारबाट काजमा कर्मचारीलाई संघीय सरकारमातहतका कार्यालयमा फिर्ता पठाउने सचिव पाण्डेले बताए। उनले प्रदेश मन्त्रिपरिषद्को बैठकले प्रदेश सरकारअन्तर्गतका विभिन्न २१ वटा निकायमा पाँच हजार २३ जना स्थायी कर्मचारी रहने गरी संगठन संरचना तथा व्यवस्थापन स्वीकृत गरेको जानकारी दिए।

पाण्डेका अनुसार मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ५२, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको ३८, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयको २०२, वन तथा वातावरण मन्त्रालयको एक हजार १५ दरबन्दी रहने गरी कर्मचारी दरबन्दी संरचना स्वीकृत गरेको छ। खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयको ३४६, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको ५३८, आर्थिक मामिला तथा योजना मन्त्रालयको ४८, श्रम रोजगार तथा यातायात मन्त्रालयको ४०५, सामाजिक विकास मन्त्रालयको १६०, भौतिक पूर्वाधार विकास मन्त्रालयको ३२१, स्वास्थ्य मन्त्रालयको १ हजार ६६० र संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयको ८१ कर्मचारी रहने गरी दरबन्दी संरचना स्वीकृत गरेको सचिव पाण्डेले बताए।

प्रदेश सरकारमातहत रहेका अन्य निकायमध्ये प्रदेश किताबखानाको १४, प्रदेश सुशासन केन्द्रको २०, प्रदेश नीति तथा योजना आयोगको २१, मुख्य न्यायाधिवक्ताको कार्यालयको १२, प्रदेश लोक सेवा आयोगको ४२, प्रदेश सभा सचिवालयको ४१, प्रदेश लेखा नियन्त्रकको कार्यालयको ८५, सहकारी महाशाखा २१, सञ्चार रजिस्ट्रारको कार्यालयको १० कर्मचारीको दरबन्दी स्वीकृत गरेको सचिव पाण्डको भनाइ छ।

मन्त्रिपरिषद् बैठकले स्वास्थ्यतर्फ आवश्यक केही प्राविधिक कर्मचारीहरूको भने अस्थायी दरबन्दी स्वीकृत गरेको छ। स्वास्थ्य सेवातर्फ एक सय ५४ जना कर्मचारीहरूको अस्थायी दरबन्दी स्वीकृत गरेको सचिव पाण्डेले जानकारी दिए। स्वास्थ्यतर्फका एक सय ५४ जना कर्मचारीको अस्थायी दरबन्दीसँगै प्रदेशमा कुल पाँच हजार एक सय १७ जनाको दरबन्दी हुने उनले बताए।

मानिस हराएको सूचना



जिल्ला काठमाडौं, का.म.न.पा.-१०, विजुलिबजार, थापागाउँ घर भई हाल सोही स्थानबाट सुस्त मनस्थिती भएको र बोल्न नसक्ने वर्ष ४५/४६ को ५ फिट अग्लो, मुख टेडो-टेडो भएको, गहुँगोरो वर्णको, खैरो ज्याकेट, कालो टाउजर र मोजा मात्र लगाएको **राम मन्दिल श्रेष्ठ** नाम गरेको मानिस यही मिति २०८०/०९/०९ गते बिहान १०:०० बजेदेखि हराइरहेको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

भेटाउनुहुने महानुभावलाई उचित पुरस्कारको व्यवस्था

सम्पर्क : ९८४१२३०५१४, ९८४१४६२३५८

कुमारी बैंक लिमिटेड शाखा कार्यालय जनकपुर, धनुषाको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/११ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साविक एन.सी.सी बैंक लि.) शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **८ औं दिन अर्थात मिति २०८० पुस १८ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय जनकपुर, धनुषामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:
प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग/घरेलु तथा साना उद्योग कार्यालय जनकपुर, धनुषामा मिति २०७४/०६/०८ मा प्रा.फ.र.नं. १०३२१/३६५/२०७४/०७५ कायम भई दर्ता रहेको धनुषा जिल्ला जनकपुरधाम उ.म.न.पा. वडा नं. ०३ स्थित **न्यू दिपक इम्पेक्स** (प्रोप्राईटर श्याम सुन्दर केडियाको बुहारी, पूर्णमल पंसारीको छोरी, निर्मल प्रसाद केडियाको पत्नी धनुषा जिल्ला जनकपुर उ.म.न.पा. वडा नं. ०३ बस्ने **निलम केडिया**, ना.प्र.नं. १७११०२/११३ जारी मिति २०६४/०२/२७ जिल्ला प्रशासन कार्यालय, धनुषा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. श्याम सुन्दर केडियाको बुहारी, पूर्णमल पंसारीको छोरी, निर्मल प्रसाद केडियाको पत्नी धनुषा जिल्ला जनकपुर उ.म.न.पा वडा नं. ०३ बस्ने **निलम केडिया** (ना.प्र.नं. १७११०२/११३ जारी मिति २०६४/०२/२७, जिल्ला प्रशासन कार्यालय, धनुषा)।
२. श्याम सुन्दर केडियाको नाति, निर्मल प्रसद केडियाको छोरा धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ०३ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ०३ बस्ने **सौरव कुमार केडिया** (ना.प्र.नं. १७११०२/७२१६४३ जारी मिति २०६४/०२/२८, जिल्ला प्रशासन कार्यालय, धनुषा)।

धितो सुरक्षणको विवरण:
१. **निलम केडिया**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर उ.म.न.पा वडा नं. २ स्थित कित्ता नं. ३५४ को क्षेत्रफल ०-०-१०-१ (बि-क-धु-क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन अर्थात **२०८० पुस १७ गते** भित्र बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जनकपुर, धनुषाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/ जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) दिन अर्थात **२०८० पुस १८ गते** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय जनकपुर, धनुषामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० पुस १८ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय जनकपुर, धनुषा फोन नं. ०४१-५९०१३६

नेपालको 'जेड पुस्ता' र विश्वविद्यालयको अवस्था

नेपालको शैक्षिक विकासको चरण र नेपालका विश्वविद्यालयको विकासक्रमलाई हेर्दा 'जेड पुस्ता' सन्तुष्ट हुन सक्ने ठाउँ भेटिन्न



● भीम रेग्मी

अग्रलेख

परिचय पुस्तान्तरणको समयलाई पश्चिमाहरूले सन् १९०१ देखि २०१२ सम्मलाई विभिन्न चरणमा फरक-फरक शैलीका पाँच पुस्ता मान्छन्। १९९७ देखि २०१२ को अवधिमा सामाजिक सञ्जालको विकाससँग जन्मेको र हुर्केको पुस्तालाई जेड पुस्ता (जेनेरेसन जेड) भनेर चिनिन्छ। जेड पुस्ताले हाल विश्वको जनसंख्याको २५ प्रतिशत र बजारमा सात ट्रिलियन अमेरिकी डलरबराबरको सामान खरिदमा प्रतिनिधित्व गर्ने तथ्यांकले देखाएको छ। संसारमा हाल विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीको संख्यामा यही उमेरको पुस्ता नै धेरै छ।

विश्वमा २०२५ सम्मको मानिसको कार्यशक्तिलाई हेर्दा यो समूहमा २७ प्रतिशत श्रमशक्ति समावेश हुन्छ। यो पुस्ता निकै समानुभूतिशील, सनकी, आत्मसुरक्षात्मक र आफ्नो समयभन्दा निकै परसम्म हेर्न र बुझ्न रुचाउने समूहमा पर्छ। लैंगिक रूपमा सहयोगी, सौन्दर्य मापदण्डमा रुचि राख्ने, भेदभावविरुद्धको लडाइँमा समर्थन गर्ने र देश वा कुनै पनि संस्थाका नीति, प्रक्रिया र लाभमा जोडिएर आफ्ना आवश्यकता पूरा गर्न तयार हुनु यस पुस्ताको विशेषता हो।

आजको जेड पुस्ता 'सहस्राब्दी पुस्ता' (१९८१ देखि १९९६ मा जन्मेको पुस्ता) भन्दा प्रविधिमा निपूण र सहज छ। जेड पुस्तामध्ये धेरैजसो कम्प्युटर, ल्यापटप, सेलफोन, इन्टरनेट र सामाजिक सञ्जालसाथ हुर्केका छन्। यो पुस्ता पछिल्लो चरणमा कोभिड महामारीदेखि विश्वको आर्थिक संकटबारे समेत सचेत छ। पैसा बचत गर्न ध्यान दिने र पैसाले सबै कुरा बन्छ भन्ने मनस्थितिमा हुर्केको यो पुस्ता धेरै अपरिचित खतरा वा अनिश्चितताको भावनासँग पनि परिचित छ। त्यसैले उनीहरू आफ्नो र सार्वजनिक सुरक्षाबारे निकै चिन्तित छन्। खण्डित परिवार र सामाजिक सम्बन्ध टुटेको यो समूहसँग बलियो पारिवारिक संरचना भने छैन।

यो पुस्ता राष्ट्रियताको कुरा गरेर साँघुरिनुभन्दा आफूलाई विश्वव्यापी नागरिक ठान्छ। उद्यमी भावनाको विकास भित्रैदेखि पलाएका कारण यिनीहरू विचारमा खुला छन्। र, विश्वको बिग्रिँदो पर्यावरणबारे उनीहरूमा गहिरो चिन्ता र चासो छ। १९९७ मा जन्मेको यो पुस्ता अहिले २६ वर्षको भएको छ। पछि यिनको सोचमा आउने विकासबारे सबै निष्कर्ष अहिल्यै निकाल्न भने गाह्रो छ। अर्थव्यवस्था, वातावरण र विश्वको अवस्थाका कारण अस्थिरता र असुरक्षाको भावना बढ्न पनि सक्छ। विचारमा स्वतन्त्र र संसारभरका मानिसलाई साथी बनाएर आफू बसेको विश्वलाई मार्सल म्याक्लुहानले १९६२ मा नयाँ प्रविधिमाथिको अन्तरनिर्भरताले विश्व एउटा गाउँ बनेको भन्ने कुरामा यी सहमत छन्। तसर्थ, मिडिया प्रविधिको प्रयोगबाट विश्वभरका मानिसलाई एक सूत्रमा जोड्ने अभियानमा पश्चिमको जेड पुस्ता तल्लीन छ।

जेड पुस्ता र नेपालको उच्च शिक्षा : नेपालमा २०१६ सालमा त्रिभुवन विश्वविद्यालय स्थापना हुँदा नेपालको सर्वांगीण विकासका लागि दक्ष जनशक्ति तयार पार्ने, स्तरयुक्त उच्च शिक्षा दिलाउने, विविध पक्षमा अनुसन्धान गर्नेजस्ता उद्देश्य लिइएका थिए। २००७ सालको प्रजातन्त्रका लागि लड्ने पुस्ता वैश्विक रूपमा हेर्दा परिवार उछालको पुस्ता थियो र उक्त पुस्ताको राजनीतिमा प्रभाव रहेको समयमा त्रिभुवन विश्वविद्यालय स्थापना भएको हो। तर, त्रिविदेखि नेपालमा रहेका अन्य विश्वविद्यालयमा अहिले यही जेड पुस्ता नै सक्रिय विद्यार्थीका रूपमा कक्षाकोठामा छ। नेपालको शैक्षिक विकासको चरण र नेपालका विश्वविद्यालयको विकासक्रमलाई हेर्दा जेड पुस्ता सन्तुष्ट हुन सक्दैन। नेपालको आजको सामाजिक, सांस्कृतिक, आर्थिक र प्राविधिक विकाससित यो पुस्ता शारीरिक र मानसिक रूपमा सन्तुष्ट नभएकै कारण आफूलाई कमजोर र निराश ठान्छ। प्रविधिमा निकै रुचि राख्ने, कुनै पनि समस्याबारे कसैसित सम्झौता नगर्ने र तोकिएको समयमा काम सम्पन्न गर्न रुचाउने यो पुस्ता नेपालको उच्च शिक्षाबारे निकै सशंकित छ। समयमा विद्यार्थी भर्ना नहुने, कक्षा नियमित सञ्चालन नहुने, क्यालेन्डरअनुसार परीक्षा सञ्चालन नहुने र समयमै नतिजा प्रकाशित नहुनेजस्ता कारणले उनीहरूमा नेपालको उच्च शिक्षाबारे नैराश्य बढेको छ।

यो उमेर समूहका युवाले मानिसको दैनिक व्यवहारलाई केन्द्रमा राख्छन्। उनीहरूले कक्षाकोठादेखि प्रविधि प्रयोगमा शिक्षकबाट बढी अपेक्षा राख्छन्। तर, शिक्षकको सिकाउने पुरानो शैलीका कारण उनीहरूमा सिक्ने प्रतिबद्धता घट्दै गएको छ। प्रविधिमा पहुँच नहुने आर्थिक रूपले कमजोर विद्यार्थीले अरू सहपाठीभन्दा आफूलाई कमजोर पाएका छन्। सरकारले सामाजिक दायित्वअन्तर्गत आर्थिक रूपले कमजोर र दुर्गममा जन्मेका जेड पुस्ताका विद्यार्थीको उच्च शिक्षामा पहुँच बढाउनुपर्छ। र, नेपालका विश्वविद्यालयमा अब आउने पदाधिकारीले अनुसन्धानले देखाएका परिणामका आधारमा निश्चित प्रक्रिया अघि सारेर जेड पुस्ताको मनोभावनालाई पूरा गरेमा मात्र नेपालको उच्च शिक्षाले फड्को मार्न सक्छ। उल्लिखित संकथनलाई केन्द्रमा राख्दा वर्तमान समयमा नेपालको उच्च शिक्षामा देखिएका चुनौती समाधान हुन नसकेका कारण नै बाह्र कक्षा पास भएका विद्यार्थी नेपालमा बस्न चाहँदैनन्। नेपालका विश्वविद्यालयमा भर्ना नखुल्दै विदेशी सम्बन्धन प्राप्त कलेजमा विद्यार्थी भर्ना हुने संख्या ह्वात्तै बढेको छ। ०६२-६३ पछि नेपालमा धेरै विदेशी विश्वविद्यालयले पढाइ थालेका छन्। नेपालमा आबद्ध भएको जनाउँदै सञ्चालनमा आएका कलेजले विद्यार्थीको भविष्य र देशको शैक्षिक प्रणालीमाथि प्रश्न उठाएका छन्। नेपालमा यस्ता विदेशी कलेजले कक्षा १२ को नतिजा आउनुअगाडि नै विद्यार्थी भर्ना गरेका कारण नेपालका त्रिविलगायत अन्य विश्वविद्यालयलाई विद्यार्थीको अभाव भएको छ। तसर्थ, नेपालको शिक्षा क्षेत्रका छिरलिएका मुद्दालाई प्राविधिक र सामाजिक चुनौती मानेर नयाँ प्राज्ञिक प्रक्रियाको दृष्टिकोणबाट छलफलसहित उचित निकास निकाल्नु आवश्यक छ।

> विश्वविद्यालयमा अब आउने पदाधिकारीले अनुसन्धानले देखाएका परिणामका आधारमा निश्चित प्रक्रिया अघि सारेर 'जेड पुस्ता'को मनोभावनालाई पूरा गरेमा मात्र नेपालको उच्च शिक्षाले फड्को मार्न सक्छ

अध्ययनले देखाएअनुसार जेड पुस्ताका विद्यार्थीको विचारमा शैक्षिक प्रक्रियाको दक्षताका लागि सबैभन्दा महत्त्वपूर्ण पाटो भनेको अनुसन्धानको निष्कर्षअनुसार आफूलाई बदल्नु हो। उनीहरूले प्राप्त परिणामका आधारमा नयाँ, आकर्षक करिअरका लागि शिक्षालय सल्लाहकार बनेको देख्न चाहन्छन्। तथ्यले देखाएअनुसार उनीहरू अविश्वसनीय रूपमा लचिलो तर शिक्षाको कुरा आउँदा आफ्नै मार्ग तयार पार्ने इच्छाशक्तिमा दृढ छन्। यस कथ्यबाट बुझिने भनेको उनीहरूसँग सीपमा-आधारित प्रशिक्षण र आजीवन शिक्षाको आवश्यकताबारे गहिरो सम्बन्ध होस् र यस्तो शिक्षाले भविष्यको बाटो तयार बनाओस् भन्ने चाहन्छन्।

०७८ को जनसंख्याको आँकडाअनुसार नेपालमा यो पुस्ताको संख्या ३१.७ प्रतिशत छ। विश्वमा हेर्दा यो पुस्ताको ५४ प्रतिशत युवाले प्रत्येक दिन चार घन्टा सामाजिक सञ्जालमा समय बिताउँछन्। ३० प्रतिशत युवाले त्योभन्दा बढी समय फेसबुक, इन्स्टाग्राम, ट्विटर, टिकटक आदिमा बिताउँछन्। प्रत्येक आठ सेकेन्डमा आफूले सोचेजस्तो भएन भने ध्यान केन्द्रित गर्न नसक्ने सनकी स्वभाव उनीहरूमा छ। कुनै पनि विषयमा झुटलाई पचाउन नसक्ने र लामो समयसम्म पर्खेर एउटै शैक्षिक तहमा पढ्न नरुचाउने यो समूहले पढाइका साथसाथै कमाइमा पनि ध्यान दिन्छ। लामो र पट्यारिलो शैक्षिक सत्र थिनलाई मन पर्दैन।

०६२-६३ को परिवर्तन र जेड पुस्ता : वैश्विक रूपमा नेपालको जेड पुस्ता माओवादीले १९९६ मा सशस्त्र युद्ध सुरु गरेको एक वर्षपछि जन्मेको हो। १० वर्षे युद्धलाई सुनेको, पढेको र पारिवारिक रूपमा भोगेको यो पुस्ता २००६-०७ को शान्ति प्रक्रियापछि नेपालीमा उर्लिएको आकांक्षासँगसँगै हुर्क्यो। ०७२ को भूकम्पको त्रासदी, संविधान घोषणाको समयको नाकाबन्दी र कोभिडको त्रासबारे यो पुस्ता जानकार छ। ०२० पछि कोभिडसँगै नेपालको जेड पुस्ताले औंलाको टुप्पामा प्रविधिलाई राखेको छ। उनीहरू आफूलाई डिजिटल युगको मूल निवासी ठान्छन्। आफ्नो अनौठा अनुभव र अध्ययनका कारण विश्वदेखि नेपालमा बिग्रेको अर्थ-राजनीतिका कारण आफ्नो जीवनका अपेक्षा कमजोर बनेको सोच्छन्। उनीहरूका प्राथमिक अपेक्षामध्ये पढाइ र कार्यस्थलको वातावरण मैत्रीपूर्ण र लचिलो हुनुपर्छ।

जेड पुस्ता डिजिटल युगमा हुर्किसकेको छ। उनीहरूसँग प्रविधिसँग सहज र प्राकृतिक सम्बन्ध छ। विश्वमा सबैभन्दा विविधता अपनाएको पुस्ता पनि यही हो। उनीहरूले कक्षाकोठामा समावेशिता र विविधतालाई महत्त्व दिन्छन्। यो पुस्ताले परम्परागत मापदण्डलाई चुनौती दिन्छ। उनीहरूले आफ्नो व्यावसायिक र व्यक्तिगत जीवनमा सन्तुलन राख्न खोज्ने हुँदा राजनीतिमा पनि यस्तै हेर्न चाहन्छन्। सन् १९९६ अघिको भन्दा यो पुस्ता सिर्जनशील, महत्त्वाकांक्षी, व्यावसायिक र आफ्नो उद्देश्यतिर निर्देशित देखिन्छ। आजको २१औं शताब्दीमा यो पुस्ताका विद्यार्थीका लागि शीर्ष प्राथमिकतामा क्यालेन्डरमा चल्ने शैक्षिक संस्था र तिनको जीवनका आवश्यकता पूरा गर्न सक्ने विश्वविद्यालय बनाउनुपर्ने देखिन्छ।

यो पुस्ता आफ्नो सफलता सिर्जना गराउने किसिमको उच्च शिक्षा चाहन्छ। नेपालका विश्वविद्यालयले तिनलाई सीप विकास गर्न प्रविधि र अनुसन्धानको पाटोसित जोडेर पढाउनु आवश्यक छ। यसैलाई नै यस पुस्ताले ठूलो अवसर मान्छ। उनीहरूलाई शिक्षकले सह-शिक्षाकर्ताका रूपमा व्यवहार गरेर शैक्षिक प्रमाणपत्रलाई विश्वविद्यालयले पुँजीकरण गरिदिनु आवश्यक छ। उनीहरू असल शिक्षकसित जीवनको पाइलटभन्दा पनि पहिला सहचालक बन्न खोज्छन्। तसर्थ, उनीहरूका लागि सहभागितामूलक शिक्षणविधि मुख्य हो। यो पुस्ताले शिक्षामार्फत आफूलाई स्क्रिन एडिक्ट नबनाई शिक्षाले ब्रान्ड प्रबन्धक बनाएको हेर्न चाहन्छ।

निष्कर्ष : विद्यार्थी जीवनचक्रलाई सीप निर्माणको अवसरका रूपमा बदलेर उनीहरूको भविष्यको बाटो भेटाउन सहयोग गर्ने शिक्षा यस पुस्ताको आवश्यकता हो। यो समूह शिक्षालाई पैसाको अर्थोपार्जनसित जोड्न चाहन्छ। यो समूहका विद्यार्थी आर्थिक क्षमताका लागि शिक्षित हुन र आफूलाई तयार पार्ने अवसर खोज्न उच्च शिक्षाका केन्द्र धाइरहेका हुन्छन्। उनीहरूको मुख्य सोच भनेको आफ्नो सोचअनुसारको क्याम्पस वा विश्वविद्यालय होस् भन्ने हो। आफ्नो अपेक्षाअनुसार उच्च शिक्षा पूरा हुन्छ भन्ने बुझाइसाथ पढाइका लागि भर्ना हुन्छन्। यदि आफ्नो सोचलाई हाम्रा शिक्षा केन्द्रले बाटो नदेखाएमा बीचैमा कक्षा छोड्ने र निराश बन्ने यो समूहको मनोभावना बुझेर हामीले हाम्रा विश्वविद्यालयलाई बदल्नैपर्छ। यदि तिनले सीप र कामकेन्द्रित शिक्षा पाएनन् भने शारीरिक र मानसिक रूपले निकै कमजोर र निराश बन्छन्। शिक्षा क्षेत्रमा हुने झुटा आश्वासन तिनलाई मन पर्दैन। अब हाम्रो साझा लक्ष्य भनेको हामी बदलिन्छौं र नेपाललाई बदल्छौं भन्ने हुनैपर्छ। र, नेपालको उच्च शिक्षामा हुर्केका गलत कथ्य र सूचनालाई हटाएर तालिकाअनुसारको पढाइ र परीक्षाको सामयिक नतिजाले मात्र अबका विद्यार्थीको आत्मबल बढाउँछ भन्ने नेपालका विश्वविद्यालयले बुझ्न ढिलो गर्नुहुँदैन।

(रेग्मी त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनरत छन्)
bhimnathregmi@gmail.com

३ प्रश्न



राष्ट्रिय स्वतन्त्र पार्टीकी सचेतक **निशा डाँगी**लाई

रास्वपाले सुरु गरेको 'दबाब यात्रा'को उद्देश्य के हो ?

नारायणगढ-बुटवल खण्डमा लामो समयदेखि सडकको स्तरोन्नति हुन सकेको छैन। यहाँका जनता पटकपटक सम्बन्धित निकायमा हारगुहार गर्दै पुगिसके तैपनि सडक बनेको छैन। त्यसैले, सडक द्रुत गतिमा बनोस् भनेर हामीले सोमबारदेखि तीनदिने दबाब यात्रा सुरु गरेका हौं। नारायणगढदेखि बुटवलसम्म ११३ किलोमिटर सडक खण्डभित्र पैदल हिँडिरहेका छौं। राति जहाँ पुग्छौं, त्यहीं बास बस्छौं। बिहान सबैरै उठेर ब्रेकफास्टपछि पुनः यात्रामा हिँड्छौं।

यात्राका क्रममा सडकको वास्तविक अवस्था कस्तो पाउनुभयो त ?

यस क्षेत्रको राजमार्ग साह्रै धुलाम्मे छ। धुलोले अनुहार पनि नचिनिने बनाउने रहेछ। केही ठाउँमा सडक बन्दै छ। तर, जति राम्रोसँग बन्नुपर्ने हो, त्यो देखिएन। जति आवश्यक हुन्, त्यति कर्मचारी पनि खटाइएका छैनन्। केही ठाउँमा त सडकछेउका घर पनि धुलाम्ये देखिन्छन्। स्थानीय बासिन्दा यति प्रताडित रहेछन् कि हामीलाई भेट्न घरअगाडि घन्टौं उभिएर पर्खिरहेको पाइयो। सबैसँग बोल्न नभ्याए पनि नमस्कार गर्दै हिँडिरहेका छौं।

यात्रापछि त्यहाँको काम छिटो सम्पन्न गराउन थप के गर्नुहुन्छ ?

यात्रा सकिएपछि हामी सम्बन्धित निकायसँग छलफल गर्छौं। सडक कहिलेसम्म बन्छ भनेर प्रश्न गर्छौं र छिटो सम्पन्न गराउन थप दबाब दिन्छौं। हामी यहाँ बाटामा हिँड्दै गर्दा प्रधानमन्त्रीको सम्बोधन सुनियो। उहाँले नारायणगढ-बुटवल सडकखण्डको काम छिटो सम्पन्न गर्न 'डबल सिफ्ट'मा काम गर्न निर्देशन दिनुभएको सुनियो। अब पक्कै छिटो होला भन्ने आशा गरौं।

प्रेरक प्रसंग

साधु बन्नु ठीक कि गृहस्थ ?

शिक्षा समाप्तिपश्चात् एक व्यक्ति सन्त कविरलाई भेट्न उनको आश्रममा पुगे। सन्तसितको भेटघाटपछि उनले प्रश्न गरे- मेरो मनमा दुइटा प्रश्न आइरहेको छ- शिक्षा समाप्त भयो, अब बिहे गरूँ कि सन्न्यास धारण गरूँ ? कृपया, मलाई सही मार्ग देखाउनुहोस्।

सन्त कविरले भने- दुवै काम ठीक छन्। जे गर्ने हो, त्यो उच्चकोटिको होस्। आगन्तुकले प्रश्न गरे- कसरी हुन सक्छ त त्यस्तो उच्चकोटिको ?

कविरले भने- केही दिनमा सोचेर जवाफ दिनेछु। ती व्यक्ति हरेक दिन कविर आश्रम धाउन थाले। एक दिन दिउँसोका १२ बजेतिर कविर खुला र उज्यालो स्थानमा बसेर चर्खामा धागो कातिरहेका थिए। उनले पत्नीलाई टुकी बालेर ल्याउन आदेश दिए। पत्नीले कुनै प्रश्न नगरी तत्कालै बल्दो टुकी उनको नजिकै राखेर गइन्। टुकी बलिरहयो, कविर धागो कातिरहे। साँझतिर कविरले ती व्यक्तिलाई एउटा पहाडमा लिएर गए। पहाडको निकै उचाइको कुटीमा एक वृद्ध साधु बस्थे। कविरले तलैबाट ठूलो स्वरमा ती साधुलाई बोलाए। वृद्ध र बिरामी साधु मुस्किलले तल झरे। कविरले प्रश्न गरे- साधु महाराज, तपाईंको आयु कति भयो ? साधुले जवाफ दिए- असी वर्ष। यति जवाफ दिएर साधु मुस्किलले उकालो चढे र कुटीमा पुगे। कविरले फेरि उनलाई तल बोलाए। साधु फेरि तल आए। कविरले प्रश्न गरे- तपाईं कहिलेदेखि यहाँ बस्दै हुनुहुन्छ ? साधुले जवाफ दिए- ४० वर्षदेखि। फेरि ती साधु मुस्किलले माथि चढे र कुटीमा पुगे। कविरले फेरि उनलाई तल बोलाए। साधु फेरि तल झरे। कविरले प्रश्न गरे- महाराज, तपाईंका दाँत झरिसके कि बाँकी नै छन् ? साधुले जवाफ दिए- आधा झरिसके। साधु फेरि उस्तै शान्त भावमा उकालो चढे र कुटीमा पुगे। उनमा कुनै तनाव या आक्रोश थिएन।

फर्किने समयमा कविरले ती व्यक्तिसित भने- तिमी गृहस्थ बन्न चाहन्छौ भने त्यस्तो जीवनसाथी चयन गर, जसले विनाप्रश्न तिमीमाथि भरोसा गरोस्, कुनै तर्क या वितर्क नगरोस्। अनि, साधु बन्न चाहन्छौ भने यस्तै साधु बन, जसले कुनै क्रोध, शोक या अप्ठ्यारोमा पनि सहज जीवन बाँच्न सकोस्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मूल्यवृद्धि होइन, समायोजन

गत आइतबारदेखि नयाँ पत्रिकाले मूल्य बढाएर १० रुपैयाँ पुऱ्याइएको रहेछ। यसलाई मूल्यवृद्धि भन्नुभन्दा पनि समायोजन भन्दा उचित होला। किनकि, लामो समयदेखि अन्य दैनिक पत्रिकाको मूल्य १० रुपैयाँ नै थियो। तर, नयाँ पत्रिकाको भने पाँच रुपैयाँ नै थियो। देशका ठूला भनिएका पत्रिकासमेत ८ पृष्ठमा झरेको वेला नयाँ पत्रिकाल पाँच रुपयाँमै कहिले १२ त कहिले ८ पेज नै प्रकाशित गर्दै आएको थियो। अब पत्रिकाको मूल्य १० रुपैयाँ भएपछि भने नियमित पेज १२ नै प्रकाशन होओस् भन्ने चाहन्छु। ट्याब्लोइड हुँदादेखि अहिलेसम्म नियमित पाठक भएको नाताले नयाँ पत्रिका अन्य ब्रोडसिटझैं ८ पेजमा झरेमा पाठकमाथि अन्याय हुनेछ। नयाँ पत्रिकाले नेपाली छापामा पटक-पटक नयाँ प्रयोग गर्दै आएको छ। अब सायद फेरि एकपटक मूल्य समायोजनसँगै पत्रिकाको लेआउट परिवर्तन गर्ने वेला आएको छ।

● **सुरज हजारे दाहाल**, पोखरा
surajhazaredahal@gmail.com

महिलामाथिको अत्याचार

घरको पिँढीमा रहेको खाँबोमा बाँधेर महिलालाई तीन दिनसम्म निर्घात कुटपिट गरेको समाचार पढ्दा दुःख लाग्यो। कुनै मान्छेले आफूजस्तै अर्को मान्छेलाई यसरी निर्मम यातना कसरी दिन सक्छ ? कसैले ऋण लगेको छ र तिर्न सकेको छैन या तिर्न आलटाल गरिरहेको छ भने त्यसका लागि कानुनी प्रक्रियामा जान पनि सकिन्छ। ऋण उठाउने अनेक बाटा हुन सक्छन्। कानुनी बाटो अपनाउन पनि सकिन्छ। यसरी सीधै अमानवीय यातनामा उत्रिनु गम्भीर अपराध हो।

● **सुमित्रा विक**
सतुंगल, काठमाडौं

कैलालीको पुल र विकासको हुर्मत

अलि पहिले चीनको एउटा पुल बन्दै गरेको भिडियो हेर्न पाइएको थियो। त्यसमा जमिनको सतहमा पिलरहरू बनिसकेपछि केही घन्टाको समयमा निकै लामो पुल तयार गरिएको देखाइएको थियो। केही घन्टा, केही दिन, हप्ता वा महिनाको कुरा होइन, हामीकहाँ चाहिँ जम्मा ७० मिटर लम्बाइको पुल सात वर्षसम्ममा पनि नबनेको समाचार पढ्दा मनै अमिलो भयो। के यो हाम्रो देशको विकासको हुर्मत लिइएको होइन र ? किन यसरी अलपत्र हुन्छन्, हाम्रा अधिकांश विकास निर्माण आयोजनाहरू ?

● **सरोज गुरुङ**
सहिदचोक, पोखरा

अर्थमन्त्री किन चुप ?

मेडिकल व्यवसायी दुर्गा प्रसाईंले साना ऋणीले बैंकको ऋण तिर्नुपर्दैन भन्दा खाएपछि नतिरेर सुख पाइन्छ भन्ने अर्थमन्त्री ठूला उद्योगीले उपभोग गरेको अर्बौंको विद्युत् महसुल तिर्दैनौं भन्दा पनि नसुनेझैं चुप छन्। त्यस्तै, उनी एनसेल प्रकरणमा पनि चुप छन्। के त्यो अर्बौं रकम राज्यको ढुकुटीमा जम्मा हुने पैसा होइन र ? यहाँ कुरा स्पष्ट छ, कुलमान घिसिङको स्वाभिमानकै कारण यो विद्युत् महसुल प्रकरण बाहिर आएको हो।

अब व्यापारी उद्योगीले स्पष्ट भन्नुपर्‍यो, हामी नेपाल सरकारलाई नेपालको कानुनअनुसार के-के तिर्नुपर्छ तिर्छौं तर पार्टी र नेताहरूलाई भने एक रुपैयाँ पनि चन्दा दिँदैनौं र बदलामा कुनै छुट या सहुलियत पनि माग्दैनौं। कुनै पनि देश विकसित हुनुमा सबैभन्दा ठूलो योगदान व्यापारी र उद्योगीकै हुन्छ, जहाँ उनीहरूले तिरेको करको सही सदुपयोग हुन्छ, त्यो देश पछाडि पर्ने सम्भावना अत्यन्तै न्यून हुन्छ। हाम्रा व्यापारी उद्योगीलाई यो हेक्का होस्, राज्यको ढुकुटीमा जम्मा हुनुपर्ने कर नेता कार्यकर्ताको खल्तीमा जान्छ भने त्यो देश आर्थिक संकटमा फस्दै छ। जुन देश आर्थिक संकटमा फस्छ, त्यहाँ लुटपाट, अराजकता र आतंकबाहेक केही हुन सक्दैन, यस्तो अवस्थामा व्यापार उद्योग कसरी चल्न सक्छ ?

● **मान तामाङ**, काठमाडौं

भाजपाका वृद्ध नेताको अपमान र आजको साम्प्रदायिकता

अहिले मानिसका घरेलु ह्वाट्सएप समूहमा चर्चा हुने साम्प्रदायिक विषाक्तताको जरो लालकृष्ण अडवाणीको २५ वर्ष पुरानो धर्मान्ध रथयात्रामा भेटिन्छ



देश/विदेश

● सिद्धार्थ भाटिया


राम मन्दिर कोषले भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेताद्वय लालकृष्ण अडवाणी र मुरलीमनोहर जोशीलाई २२ जनवरीमा श्रीराम जन्मभूमि मन्दिर उद्घाटनमा सरिक नहुन 'आग्रह' गरेको छ। कोषका अधिकारी घरका 'ज्येष्ठ' सदस्य भएकाले तिनको उमेर एवं स्वास्थ्यलाई मध्यनजर गर्दै उद्घाटनमा नआउन सुझाव दिइएको बताउँछन्। अडवाणी ९६ वर्षका छन् भने जोशीले अर्को महिना ९० वर्षमा टेक्नेछन्। तर, स्वास्थ्य एवं उमेर मामिला विश्व हिन्दू परिषद् (विएचपी) का लागि चासोको विषय बनेन। उसले भने नेताद्वयलाई निम्तो दिएको छ। यस्तो अवस्थामा उद्घाटनमा सरिक हुने वा नहुने निर्णय नेताद्वयकै हातमा छ। के नेताद्वय उद्घाटनमा सरिक होलान् ?

वास्तवमा यी दुई नेता विशेषतः अडवाणीको शक्ति क्षीण भएको छ। अडवाणी तिनै व्यक्ति हुन्, जसले राम जन्मभूमि आन्दोलन चलाएका थिए र उनको नेतृत्वको सन् १९९० को यात्राले आउँदो जनवरीमा हुने श्रीराम जन्मभूमि मन्दिरको उद्घाटन सम्भव भएको हो। उनले त्यसवेला टोयोटा गाडीलाई रथ बनाएर अभियान चलाई चार सय वर्ष पुरानो मस्जिद भत्काउनमा योगदान पुऱ्याएका थिए। सो रथयात्राले भड्काएको हिंसामा कैयौं मानिस मूलतः मुसलमान प्रभावित भएका थिए। डिसेम्बर १९९२ मा मस्जिदलाई ध्वस्त पारिँदा मुरलीमनोहर जोशीले उमा भारतीसँग अँगालो हालेको तस्बिर निकै चर्चित भएको थियो। मस्जिद ढलेपछि मुसलमानविरोधी हिंसा मूलतः मुम्बईमा निकै चर्किएको थियो। यसको राजनीतिक प्रतिफल पनि सतहमा देखिन थाल्यो अर्थात् सन् १९९५ मा महाराष्ट्रमा शिव सेना-भाजपा सरकार बन्यो। लगत्तै सन् १९९६ मा अटल विहारी बाजपेयीको नेतृत्वमा केन्द्रमा भाजपाको गठबन्धन सरकार बन्यो। सन् २००४ सम्म बाजपेयी सत्तामा रहे। १० वर्षपछि नरेन्द्र मोदी सत्तामा पुगे र यसैवेला सर्वोच्च अदालतले मस्जिद भत्काउने उद्दण्ड भिडलाई कानुनी वैधता दिँदै मन्दिर निर्माणको बाटो खोलिदियो।

यी घटनाक्रमलाई हेर्दा राम मन्दिर निर्माणको श्रेय अडवाणीलाई जान्छ, जुन श्रेय प्रधानमन्त्री नरेन्द्र मोदीले लिन खोजिरहेका छन्। वास्तवमा मोदीको उदयको श्रेय पनि अडवाणीलाई नै जान्छ। तसर्थ, मन्दिर उद्घाटनमा नबोलाउँदा अडवाणीलाई पक्कै पनि पीडा हुन्छ होला। सन् २००२ को गुजरातको मुसलमानविरोधी हिंसामा मोदीलाई समर्थन गरेका अडवाणी मोदी प्रधानमन्त्री भएपछि भाजपामा उपेक्षित भए। पार्टीमा अप्रासंगिक 'मार्गदर्शक मण्डल' बनाइयो, जसमा अडवाणी र उनका उमेर समूहका नेतालाई राखियो र अन्ततः सार्वजनिक वृत्तिबाट यी नेता ओझेल भए। यो उपेक्षाले एक पुस्तालाई वृद्ध नेताको भूमिकाबारे अनभिज्ञ बनाएको छ।

अडवाणी र जोशीजस्ता भाजपाका वृद्ध नेताप्रति भएको स्पष्ट अनादरबीच केही प्रश्न भने उठ्छन्, के हामीले भाजपाको आफ्ना वृद्ध नेताप्रतिको व्यवहारबाट निराश हुनुपर्ने हो ? के नेताद्वयलाई आफ्नो कडा परिश्रमको नतिजा हेर्न आमन्त्रित गर्नु हुन्नथ्यो ? वा पार्टीलाई नेताद्वयको उमेर र स्वास्थ्यबारे साँच्चै चिन्ता लागेको हो ?

पत्रकारमाझ अडवाणी र भाजपाका अन्य वृद्ध नेता आफ्नो शिष्टाचारका लागि परिचित छन्, तर यसका बाबजुद पनि यी वृद्ध नेताप्रति सहानुभूति राख्न सकिँदैन। विभाजनकारी रथयात्रा र यसपछिको सम्झना अझै जीवन्त छन्। रथयात्राले समाजको सबैभन्दा



तस्बिर : सञ्जय शर्मा/इन्डियाफिक्स नेटवर्क

अँध्यारो पक्षलाई उजागर गर्दै भारतको धर्मनिरपेक्षताको मूल्य-मान्यतालाई गम्भीर रूपमा क्षति पुऱ्याएको थियो। यी वृद्ध नेताका वेलामा सुरु भएको रथयात्रा र मस्जिदभञ्जन साम्प्रदायिक उदयको कारण बन्यो। यो विष सहरका गल्लीमा हिंसाका रूपमा मात्रै देखा परेन, बरु यो पढेलेखेका सहरिया हिन्दू युवामाझ पनि देखिन थाल्यो। सहरी हिन्दू भद्रभलादमीका शिष्ट भनिएका बैठकमा भारतलाई 'आफ्नो मुलुक' बनाउनुपर्छ भन्ने दाबीबारे छलफल हुन थाल्यो। अल्पसंख्यकविरोधी भावना खुलमखुल्ला व्यक्त हुन थाल्यो। अहिले मानिसका घरेलु ह्वाट्सएप समूहमा चर्चा हुने साम्प्रदायिक विषाक्तताको जरो आजभन्दा २५ वर्षपहिलेको समयमा भेटिन्छ, जब अडवाणीको धर्मान्ध रथयात्रा चलिरहेको थियो।

आजका दिनमा हामी जे भएका छौं र जताउन्मुख भएका छौं, त्यसले यी वृद्ध नेतामा सादगीपन देखाउन सक्छ वा तिनका दिनलाई निर्दोष देखाउन सक्छ। तर, यो गलत बुझाइ हो। रथयात्रा पनि सत्ताकै लागि गरिएको थियो र यो केही हदसम्म सफल पनि भयो। उसो त वाजपेयीको गठबन्धन सरकारका वेला नै शिक्षा, इतिहास र संस्कृतिमा हेरफेर ल्याउने प्रयास नभएको होइन, तर यी प्रयासमा गठबन्धन साझेदारको अंकुश लागेको थियो। त्यसवेला राज्यसंयन्त्र र अन्य संस्था पनि गलिसकेका थिएनन्। पत्रकारिता बदनाम थिएन। न्यायपालिका बलियो थियो र संसद्मा प्रश्न उठ्थ्यो। र, भारतका आमजनताले वाजपेयी सरकारको 'इन्डिया साइनिङ'को ठूला दाबी स्विकारेनन् र सन् २००४ मा भाजपालाई पराजित गरे। आज न कुनै राहत छ, न कुनै नियमन वा सन्तुलन छ। अधिकांश मिडियाले 'त्वं शरणम्' गर्न थालिसके। अदालत थला परिसकेको छ। विपक्षी दल एकत्रित देखिँदैनन्। सबैभन्दा डरलाग्दो के छ भने आमभारतीय आफ्ना हितविरुद्ध गए पनि सरकार र नरेन्द्र मोदीको भक्तिभावमा मग्न छन्। यो सबै परिस्थिति सन् १९९० को अडवाणीको रथयात्राकै कारण भएको हो। समकालीन भारतका लागि जिम्मेवार ज्येष्ठ नेताको अनादर तिनकै शिष्यबाट हुन्छ भने त्यतिवेला सहानुभूति व्यक्त गर्न सकिँदैन। भाजपाका यी वृद्ध केवल आफ्नै कर्मको परिणाम व्यहोरिरहेका छन्।

(भाटिया द वायरका संस्थापक सम्पादक हुन्)
द वायरबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इतिहासमा आज

डिसेम्बर २७



सन् २००७ : पूर्वपाकिस्तानी प्रधानमन्त्री बेनजिर भुट्टोको रावलपिन्डीमा भएको आत्मघाती बम विस्फोटमा मृत्यु भयो ।

सन् ५३७ : पूर्वी रोमन साम्राज्यका सम्राट् जुस्टिनियन प्रथमले इस्तानबुलस्थित हागिया सोफियालाई चर्चको रूपमा उद्घाटन गरे ।

सन् १९३२ : जापानी सम्राट् हिरोहितो कोरियाली स्वतन्त्र आन्दोलनकारीबाट भएको हत्या प्रयासमा थोरैले मात्र उम्किन सफल भए ।

सन् १९३४ : राजा मोहम्मद रेजा पहलबीले उनको देशको नाम पर्सियाबाट इरान बनाए ।

सन् १९३९ : टर्कीमा आएको ८ म्याग्निच्युट रेक्टर स्केलको भूकम्पमा परी २० हजारदेखि ४० हजारको ज्यान गयो ।

दुई हप्तादेखि बेपत्ता पुटिनका आलोचक अलग जेलमा भेटिए



मस्को/ रुसी विपक्षी नेता एलेक्सी नभाल्नीले मंगलबार आफू 'ठीक' रहेको वकिलमार्फत जानकारी गराएका छन् । दुई साताभन्दा बढी समयदेखि अज्ञात अवस्थामा रहेका क्रेमलिनका आलोचक नभाल्नी अहिले रुसको सुदूर उत्तरमा रहेको पेनल कोलोनीमा रहेको उनका वकिलले जानकारी दिए । समाजिक सञ्जाल एक्समा एक पोस्ट गर्दै नभाल्नीले २० दिनको 'अत्यन्त थकाउने' स्थानान्तरणपछि आफू आर्कटिक रेखाभन्दा बाहिरको कारगार क्षेत्रमा रहेको जानकारी गराए । नभाल्नीले शनिबार खार्प गाउँमा आर्कटिक पेनल कोलोनी(कारागार क्षेत्र) पुगेको र सोमबार आफ्ना वकिलसँग भेट गरेको बताए ।

अमेरिकी विदेश मन्त्रालयले नभाल्नीको स्वास्थ्य र उनको अनुचित नजरबन्दको अवस्थाले चिन्तित बनाएको टिप्पणी गरेको थियो । नभाल्नी सन् २०२१ मा विष दिएर हत्या गर्ने प्रयासबाट बचेपछि नभाल्नीले ठूलो सरकारविरोधी प्रदर्शनको नेतृत्व गरेका थिए । त्यसपछि उनलाई कारागार पठाइएको थियो । नभाल्नीले उनको हिरासतको अधिकांश समय मस्कोबाट करिब २५० किलोमिटर पूर्वमा अवस्थित भ्लादिमिर क्षेत्रमा आइके-५ कारागार क्षेत्रमा बिताएका छन् ।

अगस्टमा एक अदालतले उग्रवादीको संज्ञा दिँदै नभाल्नीको सजायलाई १९ वर्षसम्म बढाउँदै उनलाई खतरनाक कैदीलाई राखिने कठोर 'विशेष शासन' कारागारमा राख्न निर्देशन दिएको थियो । सहयोगीहरूले उनको स्थानान्तरण रुसमा आगामी राष्ट्रपति निर्वाचनसँग जोडिएको हुन सक्ने बताए । यसअघि क्रेमलिनका धेरै आलोचक कारागारमा परेका छन् वा देश निकाला भएका छन् । सोभियतकालीन सुस्त रेलमार्फत कैदीहरूलाई टाढाका जेलमा लगिने भएकाले तिनको स्थानान्तरणमा कैयौं साता लाग्ने गर्छ ।

दुग्ध विकास संस्थान

डिडिसि पशु आहारा उत्पादन कारखाना, हेटौंडा

पशु दाना उत्पादनको लागि कच्चापदार्थ खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दरभाउपत्र आह्वानको सूचना नं.४/DDC CATTLE FEED /०८०।०८१

प्रथमपटक प्रकाशित मिति २०८०।०९।११

(१) यस कारखानालाई पशुदाना उत्पादन गर्नको लागि तपसिल बमोजिमको परिमाण कच्चा पदार्थ संस्थानको स्पेसिफिकेसन बमोजिम खरिद गर्नु पर्ने भएकोले आपुर्ति सम्बन्धी व्यवसाय गर्ने सम्बन्धित निकायमा दर्ता भएका आपुर्तिकर्ताहरुबाट कच्चापदार्थ आपुर्ति गर्न यो दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

सि.नं.	सामानको बिवरण	परिमाण	दरभाउपत्र दस्तुर	कैफियत
१.	राईसब्रान (डि.ओ.सि.)	३८००० केजी	१०००।- (पछि फिर्ता नहुने गरि)	
२.	मुसुरचुन्नी	३६००० केजी	१०००।- (पछि फिर्ता नहुने गरि)	
३.	तोरी पिना	२९००० केजी	१०००।- (पछि फिर्ता नहुने गरि)	
४.	भटमास पिना	१६००० केजी	१०००।- (पछि फिर्ता नहुने गरि)	

(२) दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने ईच्छुक नेपाली आपुर्तिकर्ताले लिखित आबेदन सहित यस कारखानाको कार्यालय सिसौघारी हेटौंडामा रु.१०००।- (एक हजार) (फिर्ता नहुने) बुझाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन अर्थात २०८०।०९।२५ गते कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

(३) दरभाउपत्र पेश गर्दा दरभाउपत्र साथ आफुले कबोल गरेको कुल रकमको २.५% ले हुने रकम हेटौंडा स्थित हिमालय बैंकमा रहेको यस कारखानाको खाता नं. ०११०५७२३२८००१७ मा जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी पत्र संलग्न भई आउनुपर्ने छ ।

(४) सिलबन्दी गरिएको दरभाउपत्र डिडिसि पशु आहारा उत्पादन कारखाना सिसौघारी हेटौंडामा १६ औं दिन अर्थात मिति २०८०।०९।२६ गते दिनको १२.०० बजे भित्र बुझाउनु पर्ने छ । तोकिएको समयपछि प्राप्त दरभाउपत्र स्वीकार गरिने छैन ।

(५) दाखिला भएका दरभाउपत्र मिति २०८०।०९।२६ गते दिनको २ बजे उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा डिडिसि पशु आहारा उत्पादन कारखानाको कार्यालय सिसौघारी हेटौंडामा खोलिनेछ ।

(६) दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो कार्यहरु बिदा भुक्तान भएको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

(७) दरभाउपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कारखानामा सुरक्षित रहनेछ ।

(८) यस सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कारखानाको कार्यालय हेटौंडा, सिसौघारीमा सम्पर्क राख्न सकिन्छ ।

दुग्ध विकास संस्थान
डिडिसि पशु आहारा उत्पादन कारखाना
हेटौंडा, सिशौघारी
फोन नं.- ५२०३८५

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

बोलपत्र आव्हान सम्वन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति २०८०/०९/११

प्रस्तुत विषयमा, यस आयोजना कार्यालय अन्तर्गत चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा रहेका सडक निर्माण/स्तरोन्नति कार्यको लागि सूचना नं. LIDPO/PKR/IFB/WORKS/03/080-81 अन्तर्गत विभिन्न प्याकेजहरुमा बोलपत्र आव्हान गरिएको र सो सम्बन्धि सूचनाहरु https://bolpatra.gov.np/egp/ मा मिति २०८०/०९/११ गते प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/०९/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा लिंदाको बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदी चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको सांवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलवन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रक्रीया अगाढी बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने माहानुभावहरुलाई समेत कालो सूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानि ऋणी तथा सम्बन्धित पक्षहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

वर्दघाट शाखा, नवलपरासी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
प्रदेश सरकार, प्रदेश नं. ५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा प्रा.फ.द.नं. ११५५/१३८७२ /०७६ अन्तर्गत मिति २०७६/१०/२३ मा दर्ता कायम भएको **भेना मासु पसल** फर्म दर्ता ठेगाना : बर्दघाट न.पा. - १४, नवलपरासी स्थायी लेखा नं. ६१२९९६९०६, मिति २०७६/१०/२३ **प्रोप्राइटर : शेर बहादुर सारु** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**देवी सरा सारु** ना.प्र.नं. ३९-०१-७१-०५८४९ जारी मिति २०७१/०८/०७ जि.प्र.का. पाल्पा बाबुको नाम : पूर्ण बहादुर कामु मगर पतिको नाम : शेर बहादुर सारु ससुराको नाम : दल सिं सारु स्थायी ठेगाना : सिलुवा - ७ पाल्पा,	**शेर बहादुर सारु** ना.प्र.नं. ३९-०२-७३-०२०८८ जारी मिति २०७३/१२/१५, जि.प्र.का. पाल्पा बाबुको बाबुको नाम : दल सिं सारु बाजेको नाम : दल बहादुर सारु स्थायी ठेगाना : पुर्वखोला - १, पाल्पा

धितोको विवरण

जग्गाको विवरण

दल बहादुर सारुको नाति, दल सिं सारुको छोरा, शेर बहादुर सारुको नाममा मालपोत कार्यलय, परासी, नवलपरासी मा दर्ता श्रेष्ता कायम रहेको, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, दाउन्नेदेवि गा.वि.स./न.पा. वडा नं. ४ ख स्थित कित्ता नं. ३७४ को क्षेत्रफल ०-५-१९-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

इटहरी शाखा, सुनसरी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	संस्थागत जमानत दिनेको विवरण
अनिता थापा ना.प्र.नं. १८४५/०४४, जारी मिति २०६२/०६/०५, जि.प्र.का. चितवन बाबुको नाम : दिप बहादुर थापा पतिको नाम : राज कुमार कार्की ससुराको नाम : साधु राम कार्की स्थायी ठेगाना : रत्ननगर - १३, चितवन **कर्जा शिर्षक : सवारी साधन तथा फर्निस कर्जा**	**राज कुमार कार्की** ना.प्र.नं. १७४५ जारी मिति २०५४/०१/१८ जि.प्र.का. खोटाङ्ग बाबुको नाम : साधु राम कार्की बाजेको नाम : श्याम बहादुर कार्की स्थायी ठेगाना : हौचुर - ७, खोटाङ्ग	नमुना गाउँ विकास समितिको कार्यालय, फत्तेपुर, सप्तरीमा प्रमाण-पत्र संख्या ९९९ अन्तर्गत मिति २०७१/०८/०४ मा दर्ता कायम भएका **हलेशि पोल्ट्रि सप्लायर्स** फर्म दर्ता ठेगाना : फत्तेपुर - ३, सप्तरी स्थायी लेखा नं. ६०३०५१४४९, मिति २०७१/११/१९ **प्रोप्राइटर : अनिता थापा**

धितोको विवरण

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Mahindra Bolero SC XL FB 2WD	KO 1 CHA 9403	2016	GHG1D25559	MA1ZN2GHKG1D36945

भालुवाङ्ग शाखा, दाङ्ग

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. रुपा विश्वकर्मा ना.प्र.नं. ५३-०२-७६-००८९१, जारी मिति २०७६/०६/२८, जि.प्र.का. प्युठान बाबुको नाम : धन सिं सुनार पतिको नाम : विर बहादुर विश्वकर्मा ससुराको नाम : सन्त राम विश्वकर्मा स्थायी ठेगाना : सरुमारानी गा.पा. - २, प्युठान **कर्जा शिर्षक : आवधिक कर्जा**	**दुरपति विश्वकर्मा** ना.प्र.नं. ५३३०३४/११६२ जारी मिति २०६३/१०/१९, जि.प्र.का. प्युठान बाबुको नाम : गोपाल सुनार पतिको नाम : सन्त राम विश्वकर्मा ससुराको नाम : मुन्सीराम विश्वकर्मा स्थायी ठेगाना : बाङ्गेसाल - ५, प्युठान	**विर वहादुर विश्वकर्मा** ना.प्र.नं. ५३-०३-७३-०२२९४ जारी मिति २०७३/०२/०४, जि.प्र.का. प्युठान बाबुको नाम : सन्त राम विश्वकर्मा बाजेको नाम : मुन्सीराम विश्वकर्मा स्थायी ठेगाना : बाङ्गेसाल - ६, प्युठान

धितोको विवरण

जग्गाको विवरण

मनिराजको नातिनि, गोपाल सुनारको छोरी, दुरपति विश्वकर्माको नाममा मालपोत कार्यलय, जस्पुरमा दर्ता श्रेष्ता कायम रहेको, प्युठान जिल्ला, बाङ्गेसाल गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. २४८४ र २४८६ को क्षेत्रफल क्रमशः ५९६.०० र २१७.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (जग्गाको विवरण)
२. सिता सुनार ना.प्र.नं. ५३३०३४/७८३, जारी मिति २०६३/१०/१२, जि.प्र.का. प्युठान बाबुको नाम : नुम बहादुर सुनार पतिको नाम : हिम बहादुर सुनार ससुराको नाम : निम बहादुर सुनार स्थायी ठेगाना : बाङ्गेसाल - ६, प्युठान **कर्जा शिर्षक : आवधिक कर्जा**	**विजय सुनार** ना.प्र.नं. ५३-०२-७४-००९४६ जारी मिति २०७४/०६/२९, जि.प्र.का. प्युठान बाबुको नाम : हिम बहादुर सुनार बाजेको नाम : निम बहादुर सुनार स्थायी ठेगाना : सरुमारानी गा.पा. - २, प्युठान	नुम बहादुर सुनारको छोरी, निम बहादुर सुनारको बुहारी, हिम बहादुर सुनारको पत्नी, सिता सुनारको नाममा मालपोत कार्यालय, जस्पुरमा दर्ता श्रेष्ता कायम रहेको, प्युठान जिल्ला, बाङ्गेसाल गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. २४११ को क्षेत्रफल ७६०.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

जनकपुर शाखा, जनकपुर

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (जग्गाको विवरण)
राज कुमार महतो ना.प्र.नं. १७३०८९/८९, जारी मिति २०६३/१२/१८ जि.प्र.का. धनुषा बाबुको नाम : पृतम महतो कोइरी बाजेको नाम : संतोषी महतो स्थायी ठेगाना : लक्ष्मीनिवास - २, धनुषा **कर्जा शिर्षक : आवधिक कर्जा**	**इन्दु देवी** ना.प्र.नं. १७३०८९/४८४ जारी मिति २०६३/१२/२१, जि.प्र.का. धनुषा बाबुको नाम : झरि लाल महतो पतिको नाम : राज कुमार महतो ससुराको नाम : पृतम महतो कोइरी स्थायी ठेगाना : लक्ष्मीनिवास - २, धनुषा	झरि लाल महतोको छोरी, पृतम महतो कोइरीको बुहारी, राज कुमार महतोको पत्नी, इन्दु देवीको नाममा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको, धनुषा जिल्ला, भुचक्रपुर गा.वि.स./न.पा. वडा नं. ४ क स्थित कित्ता नं. ६४६ को क्षेत्रफल ०-५-१५-० विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेरलाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४. बोलपत्र साथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।

५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधिभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्तावाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।

९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।

१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।

११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।

१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।

१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ ।

१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।

१५. प्राप्त बोलपत्र बैकलाई चित्त बुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैकले लिखीत अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।

१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।

१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० पौष २५ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८० पौष २६ गते
समय : दिउँसो ३ बजे
स्थान : सम्बन्धित शाखा कार्यालयमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ११ पुस ०८०

बजेट निर्माणको परिपाटी नै बदल्ने प्रधानमन्त्रीको घोषणा

मूल्यवृद्धि २.७ प्रतिशत विन्दुले घट्नु सरकारको उपलब्धि, आर्थिक वृद्धिदर घटेकोमा प्रधानमन्त्री दाहालको चिन्ता

अर्थब्युरो/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारको नीति तथा कार्यक्रम र बजेट निर्माणको परिपाटी नै फेर्ने बताएका छन्। मंगलबार राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्रीले सरकारको नीति तथा कार्यक्रम र बजेटलाई परम्परागत धारबाट भिन्न बनाउनैपर्ने बताए। आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणमा जनप्रतिनिधि र आमनागरिकको समेत पर्याप्त सुझाव लिने गरी बजेटका सिद्धान्त र प्राथमिकता फागुनमै पेस गर्ने तयारी गरेको उनले बताए।

सरकारका नीतिले मात्र नभई खर्चले पनि अर्थतन्त्रलाई गतिशील बनाउने उनको भनाइ छ। विगत केही वर्षदेखि नै कमजोर रहेको पुँजीगत खर्च गर्ने क्षमतामा निर्णायक हस्तक्षेप र सुधार गर्न ढिला भइसकेको उनले बताए। उनले भने, 'परम्परागत तरिकाले न प्राथमिकतापूर्ण योजनाहरूमा बजेट विनियोजन हुन सक्यो, न खर्चको सही आकलन नै हुन सक्यो। यसको प्रत्यक्ष असर पुँजीगत खर्चमा परी समग्र आर्थिक क्षेत्र नै प्रभावित भइरह्यो। त्यसैले म नीति, योजना र बजेट निर्माणको परिपाटी नै परिवर्तन गर्ने तयारीमा छु।'

प्रतिनिधिसभा नियमावली, २०७५ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार संघीय संसद्मा बजेट पेस गर्नुभन्दा कम्तीमा १५ दिनअघि संसद्मा बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नुपर्ने हुन्छ। त्यस्तै, प्रतिनिधिसभा नियमावलीको दफा १४२ ले संसद्मा बजेटका सिद्धान्त र प्राथमिकतामाथिको छलफल हुने व्यवस्था छ।

■ आर्थिक वृद्धिदर सोचेभन्दा कम भयो

अर्थतन्त्रका अन्य सूचकहरू सकारात्मक भए पनि आर्थिक वृद्धिदर अपेक्षाअनुसार नभएको प्रधानमन्त्री दाहालले स्विकारेका छन्। उनले समस्याको जडमा पुगी समाधान खोज्न आफूले राजनीतिक नेतृत्व, कर्मचारी र निजी क्षेत्रलाई सँगै राखेर खुला छलफल सुरु गरिसकेको बताए। उनले भने, 'दुई अंकको आर्थिक वृद्धिको लक्ष्य नराखी, अनि त्यसका लागि नीतिगत, कानुनी र प्रक्रियागत सुधारका साथै बहुपक्षीय तयारी नगरी देशको तीव्र विकास सम्भव छैन।'

सरकारले कार्य प्रारम्भ गर्दा अर्थतन्त्रका विभिन्न क्षेत्र दबाबमा रहेकोमा वित्तीय तथा मौद्रिक नीतिको सामञ्जस्यपूर्ण कार्यान्वयन, निजी क्षेत्रसँग गरिएका सघन संवाद र निरन्तरको प्रयासबाट आर्थिक परिसूचकहरू सकारात्मक बन्दै गइरहेको उनको जिकिर छ। यस वर्ष उपभोक्ता मूल्यवृद्धिदर गत वर्षभन्दा २.७ प्रतिशत विन्दुले कम हुनुलाई उनले उपलब्धि भएको बताएका छन्।

■ आधार दर एकल अंकमा आयो

प्रधानमन्त्री प्रचण्डले बैंक तथा वित्तीय क्षेत्र र मौद्रिक नीतिमा गरिएका सुधारका कारण बैंकहरूको आधार ब्याजदर एकल अंकमा पुगेको दाबी गरेका छन्। जसकारण ऋणको ब्याजदर पनि घटेको उनले बताए। उनले भने, 'यसबाट उत्पादन लागत घटेर उपभोक्ता मूल्यमा समेत सकारात्मक प्रभाव पर्ने निश्चित छ।' भुक्तानी सन्तुलन झन्डै १५० अर्ब रुपैयाँले सकारात्मक रहनु र विगत कैयौं वर्षदेखि घाटामा रहेका चालू खातासमेत नाफामा रहनु सरकारको अर्को उपलब्धि भएको उनले बताए।

■ कृषि दशक घोषणा गरिने

सरकारले आगामी वर्ष ०८१ देखि ०९१ सम्मलाई कृषि दशक घोषणा गर्ने तयारी गरेको छ। प्रधानमन्त्री प्रचण्डले खाद्यान्न प्रणाली तथा कृषि क्षेत्रको रूपान्तरणका लागि कृषि क्षेत्रमा सरकारी, निजी, विकास साझेदार र सहकारी क्षेत्रको कृषिमा लगानी बढाउन कृषि दशक (विसं २०८१-०९१) नै घोषणा गरिने बताए।

आगामी असार मसान्तसम्म ३० वटा प्रयोगशालासहितको एकीकृत कृषि तथा पशुसेवा केन्द्रको निर्माण सम्पन्न हुन लागेको समेत उनले जानकारी दिए। त्यस्तै, सरकार गठन भएको एक वर्षमा चार लाख एक हजार मेट्रिकटन रासायनिक मल सुनिश्चित भएको, सतह र भूमिगत सिँचाइ आयोजनाबाट थप २१ हजार एक सय ६९ हेक्टरमा सिँचाइ सुविधा विस्तार भएको, दुई सय ९६ डिप ट्युबेल र तीन हजार दुई सय ४४ स्यालो ट्युबेल निर्माण भएकोलगायतका प्रगति विवरण प्रधानमन्त्री प्रचण्डले प्रस्तुत गरेका थिए।

दूध किसानले पाउनुपर्ने करिब आठ अर्ब चैतभित्रै भुक्तानी पाउने वातावरण बनाइएको उनले बताए। कृषि अनुदान वास्तविक किसानको पहुँचमा नपुगेको भन्दै प्रधानमन्त्री प्रचण्डले आगामी दिनमा उत्पादनमा आधारित अनुदान प्रणाली लागू गर्ने पनि बताए।



■ सडकतर्फ के-के भए ?

प्रधानमन्त्रीको प्रतिवेदनअनुसार पछिल्लो एक वर्षमा देशभरका ७७६.६१ किमि सडक कालोपत्रे भएको छ। ग्राभेल हुने सडकको लम्बाइ भने ५८७.५ किमि रहेको छ। नयाँ सडक निर्माण भने १८१.२९ रहेको प्रधानमन्त्रीको भनाइ छ। उनका अनुसार पछिल्लो एक वर्षमा दुई सय १९ पुल निर्माण भएका छन्। यस्तै, उनले तराई-मधेश द्रुतमार्गको भौतिक प्रगति २८.५ प्रतिशत पुगेको, नागढुंगा सुरुङमार्गमा आपत्कालीन सुरुङको ब्रेक थ्रु भएको, नारायणी नदीमा सिग्नेचर पुल निर्माणका लागि ठेक्का सम्झौता भएको र सेती नदीमा सिग्नेचर पुल निर्माण भएको, मादी र तिनाउन नदीमा निर्माण कार्य सुरु भएको बताए। रेल सेवाअन्तर्गत गत आवमा एक वर्षमा बर्दिवास-चोचा खण्डमा सात किमि रेल ट्र्याकबेड निर्माण भएको उनले बताए। साथै, पाँचवटा रेलपुल निर्माण भएको उनको भनाइ छ।

■ लालपुर्जा लिँदा राजस्वमा ५०% छुट

सरकारले भूमिहीनले जग्गाधनी प्रमाणपत्र लिँदा लाग्ने राजस्वमा ५० प्रतिशत छुट दिने भएको छ। देशका विभिन्न भागमा लाजपुर्जा बाँड्दै गर्दा ऐलानी जग्गाधनी तथा भूमिहीनले जग्गाको मूल्यकै हाराहारीमा लाजपुर्जाको राजस्व तिर्नुपरेको भन्दै घटाउन माग गरेका थिए। 'हालसम्म करिब १० लाख भूमिहीनको लगत संकलन भइसकेको छ। जग्गा वितरणका लागि ४१ हजार हेक्टर जग्गा वितरणका लागि नाप नक्सांकन गरिएको छ,' उनले भने।

■ अर्को वर्ष २० लाख पर्यटक पुऱ्याउँछौं

प्रधानमन्त्री प्रचण्डले आगामी वर्ष सन् २०२४ मा देशमा २० लाख पर्यटक भित्र्याउने घोषणा गरेका छन्। सन् २०२३ को नोभेम्बरसम्म नौ लाख १८ हजार पर्यटक आइसकेको हुनाले यस वर्ष १० लाख पर्यटक भित्रिने आधार तयार भइसकेको छ।

प्रधानमन्त्रीले ठूलो लगानीमा निर्माण भएका पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण सञ्चालनमा ल्याउन नसकेको स्वीकार गरे। उनले भैरहवाबाट छिमेकी देशका नजिकका विमानस्थलमा कम उचाइमा उडान गर्ने साना विमान सञ्चालनको पहल भइरहेको बताए। प्रस्तावित निजगढ विमानस्थल निर्माण सुनिश्चितता गर्ने बताएका छन्।

■ 'ऊर्जामा पछिल्लो एक वर्षमा ८० वर्षको उपलब्धि'

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ऊर्जा क्षेत्रमा पछिल्लो एक वर्षमा भएको उपलब्धि करिब ८० वर्षबराबर भएको बताएका छन्। नेपाली ऊर्जा क्षेत्रको एक सय १२ वर्षको इतिहासका आधारमा उनले यस्तो व्याख्या गरेका हुन्। नेपालमा विसं १९६८ मा पाँच सय किलोवाटको फर्पिङ जलविद्युत् आयोजना बनेको थियो। त्यसपछिका एक सय चार वर्षसम्म विद्युत्को जडित क्षमता आठ सय मेगावाट पुगेको थियो। तर, विगत सात वर्षभित्र नेपालको विद्युत् उत्पादन क्षमता बढेर २,८९२ मेगावाट पुगेको उनले बताए। त्यसमध्ये करिब पाँच सय ४१ मेगावाट पछिल्लो एक वर्षमा थपिएको उनको भनाइ छ।

'ऊर्जा क्षेत्रमा भएको सम्भावनाको तुलनामा यो साह्रै सानो उपलब्धि हो। यसै वर्ष भएको मेरो भारत भ्रमणका क्रममा १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने लक्ष्यका साथ दीर्घकालीन जलविद्युत् सम्झौताको प्रारम्भिक सहमतिमा हस्ताक्षर भएको छ,' उनले भने, 'हाम्रो समृद्धिका लागि यो नेपाली इतिहासकै सबैभन्दा ठूलो र दूरगामी महत्त्वको सहमति हो।'

यसैगरी, उनले भारतसँग मात्रै नभएर बंगलादेशसँग पनि विद्युत् व्यापारको नजिक पुगेको बताए। अब छिट्टै नेपालबाट बंगलादेशमा ४० मेगावाटसम्म विद्युत् निर्यात गर्न भारतसहित त्रिदेशीय विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर गरिने उनको भनाइ छ। यसैगरी, चीन भ्रमणका क्रममा नेपाल-चीन जोड्ने चिलिमे-केरुङ दुई सय २० केभी प्रसारणलाइन अगाडि बढाउने सहमति भएको बताउँदै उनले उक्त प्रसारणलाइन बन्नेबित्तिकै चीनसँग पनि हाम्रो विद्युत् व्यापारको ढोका खुल्ने बताए।

दाहालले पछिल्लो एक वर्षमा विद्युत् पहुँच ५ प्रतिशत बढेर भई ९८ प्रतिशत जनतामा पुगेको, एक वर्षमा पाँच सय सर्किट किलोमिटर नयाँ प्रसारणलाइन निर्माण भएको, प्रसारणलाइनको कुल लम्बाइ पाँच हजार आठ सय ३४ किमि पुगेको र देशभर सयवटा विद्युतीय सवारी चार्जिङ स्टेसन तयार भएको बताए।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/०९/११)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८०/०९/२५

बोलपत्र खोलिने मिति
२०८०/०९/२६ दिउँसो ३ बजे

तपसिल

क्र. सं.	कर्जा शिर्षक	ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	धितो सुरक्षणमा रहेको अचल सम्पतिहरुको विवरण
१.	लघु सवारी साधन खरिद कर्जा	**ऋणी : रोहित लाल श्रेष्ठ** (ना.प्र.नं. २९९४, मिति २०४२/११/०६ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) ठेगाना : भिमथान ०१, सिन्धुली बाबु : राजमान श्रेष्ठ बाजे : धन नारायण श्रेष्ठ **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सन्त कुमारी श्रेष्ठ** (ना.प्र.नं. २०३०४१/३११, मिति २०६३/११/२४ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) पति : रोहित लाल श्रेष्ठ ससुरा : राजमान श्रेष्ठ **२. बसन्धरा ठोकर** (ना.प्र.नं. ४६४७००१५९, मिति २०५६/१२/०९ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको) बाबु : नारायण बहादुर ठोकर बाजे : वथान सिंह ठोकर	रोहित लाल श्रेष्ठको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, पाटनदेवी गा.वि.स./न.पा. वडा नं. ७(क) स्थित कि.नं. ४४० (०-४-३-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
२.	व्यापारीक कर्जा	**ऋणी : जय आशा होटल** दर्ता नं. : २९१९/०७४/०७५ ठेगाना : कमलामाई ११, सिन्धुली **प्रोप्राइटर : कमला माया गोले** (ना.प्र.नं. २०३०५२/२६३, मिति २०६३/१०/१९ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) ठेगाना : रानीचुरी ५, सिन्धुली पति : जय बहादुर गोले ससुरा : जित बहादुर गोले **व्यक्तिगत जमानीकर्ताहरु :** **१. कमला माया गोले** ऐ.ऐ **२. जय बहादुर गोले** (ना.प्र.नं. १५२६९, मिति २०५६/१०/१३ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) बाबु : जीत बहादुर गोले बाजे : धन सिंह गोले	जय बहादुर गोलेको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, रानीचुरी गा.वि.स./न.पा. वडा नं. ५(ङ) स्थित कि.नं. १७८ (०-९-०-० विगाहा) र कि.नं. २२७ (०-४-०-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
३.	कृषि कर्जा	**ऋणी : डम्बर केशर कटुवाल** (ना.प्र.नं. ६५३९/४२४७, मिति २०४५/०१/१८ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) ठेगाना : जराचोटार ०९, सिन्धुली बाबु : शान्ति बहादुर कटुवाल बाजे : बम बहादुर कटुवाल **व्यक्तिगत जमानीकर्ता :** **पवित्रा कटुवाल** (ना.प्र.नं. २५७०६, मिति २०५९/०७/१२ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) पति : डम्बर केशर कटुवाल ससुरा : शान्ति बहादुर कटुवाल	डम्बर केशर कटुवालको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स./न.पा. वडा नं. ४(ख) स्थित कि.नं. ४३४ (०-०-१०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।

क्र. सं.	कर्जा शिर्षक	ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	धितो सुरक्षणमा रहेको अचल सम्पतिहरुको विवरण
४.	विविध कर्जा	**ऋणी : संगिता बहुउदेश्य कृषि तथा पशुपंक्षी फर्म** प्रा.फ.नं. : ६८३५/०७८/०७९ ठेगाना : मरिण ०७, सिन्धुली **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुरेश माझी** (ना.प्र.नं. २०१०२८/२२२, मिति २०६७/०८/२२ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) बाबु : डम्बर सिं माझी बाजे : राम कृष्ण माझी **२. डम्बर सिं माझी** (ना.प्र.नं. ६०७/३२११, मिति २०४७/१०/१७ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) बाबु : राम कृष्ण माझी बाजे : सनमान माझी **३. सुकु माया माझी** (ना.प्र.नं. २०३०२८/३८४, मिति २०६३/१०/०२ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) बाबु : जित ब. माझी पति : डम्बर सिं माझी ससुरा : राम कृष्ण माझी **४. संगिता माझी** (ना.प्र.नं. २०-०१-७८-०२०५६, मिति २०७८/१०/२० मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) बाबु : जित बहादुर माझी पति : सुरेश माझी ससुरा : डम्बर सिं माझी	डम्बर सिं माझीको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, डांडीगुरासे गा.वि.स./न.पा. वडा नं. ५(क) स्थित कि.नं. ९७ (०-६-५-० विगाहा) र कि.नं. १६६ (०-११-१६-२ विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
५.	व्यक्तिगत कर्जा	**ऋणी : हिम बहादुर रोका** (ना.प्र.नं. ३४०६५, मिति २०६०/०६/२६ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) ठेगाना : मध्यविन्दु ०४, मदनपुर, नवलपरासी बाबु : लाल बहादुर रोका बाजे : वीर बहादुर रोका **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुमित्रा घर्ति** (ना.प्र.नं. ३/७२२, मिति २०५४/०१/१७ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) पति : हिम बहादुर रोका ससुरा : लाल बहादुर रोका **२. दिप बहादुर रोका** (ना.प्र.नं. ४१८७, मिति २०५३/०९/२१ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : लाल बहादुर रोका बाजे : वीर बहादुर रोका	हिम बहादुर रोकाको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय नवलपरासी कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स./न.पा. वडा नं. ९(ख) स्थित कि.नं. ४५६ (९६०.८९ व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो घनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैंले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मूल्यसच्याइन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणाली स्थगित

नयाँ पत्रिका

मासिक कम्तीमा ५० करोड नाफा सुनिश्चित गरी पेट्रोलियम पदार्थमा लागू गरिएको स्वचालित मूल्य प्रणाली अघोषित रूपमा स्थगित गरिएको छ। गत ३१ असारदेखि लागू गरिएको स्वचालित मूल्य प्रणालीअन्तर्गत पेट्रोलमा २.५ प्रतिशत र डिजेलमा २ प्रतिशत प्रतिलिटर नाफा सुनिश्चित गरिएको छ। त्यस्तै, खाना पकाउने एलपी ग्यास परल मूल्यमा बिक्री गर्ने गरी कार्यविधि बनेको छ। यस्तो कार्यविधिका कारण अन्तर्राष्ट्रिय बजारभाउ जतिसुकै प्रतिकूल भए पनि आयल निगमलाई नियमित नाफा हुने परिस्थिति सिर्जना गरिएको छ।

तर, दुई महिनायता अन्तर्राष्ट्रिय बजारमा खाना पकाउने एलपी ग्यासको मूल्य अकासिन थालेपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले तत्कालका लागि पेट्रोलियम पदार्थमा स्वचालित मूल्य लागू गर्ने गरी तयार गरिएको कार्यविधि कार्यान्वयनमा रोक लगाएको छ।

कार्यविधिअनुसार मूल्य समायोजन हुन छाडेपछि अहिले आयल निगमले ग्यासमा प्रतिसिलिन्डर तीन सय रुपैयाँ नोक्सान व्यहोरिरहेको छ। तर, यस्तो नोक्सानी पेट्रोल, डिजेल, मट्टीतेल र हवाई इन्धनको नाफादरबाट 'मेकअप' गरिएको छ।

आयल निगमका निमित्त नायब कार्यकारी निर्देशक नागेन्द्र साहले पनि पछिल्लो समय कार्यविधिलाई पूर्ण पालना नगरी मूल्य समायोजन गर्न थालिएको स्विकारे।

'कार्यविधि लागू गर्दा सबै कुरा मिलाउन नसकिने भयो। त्यसैले तत्काललाई जुनदरमा मूल्य घटबढ भएर आउँछ, त्यसमा खासै नाफा नराखी उपभोक्ता मूल्य निर्धारण गर्न थालिएको छ,' उनले भने।

आयल निगम ऋण र बक्यौताबाट मुक्त भइसकेकाले आगामी दिनमा नाफाबापत ठूलो रकम नचाहिने पनि उनले बताए।

'आयल निगमलाई धेरै नाफा नराखी मूल्य समायोजन गर्नेतिर लागेका छौं,' साहले भने, 'हाल सञ्चालनमा रहेका पूर्वाधार मर्मत गर्न र नयाँ पूर्वाधार बनाउन वार्षिक तीन-चार अर्ब नाफा भए पुग्छ। त्यसैले अहिले मूल्य समायोजनमा उपभोक्तामैत्री हुन थालिएको छ।'

साहले ग्यासको घाटालाई पूर्ति गर्न पेट्रोल र डिजेलको नाफादर प्रयोग गर्न थालिएको पनि जानकारी दिए। 'अहिले ग्यासमा तीन सय रुपैयाँ प्रतिसिलिन्डर घाटा छ,' उनले भने, 'यो घाटा पूर्ति गर्न पेट्रोल र डिजेलको नाफादरलाई प्रयोग गरिएको छ।' आयल निगमले काठमाडौं उपत्यकामा पेट्रोल एक सय ६७ रुपैयाँ र डिजेल एक सय ५७ रुपैयाँ प्रतिलिटर मूल्य निर्धारण गरेको छ। ग्यासको घाटा पूर्ति गर्न प्रयोग नभएको भए पेट्रोल र डिजेलको मूल्य अझै सस्तो पर्ने निगमको भनाइ छ। हाल पाक्षिक रूपमा औसतमा १५ लाख सिलिन्डर ग्यास खपत हुने गरेको छ। जसकारण पाक्षिक रूपमा ग्यासमा निगमलाई करिब ४५ करोड घाटा छ।

निगमले ग्यासको भाउ प्रतिसिलिन्डर १८ सय ९५ रुपैयाँ निर्धारण गरेको छ। कार्यविधिको हवाला दिँदै गत १३ असोज (दसैंअगाडि) मा ग्यासको मूल्य प्रतिसिलिन्डर दुई सय १५ रुपैयाँ वृद्धि गरी दुई हजार एक सय १० रुपैयाँ निर्धारण गरिएको थियो। उक्त कार्यको चौतर्फी विरोध भई भोलिपल्टै मूल्यवृद्धि फिर्ता लिनुपरेको थियो।

आयल निगमलाई कहिल्यै घाटा नहुने, तर उपभोक्ता महँगीको मारमा पर्ने गरी तयार गरिएको स्वचालित मूल्य प्रणालीका कारण आयल निगमले सुरुको तीन महिनामा करिब दुई अर्ब नाफा गरेको थियो। निगमले गत ३१ असारदेखि 'पेट्रोलियम पदार्थ तथा ग्यासको स्वचालित मूल्य प्रणाली कार्यविधि, ०८०' लागू गरेको तीन महिना (साउन, भदौ र असोज)मा एक अर्ब ८९ करोड रुपैयाँ नाफा आर्जन गरेको हो।

एक अर्ब लागतमा बसपार्क बन्दै

धनगढी/ धनगढी उपमहानगरपालिकामा आधुनिक सुविधासम्पन्न बसपार्क निर्माण हुने भएको छ। उपमहानगरपालिका र नगर विकास कोषको संयुक्त लगानीमा अत्याधुनिक बसपार्क निर्माण गर्न लागिएको नगर प्रमुख गोपाल हमालले बताएका छन्। नयाँ बसपार्कको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) सार्वजनिक गरिएको छ। धनगढी-३, स्थित बसपार्क निर्माणस्थलको वातावरणीय प्रभाव मूल्यांकनको काम भइरहेको उनले जानकारी दिए। यसै महिनाभित्र वातावरणीय प्रभाव मूल्यांकनको काम सकेर स्वीकृतिका लागि प्रदेश सरकारसमक्ष पेस गरिने उपमहानगरपालिकाले जनाएको छ। नगर प्रमुख हमालका अनुसार बसपार्क निर्माणमा करिब ९९ करोड ३५ लाख रुपैयाँ लाग्ने स्टिमेट छ।

बसपार्कमा दुईतले टर्मिनल भवनका साथै लामो, मध्यम र छोटो दूरीमा चल्ने सवारीसाधन पार्किङको छुट्टाछुट्टै क्षेत्र बनाइनेछ। धनगढीको पहिचान बन्ने गरी बसपार्कको डिजाइन तयार गरिएको नगर प्रमुख हमालले बताए। दुई वर्षमा बसपार्क निर्माणको काम पूरा हुने मेयर हमालले बताए। नगर विकास कोषले बसपार्क निर्माणको कुल लगानीको ८० प्रतिशत रकम ८ प्रतिशत ब्याजमा ऋण लगानी गर्ने बताइएको छ। नयाँ बसपार्कबाट वार्षिक १३ करोड ६६ लाख रुपैयाँ आम्दानी हुने उपमहानगरले अनुमान गरेको छ।

चार वर्षपछि सौराहामा हात्ती महोत्सव

भरतपुरमा **विवेक पोखेल**

कोरोना महामारीपछि रोकिएको चितवनको हात्ती महोत्सव चार वर्षपछि पुनः सुरु भएको छ। चितवन हात्ती तथा पर्यटन महोत्सवका रूपमा मंगलबारबाट सुरु भएको हो।

महोत्सवको १७औँ संस्करणको अर्थमन्त्री डा. प्रकाशशरण महतले उद्घाटन गरेका हुन्। पर्यटकीय नगरी सौराहाको प्रवेशद्वारमा रहेको मैनाचौरमा महोत्सव सुरु हुनुपूर्व हात्तीसहितको शोभायात्रा निकालिएको थियो।



यसपटक हात्ती दौड, हात्ती फुटबल र हात्तीपोलो नहुने

कोरोनाका कारण बन्द भएको सौराहाको पर्यटन चलायमान हुन थालेसँगै यहाँका व्यवसायीले पर्यटन गतिविधिलाई थप बढाउन महोत्सव आयोजना गरेका हुन्। तर, विगतका महोत्सवमा मानिसको आकर्षण रहेका प्रतियोगिता भने यसपटक हुनेछैनन्। यसपटकको महोत्सवमा हात्ती दौड, हात्ती फुटबल र हात्तीपोलो हटाइएको छ। पशु अधिकारको क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले यी प्रतियोगिताले हात्तीलाई यातना भएको भनेर विरोध जनाउँदै आएका थिए। १७औँ चितवन हात्ती तथा पर्यटन महोत्सवका कार्यक्रम संयोजक ओमप्रकाश पाण्डेले जनावरप्रति गरिने व्यवहारलाई लिएर आफूहरू सचेत रहेको र हात्तीलाई दुःख नहोस् भन्दै महोत्सवलाई परिष्कृत गरेको बताएका छन्।

यस वर्षको पर्यटन महोत्सवको मुख्य आकर्षण हात्ती सुन्दरी प्रतियोगिता रहनेछ। पाँच दिनसम्म सञ्चालन हुने महोत्सवमा हात्ती शृंगार प्रतियोगितासँगै हात्ती वनभोज, हात्तीको दिनचर्याबारे जानकारी र स्वदेशी तथा विदेशी ट्राभल एजेन्सीहरूसँग बिटुबी कार्यक्रम, डुंगा दौड प्रतियोगिता हुनेछ। महोत्सवमा मैत्रीपूर्ण खेलकुद प्रतियोगितासँगै चितवनको पर्यटनको सम्भावना र चुनौतीसम्बन्धी अन्तर्क्रिया कार्यक्रम राखिएको छ। स्थानीय वेशभूषा तथा कला-संस्कृतिसहितको झाँकी प्रदर्शन, राष्ट्रिय तथा स्थानीय कलाकारको सांस्कृतिक कार्यक्रम महोत्सव अवधिभरि सञ्चालन हुने महोत्सवको प्रचारप्रसार संयोजक ऋषिराम तिवारीले जानकारी दिए।

क्षेत्रीय होटेल संघ नेपाल चितवन सौराहाका पूर्वअध्यक्ष सुमन घिमिरेका अनुसार चितवनमा अहिले सरकारी तथा निजी गरेर एक सय बढी हात्ती छन्।

■ यसरी सुरु भएको थियो हात्ती महोत्सव

नेपालको हात्ती महोत्सवको चर्चा अहिले विश्वभरि छ। यसको सुरुवात भने सन् २००० तिर भएको बताइन्छ। क्षेत्रीय होटेल संघ सौराहाका अध्यक्ष गंगा गिरीका अनुसार तीनजना विदेशी पाहुनाले एउटा भिडियो बनाउनका लागि हात्ती दौडाउन प्रस्ताव गरेका थिए। त्यसवेला पनि यहाँका व्यवसायीसँग १८ वटा निजी हात्ती थिए। जुन सहकारीमार्फत सञ्चालनमा थियो।

करिब दुई घण्टाको कार्यक्रमपछि त्यसबापत नेपाली तीन लाख रुपैयाँ ती विदेशी पाहुनाले दिएका थिए। पर्यटकको आकर्षण पनि हुने र पैसा पनि राम्रो कमाइ हुने देखेपछि सन् २००४ देखि त्यसले महोत्सवको रूप लिँदै गयो र विभिन्न विधा थपिँदै गए। बर्सेनि हुने महोत्सव कोरोनाका कारण ०७६ सालदेखि भने हुन सकेको थिएन। क्षेत्रीय होटेल संघ नेपाल चितवन सौराहाको आयोजना रहेको यो महोत्सवको युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था र रेवान सौराहा सहआयोजक रहेका छन्। महोत्सवलाई नेपाल पर्यटन बोर्ड र संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय बागमती प्रदेश प्रवर्द्धक तथा रत्ननगर नगरपालिका संरक्षक रहेका छन्।

एनसिएचएलले नेप्सलाई प्राप्ति गर्ने

नयाँ पत्रिका

नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)ले नेप्सलाई प्राप्ति गर्ने भएको छ। एनसिएचएलको १५औँ वार्षिकोत्सवको आवसरमा आयोजित कार्यक्रममा एनसिएचएल र नेप्सबीच गाभ्ने-प्राप्तिसम्बन्धी प्रारम्भिक समझदारी भएको हो।

एनसिएचएलको मर्जर प्राप्ति समितिका संयोजक महेश शर्मा ढकाल र नेप्सका मर्जर समितिका संयोजक सञ्जीवकुमार श्रेष्ठले समझदारीपत्रमा हस्ताक्षर गरेको जनाइएको छ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नर डा. निलम ढुंगाना तिम्सिना, राष्ट्र बैंकका उच्च पदाधिकारीहरू, नेपाल बैंकर्स संघ र डेभलपमेन्ट बैंकर्स संघका अध्यक्षहरू तथा नेपाल वित्तीय संस्था संघका फस्ट उपाध्यक्षलगायत बैंक वित्तीय संस्थाका प्रमुखहरूको उपस्थिति रहेको एनसिएचएलले जनाएको छ।

एनसिएचएल र नेप्स दुवै बैंक वित्तीय संस्थाहरूको प्रवर्द्धनमा नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली सञ्चालकको अनुमति प्राप्त गरी विगत लामो समयदेखि आ-आफ्नो क्षेत्रमा कार्य गरी आएका संस्थाहरू हुन्। नेपाल राष्ट्र बैंकले लिएको गाभ्ने-गाभिने वा प्राप्तिसँग सम्बन्धित नीति कार्यान्वयनलाई सफल पार्न एनसिएचएल र नेप्स प्राप्ति प्रक्रियाका माध्यमबाट दुवैको कारोबारलाई एकीकृत गरी थप सुधार, प्रतिस्पर्धात्मक र प्रतिफलमूलक हुने गरी अगाडि बढ्नु उपयुक्त विकल्प भएको ठहरसहित समझदारी भएको एनसिएचएलले जनाएको छ।

०६५ सालमा स्थापित एनसिएचएलले एनसिएचएल-इसिसी, एनसिएचएल-आइपिएस, आरपिएस, कनेक्ट आइपिएस, कर्पोरेट पे, नेपाल पे, क्युआरलगायतका विभिन्न सेवा दिँदै आएको उल्लेख छ। ५३ भन्दा बढी बैंक वित्तीय संस्थाहरू र ९५ भन्दा बढी अन्य संस्था-निकायहरूले एनसिएचएलको प्रणाली प्रयोग गर्दै आएको जनाइएको छ।

त्यस्तै, ०६९ सालमा स्थापित नेप्सले विभिन्न बैंक वित्तीय संस्थाका लागि केन्द्रीकृत रूपमा कार्ड जारी गर्ने, स्वीकार गर्ने र कारोबार सम्पन्न गर्न आवश्यक प्रशोधन गर्ने कार्य गर्दै आएको छ। नेप्सले ११ बैंक तथा वित्तीय संस्थाहरूको एक हजार ६ सयभन्दा धेरै एटिएम, नौ हजारभन्दा बढी पिओएसमार्फत सेवा प्रदान गर्ने र इ-कमर्स कारोबारका लागि एसिएस थ्रिडी सेक्युरलगायतका सेवा उपलब्ध गराउँदै आएको जनाइएको छ।

सिद्धार्थ बैंकको ‘कफी टेबल बुक’ सार्वजनिक



काठमाडौं/ सिद्धार्थ बैंकले आफ्नो स्थापनाको २१औँ वर्ष पूरा गरेको अवसर पारेर आफ्नो २१ वर्षसम्मको यात्रालाई समेटी तयार पारेको ‘कफी टेबल बुक’ सार्वजनिक गरेको छ। बैंकले सञ्चालनको २१ वर्ष पूरा भएको अवसरमा काठमाडौंमा आयोजना गरेको कार्यक्रममा ‘कफी टेबल बुक’ सार्वजनिक गरेको हो।

बैंकका अध्यक्ष मनोजकुमार केडिया, सञ्चालक समितिका सदस्यहरू, पूर्वसञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतहरू, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन समूह र बैंकमा कार्यरत कर्मचारीहरूको उपस्थितिमा उक्त कार्यक्रम गरिएको जनाइएको छ। कार्यक्रममा बैंकले आफ्ना पूर्वसञ्चालक समितिका सदस्यहरू एवं पूर्वप्रमुख कार्यकारी अधिकृतलाई सम्मान गर्नुका साथै बैंकमा कार्यरत रही १५ वर्ष पूरा गरेका कर्मचारीलाई अभिनन्दन पनि गरेको जनाएको छ।

यही अवसरमा बैंकले देशका विभिन्न स्थानमा आयोजना गरेको रक्तदान कार्यक्रममा दुई सय ९६ जना रक्तदाताको सहभागिता रहेको जनाइएको छ। अन्य केही स्थानमा पनि रक्तदान कार्यक्रम आयोजना गरिने बैंकले उल्लेख गरेको छ।

मुक्तिनाथ डिजिटल कारोबारमा सम्मानित

काठमाडौं/ नेपाल क्लियरिङ हाउसले आफ्नो १५औँ वार्षिक उत्सवको अवसर पारेर मुक्तिनाथ विकास बैंकलाई सम्मान गरेको छ। मुक्तिनाथ विकास बैंक सर्वाधिक विद्युतीय काराबार गर्ने विकास बकका रूपमा सम्मानित भएको हो।

काठमाडौंमा भएको कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेलले पुरस्कार ग्रहण गरेको बैंकले जनाएको छ।

बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको एटिएम कार्ड प्रयोग गरी नेपालभरि रहेका भिसामा आबद्ध अन्य जुनसुकै बैंकको एटिएम मेसिनबाट निःशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको जनाएको छ। त्यस्तै प्रिपेड डलर कार्ड, अनलाइन कर्जा आवेदनलगायतका सुविधा रहेको छ।

समवेदना



जन्म : वि.सं. १९८७/१२/१६

स्वर्गारोहण मिति : वि.सं. २०८०/०८/२९

स्व.डा. शंकर बहादुर सिंह

यस संघका पूर्व अध्यक्ष **डा. शंकर बहादुर सिंह**को मिति २०८० मसिर २९ गतेका दिन असामयिक निधन हुन गएकोमा वहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

नेपाल चिकित्सक संघ
परिवार

सार्वजनिक सूचना



धादिङ्ग जिल्ला गंगाजमुना गाउँपालिका वडा नं. ६ बस्ने भारतीय सेनाको भू.पु. सैनिक नं. 5038472 NAIK KIRTI BDR. GURUNG 1/1 GR को सर्भिस डकुमेन्टमा श्रीमतीको नाम MAYA GURUNGSENI जन्म मिति 10 April 54 लेखिएको र नीजको नागरिकता प्रमाणपत्रमा सोमती गुरुङ्ग र जन्म मिति २०१८/७/५ लेखिएको भएता पनि दुबै नाम थर र जन्म मिति भएको व्यक्ति फरक-फरक नभै एकै व्यक्ति भएको व्यहोरा प्रमाणीकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

सुसिद्धि बचत तथा ऋण सहकारी संस्था लि. काठमाण्डौंको १६ औं बार्षिक साधारण सभाको सूचना

यस सहकारी संस्थाको १६ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा तपसिलका विषयहरूमा छलफल तथा निर्णयका लागि हुने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरूको उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

मिति: २०८० पुष २७ गते शुक्रवार
स्थान: RYNE HOTEL & EVENTS, पिंगनस्थान, काठमाण्डौ (बागमती नदीमा रहेको निलो पुल संगै)।
समय: बिहान ०८:०० बजे।

प्रस्तावहरु:
१. १६औं बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन प्रस्तुत।
२. आ.ब. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन उपर छलफल र अनुमोदन।
३. आ.ब. २०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण।
४ आ.ब. २०८०/०८१ को बार्षिक कार्यकम तथा बजेट खर्च प्रतिवेदन प्रस्तुत।
५. १६औं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयरधनी सदस्य महानुभावहरु मध्येबाट ८ जना सदस्यहरुको नामावली चयन गर्ने।
६. संचालक समिति तथा लेखा समितिको निर्वाचन।
७. विविध।

सुसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
तिलगंगा, काठमाडौं फोन नं.: ०१-४५६३१०८

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/११ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस १८ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय मलंगवा, सर्लाहीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:
नेपाल सरकार, वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य विभाग, प्राइभेट फर्म दर्ताको प्रमाणपत्र, मिति २०७५/०२/२९ मा प्रा.फ.नं. ४५९१/१०९/०७४/०७५ कायम भई दर्ता रहेको महोत्तरी जिल्ला, गौशाला न.पा., वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय स्थित **गौशाला अटो इन्टरप्राईजेज** (प्रोप्राइटर प्रयाग महतोको नाती, धनराज महतोको छोरा, महोत्तरी जिल्ला, लक्ष्मीनीया गा.वि.स., वडा नं. ०४ बस्ने **सुरेश कुमार महतो**, ना.प्र.नं. ०४९०४६६७, जारी मिति २०६३/०३/०८ जिल्ला प्रशासन कार्यालय महोत्तरी)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :
१. लालजी महतोको नाती, प्रयाग महतोको छोरा, देविका देवी महतोको पत्नी, महोत्तरी जिल्ला, लक्ष्मीनीया गा.वि.स., वडा नं. ०४ बस्ने **धनराज महतो** (ना.प्र.नं. ०४९००७३९, जारी मिति २०३३/०३/०४, जिल्ला प्रशासन कार्यालय महोत्तरी)।
२. प्रयाग महतोको नाती, धनराज महतोको छोरा, पवित्रा आर्चायको पति, महोत्तरी जिल्ला, लक्ष्मीनीया गा.वि.स., वडा नं. ०४ बस्ने **सुरेश कुमार महतो** (ना.प्र.नं. ०४९०४६६७, जारी मिति २०६३/०३/०८ जिल्ला प्रशासन कार्यालय महोत्तरी)।
३. प्रयाग महतोको नाती, धनराज महतोको छोरा, महोत्तरी जिल्ला, लक्ष्मीनीया गा.वि.स., वडा नं. ०४ बस्ने **सुशिल कुमार महतो** (ना.प्र.नं. १९२०६८/६३५, जारी मिति २०६९/०१/१४ जिल्ला प्रशासन कार्यालय महोत्तरी)।
४. धनराज महतोको बुहारी, सुर्य प्रसाद आर्चायको छोरी, सुरेश कुमार महतोको पत्नी, महोत्तरी जिल्ला, लक्ष्मीनीया गा.वि.स., वडा नं. ०४ बस्ने **पवित्रा आर्चाय** (ना.प्र.नं. १९२०९५/१५५, जारी मिति २०६५/०८/०५ जिल्ला प्रशासन कार्यालय महोत्तरी)।
५. प्रयाग महतोको बुहारी, कृष्ण बहादुर कार्कीको छोरी, धनराज महतोको पत्नी, महोत्तरी जिल्ला, लक्ष्मीनीया गा.वि.स., वडा नं. ०४ बस्ने **देविका देवी महतो** (ना.प्र.नं. १२५४, जारी मिति २०५४/०१/०१ जिल्ला प्रशासन कार्यालय महोत्तरी)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **सुरेश कुमार महतो**को नाममा मालपोत कार्यालय, जनकपुर धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, ढल्केवर गा.वि.स., वडा नं. ४/ख स्थित कित्ता नं. २५९१ को क्षेत्रफल ०–०–१०–० (वि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **सुरेश कुमार महतो**को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, १ नं. बहादुरगंज गा.वि.स., वडा नं.२/क स्थित कित्ता नं.१६ को क्षेत्रफल २–१९–२ १/२ (वि.क.धु)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **धनराज महतो**को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, शिवभक्तीखोर गा.वि.स., वडा नं. ३ स्थित कित्ता नं.१३३४ को क्षेत्रफल ०–०–१० (वि.क.धु)को घर/जग्गा र महोत्तरी जिल्ला, १ नं.बहादुरगंज गा.वि.स., वडा नं. ६/क स्थित कित्ता नं. १७३ को क्षेत्रफल ०–११–१३ (वि.क.धु)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० पुस १७ गते** भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मलंगवा, सर्लाहीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/ जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० पुस १८ गते दिनको** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय मलंगवा, सर्लाहीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० पुस १८ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय मलंगवा, सर्लाही फोन नं. ०४६-५२१२०६

कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिद्धार्थनगर (साबिक भैरहवा) रुपन्देहीको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/११ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिद्धार्थनगर (साबिक भैरहवा) रुपन्देहीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० पुस २६ गते बिहिबार**का दिन शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण:
१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य बिभाग, वाणिज्य कार्यालय, रुपन्देहीमा मिति २०६१/०८/१३ मा प्रा.फ.र.नं. १८६४६/०६८ कायम भई दर्ता रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १३ स्थित रजिष्टर्ड कार्यालय रहेको **अनु एण्ड अनुप कोल्ड स्टोर्स** (प्रोप्राईटर राम दौड बरई/जन्तीरा बरईको नातिनी, बासुदेव बरई/ दुर्गा देवी बरईको छोरी, रुपन्देही जिल्ला, देवदह नगरपालीका वडा नं. १ बस्ने **अनु बरई** (ना.प्र.नं. ३७-०२-७५-०७०९२, जारी मिति २०७५/१०/१६, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।
२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण बिभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, रुपन्देहीमा मिति २०७६/०४/२० मा प्रा.फ.र.नं. ४४७२३/०७६/७७ कायम भई दर्ता रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १३ स्थित रजिष्टर्ड कार्यालय रहेको **अनु एण्ड अनुप डिष्ट्रिब्युटर्स** (प्रोपाईटर मावला बरई/जुगरा बरईको नातिनी, चन्द्रिका बरई/फूलमती बरईको छोरी, राम दौड बरई/जन्तीरा बरईको बुहारी, बासुदेव बरईको पत्नी, रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ०१ (साबिक रुपन्देही जिल्ला केरवानी गा.वि.स., वडा नं. ०१) बस्ने **दुर्गादेवी बरई** (ना.प्र.नं. ३७३००२/१४, जारी मिति २०६३/११/२१, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।
३. सुर्यमान बरई/मंगरी बरईको नाति, राम दौड बरई/जन्तीरा बरईको छोरा, दुर्गा देवी बरईको पति, रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं. ०१ (साबिक रुपन्देही जिल्ला, केरवानी गा.वि.स., वडा नं. ०१) बस्ने **बासुदेव बरई** (ना.प्र.नं. १/१६६५, जारी मिति २०५२/०३/१८, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. सुर्यमान बरई/मंगरी बरईको नाति, राम दौड बरई/जन्तीरा बरईको छोरा, दुर्गा देवी बरईको पति, रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं. ०१ (साबिक रुपन्देही जिल्ला केरवानी गा.वि.स., वडा नं. ०१) बस्ने **बासुदेव बरई** (ना.प्र.नं. १/१६६५, जारी मिति २०५२/०३/१८, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।
२. मावला बरई/जुगरा बरईको नातिनी, चन्द्रिका बरई/फूलमती बरईको छोरी, राम दौड बरई/जन्तीरा बरईको बुहारी, बासुदेव वरईको पत्नी, रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ०१ (साबिक रुपन्देही जिल्ला केरवानी गा.वि.स., वडा नं. ०१) बस्ने **दुर्गादेवी बरई** (ना.प्र.नं. ३७३००२/१४, जारी मिति २०६३/११/२१, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।
३. राम दौड बरई/जन्तीरा बरईको नातिनी, बासुदेव वरई/ दुर्गा देवी बरईको छोरी, रुपन्देही जिल्ला, देवदह नगरपालीका वडा नं. १ बस्ने **अनु बरई** (ना.प्र.नं. ३७-०२-७५-०७०९२, जारी मिति २०७५/१०/१६, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।

लिलाम हुने सम्पत्तिको विवरण
१. **बासुदेव बरई**को नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. १९ को क्षेत्रफल ४०१२.८८ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **बासुदेव बरई**को नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. १२९ र १३७ को क्षेत्रफल क्रमश: ०-५-० र ०-२-१ (वि-क-धु) जग्गा तथा साको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **बासुदेव बरई**को नाममा मालपोत कार्यालय, वुटवोल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ५२८, ५३८, ८१०, ७६९ र ६९० को क्षेत्रफल क्रमश: २०३१.८४, ७४५.०१, १०१५.९२, ३३८६.३० र ५०७.९६ (व.मि) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
४. **बासुदेव बरई**को नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स वडा नं. ९ स्थित कित्ता नं. २१ र २२ को क्षेत्रफल क्रमश: ०-१९-०८ र ०-०-१५ (वि-क-धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
५. **बासुदेव बरई**को नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ३३९ को क्षेत्रफल ०-०-०५ (वि-क-धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० पुस २५ गते** भित्र बैंकको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० पुस २६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० पुस २६ गते बिहिबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देही फोन नं. ०७१-५७१९५२

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०

नेपाल सुपर लिगले नयाँ च्याम्पियन पाउने

पहिलो संस्करणको च्याम्पियन काठमाडौं रेन्जर्स इलिमिनेटर खेलमा ललितपुरसँग ३-० ले पराजित भएपछि लिगमा नयाँ विजेता बन्ने पक्का

रमेश सुवेदी/नयाँ पत्रिका

साबिक विजेता काठमाडौं रेन्जर्स इलिमिनेटरबाट बाहिरिएसँगै दोस्रो संस्करणको नेपाल सुपर लिग (एनएसएल)ले नयाँ च्याम्पियन पाउने पक्का भएको छ। दशरथ रंगशालामा मंगलबार ललितपुर एफसीले उपाधि रक्षा गर्ने रणनीतिमा रहेको काठमाडौंमाथि मंगलबार दशरथ रंगशालामा ३-० को सानदार जित निकाल्यो। तीन वर्षअघिको पहिलो संस्करणको फाइनलमा धनगढीलाई १-० ले हराउँदै काठमाडौंले उपाधि जितेको थियो। १० खेलाडीमा सीमित काठमाडौं चौथो भेटमा आएर ललितपुरसँग पहिलोपटक पराजित भयो। ललितपुरको जितमा विदेशी खेलाडी नायम बने। ६ हजार समर्थक उपस्थित खेलमा नाइजेरियन स्ट्राइकर इमोह इजिकिलले दुई तथा फ्रान्सेली स्ट्राइकर पापा इबोउ केबेले एक गोल गरे।

जितसँगै ललितपुरले गत संस्करणको इलिमिनेटरमा काठमाडौंसँग व्यहोरेको हारको बदला पनि लिएको छ। लिग चरणको खेलमा काठमाडौंले ललितपुरलाई १-० ले पराजित गरेको थियो। पहिलो संस्करणको लिग चरणमा पनि काठमाडौंले १-० र इलिमिनेटरमा ३-० ले हराएको थियो।

काठमाडौंका प्रशिक्षक बालगोपाल महर्जनले नतिजा स्विकार्ने र अक्सनदेखि नै टोली कमजोर रहेको प्रतिक्रिया दिएका छन्। 'साबिक विजेताको उपाधि सुरक्षित राख्ने योजना थियो, मार्की छनोट र अक्सनबाटै टोली अलिकती सन्तुलित भएन,' प्रशिक्षक महर्जनले भने। हिसुब थपलिया मार्की रहेको काठमाडौं लिग चरणमा तेस्रो भएर इलिमिनेटर खेलेको थियो। अन्तिम खेलमा ललितपुरलाई हराउँदा काठमाडौं प्ले अफमा स्थान बनाउन सफल भएको हो।

प्रशिक्षक महर्जनले सेमिफाइनल पुग्ने आफ्नो लक्ष्य भने पूरा भएको बताए। 'हाम्रो लक्ष्यअनुसार सेमिफाइनल पुग्नु नै सन्तुष्ट छु। यहाँ पुग्दा खुसी छु। राष्ट्रिय लेभलको राम्रो खेलाडी भएन,' उनले भने, 'तर, पनि ललितपुरसँग टप फाइट भयो।' उनले रेफ्रीको निर्णयमा सन्तुष्टि हुने स्थान नरहेको प्रस्ट पारेका छन्। पहिलो गोल नै अफसाइड भएको र अनावश्यक रातो कार्ड देखाएको प्रतिक्रिया उनले दिएका छन्।

खेलको ७४औं मिनेटमा काठमाडौंका कप्तान अञ्जन राईले दोहोरो पहेलो कार्डपछि मैदान छाडेका थिए। ललितपुरका पापा केबेमाथि फाउल गरेपछि भारतीय रेफ्री राम दासले अञ्जनलाई रातो कार्ड देखाउँदै बाहिर पठाएका हुन्। प्रशिक्षक महर्जनले खराब प्रदर्शन निरन्तर निस्किएपछि मार्की हिसुब र रक्षक कुलदीप कार्कीपछि अञ्जनलाई आर्म ब्यान्ड सुम्पिएका थिए।



काठमाडौंविरुद्ध जित निकालेपछि ललितपुरका खेलाडी खुसी मनाउँदै



अक्सनबाटै कमजोर थियौं : बालगोपाल महर्जन, प्रशिक्षक, काठमाडौं

साबिक बिजेता भएकाले उपाधि सुरक्षित राख्ने योजना थियो। अक्सनमा म पनि चीन थिएँ। सोचेको र योजना बनाएको खेलाडी टोलीमा परेनन्। बाध्य भएर योजनामा नभएको खेलाडी लिनुपर्‍यो। अक्सनबाटै अलिकति सन्तुलित भएन। हाम्रो लक्ष्यअनुसार सेमिफाइनल पुग्नु नै सन्तुष्ट छु। यहाँसम्म पुग्दा खुसी छु। राष्ट्रिय लेभलको राम्रो खेलाडी नै भएन। हामीले ललितपुरविरुद्ध टप फाइट गर्‍यौं। पहिलो गोल अफसाइड थियो। रेड कार्ड दिएकोमा चित्त बुझेको छैन।



काठमाडौंविरुद्धको योजनामा सफल भयौं : इआन आन्द्रे गिलान, प्रशिक्षक, ललितपुर

खेल योजनाअनुसार भएको छ। हाई प्रेसिङ खेल्न सफल भयौं। मिडफिल्डमा खेलाडीले धेरै राम्रो खेले। उत्तिकै मिहिनेत पनि गरेका छन्। युवा टोलीले पनि राम्रो खेलेका छन्। उनीहरूको भविष्य राम्रो छ। नेपाल फुटबलमा उनीहरूले राम्रो गर्न सक्छन्। हामीले धेरै गोल निकाल्ने प्रयास गर्‍यौं। अन्तिम समयसम्म खेल्यौं। खेलाडीमा जित्ने भावना छ। हामी उपाधि जित्न सिरियस छौं। हरेक खेल महत्त्वपूर्ण छ। कुनै खेल सहज छैन।

फाइनल प्रवेश गर्न पोखरा र ललितपुर भिड्ने

अब, उपाधिका लागि धनगढीले पोखरा र ललितपुरमध्ये एक टोलीसँग प्रतिस्पर्धा गर्नेछ। पहिलो क्वालिफायर्समा पराजित पोखरालाई अझै एक मौका रहेको छ। पोखरा र ललितपुरबीचको खेल बिहीबार हुनेछ। ललितपुरका प्रशिक्षक इआन आन्द्रे गिलानले बाँकी दुवै खेलमा मिहिनेत गरेर खेल्ने बताएका छन्। उनले योजनाअनुसार सफल भएको प्रतिक्रिया दिए। 'अबका दुवै खेल महत्त्वपूर्ण छन्। उपाधि जित्न गम्भीर छौं। कुनै पनि खेल सहज हुने छैन,'गिलानले भने, 'हामीले काठमाडौंविरुद्ध योजनाअनुसार नै खेलेका छौं, हाइ प्रेस खेल्ने योजना सफल भयो।' मिडफिल्डमा धेरै राम्रो भएको उनको भनाइ छ। अस्ट्रेलियन प्रशिक्षक गिलानले ललितपुरका युवा खेलाडीको भविष्य राम्रो रहेको र उनीहरू चाँडै राष्ट्रिय टोलीमा देखिने विश्वास राखे।

इमोनको दुई गोल

ललितपुरको जितमा इमोहले दुई तथा केबेले एक गोल गरे। योसँगै प्रतियोगितामा दुवैले समान तीन गोल गरेका छन्। खेलको ३६औं मिनेटमा इमोहले ललितपुरलाई १-० अग्रता दिलाए। पापा इबोको प्रहार काठमाडौंका गोलरक्षक अन्जल श्रेष्ठले बचाए। तर, रिवाउन्ड भएको बललाई इमोहलेसहजै गोल गरे। खेलको ४४औं मिनेटमा केबेले ललितपुलाई २-० को अग्रता दिलाए। भारतीय खेलाडी निखिल सुरेसरावो कदमको कर्नर मार्की तथा कप्तान अनन्त तामाङले हेडिङ गरेका थिए। खेलको ५२औं मिनेटमा इमोहले व्यक्तिगत दोस्रो गोल गरे। निखिलको फ्रिकिकमा बक्सभित्र अनमार्क रहेका इमोलले सहज हेडिङ गोल गरेका हुन्।

सूर्य नेपाल एनपिजिए म्याच प्ले आजदेखि

शीर्ष खेलाडी नहुँदा अर्डर अफ मेरिटको उत्कृष्ट २० स्थानसम्म पर्न सफल खेलाडीले प्रतियोगितामा दाबेदारी प्रस्तुत गर्नेछन्

काठमाडौं/ सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत सिजनको दोस्रो प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्ले बुधबारदेखि रोयल नेपाल गल्फ क्लबमा सुरु हुँदै छ। सिजनको कुल आठमध्ये यो प्रतियोगितामा गत सिजन अर्डर अफ मेरिटमा पर्न सफल उत्कृष्ट १६ खेलाडीले खेल्न पाउनेछन्। यसपटक नेपाल नम्बर एक शुक्रबहादुर राईसँगै उत्कृष्ट १६ मा पर्ने चार खेलाडीले सहभागिता जनाउनेछैनन्। यही कारण अर्डर अफ मेरिटको उत्कृष्ट २० सम्म पर्न सफल खेलाडीले यो प्रतियोगितामा दाबेदारी प्रस्तुत गर्नेछन्। शुक्रसँगै १४औं बरीयताका टंकबहादुर राई, १५औं बरीयताका बलभद्र राई र १६औं बरीयताका कमल तामाङले व्यक्तिगत कारण नखेल्ने भएका हुन्।

चार खेलाडीले नाम फिर्ता लिँदा अर्डर अफ मेरिटमा दोस्रो स्थानमा रहेका भुवन नगरकोटी शीर्ष खेलाडी रूपमा रहने छन्। १७औं बरीयताका दीपक मगर, १८औं बरीयताका तोरणविक्रम शाही, १९औं बरीयताका प्रदीपकुमार लामा र २०औं बरीयताका रामकृष्ण श्रेष्ठले म्याच प्लेमा स्थान बनाएका छन्। म्याच प्लेको ड्रअनुसार भुवन नगरकोटीले पहिलो चरणमा २०औं बरीयताका रामकृष्ण श्रेष्ठसँग खेल्नेछन्। तेस्रो बरीयताका नीरज तामाङको सामना १९औं बरीयताका प्रदीपकुमार लामासँग हुनेछ। साबिक विजेता तथा चौथो बरीयताका दिनेश प्रजापतिले १८औं बरीयताका तोरणविक्रम शाहीसँग खेल्नेछन्।

पहिलो चरण विजेता क्वार्टरफाइनलमा पुग्ने

१७औं बरीयताका दीपक मगरले पाँचौं बरीयताका जयराम श्रेष्ठलाई प्रतिद्वन्द्वीका रूपमा पाएका छन्। यसैगरी, पहिलो चरणकै अर्को खेलमा छैटौं बरीयताका सञ्जय लामा र १३औं बरीयताका शिवराम पौडेलबीच प्रतिस्पर्धा हुनेछ। सातौं बरीयताका रवि खड्काको सामना १३औं बरीयताका रमेश अधिकारीसँग हुनेछ। अर्को खेलमा आठौं बरीयताका रामे मगर र ११औं बरीयताका सूर्यप्रसाद शर्माबीच क्वार्टरफाइनल प्रवेशका लागि प्रतिस्पर्धा हुनेछ। पहिलो चरणका विजेता आठ खेलाडी क्वार्टरफाइनलमा प्रवेश गर्नेछन्। क्वार्टरफाइनल बिहीबार र सेमिफाइनल शुक्रबार हुने आयोजकले जनाएको छ। पहिलो चरणदेखि तेस्रो स्थानको खेल १८ होलको हुनेछ। शनिबार हुने फाइनल खेल ३६ होलको हुनेछ। खेलाडीहरूले कुल दुई लाख ५० हजार नगद पुरस्कारका लागि प्रतिस्पर्धा गर्नेछन्। विजेताले ६० हजार र दोस्रो हुने खेलाडीले ४२ हजार रुपैयाँ प्राप्त गर्नेछन्। तेस्रो हुने खेलाडीले ३२ हजार र चौथो हुने खेलाडीले २४ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

नेपाल पिजिएका अध्यक्ष रवीन्द्रमान श्रेष्ठले व्यावसायिक गल्फमा निरन्तर सहयोग गरेकोमा प्रमुख प्रायोजक सूर्य नेपाल प्रालिलाई धन्यवाद दिए। उनले भने, "सूर्य नेपाल प्रालिको सहयोगविना यो टुर यहाँसम्म आउन सक्ने थिएन। नेपालमा गल्फ क्रमशः विकास भइरहेकोछ र सूर्य नेपाल म्याच प्ले प्रतिस्पर्धात्मक हुनेछ भन्ने विश्वास लिएको छु।'

महावीर फाइनलमा

काठमाडौं/ कप्तान रविन जोशीको अर्धशतकको सहयोगमा महावीर क्लब प्रधानमन्त्री कप छनोटका लागि काठमाडौं जिल्ला छनोटको फाइनलमा प्रवेश गरेको छ। मूलपानी तल्लो मैदानमा मंगलबार भएको सेमिफाइलनमा महाबीरले क्रिकेट एक्सिलेन्स सेन्टरलाई पाँच विकेटले हराउँदे उपाधिनजिक पुगेको हो। महावीरले उपाधिका लागि ग्रेट हिमालयन क्रिकेट एकेडेमीको सामना गर्नेछ। ग्रेट हिमालयनले न्यु भिजन क्लबलाई सात विकेटले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरेको थियो।

एक्सिलेन्सले प्रस्तुत गरेको एक सय ७० रनको लक्ष्य महावीरले ३०.२ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गरेको हो। महावीरका लागि कप्तान रविन जोशीले ६८ बलमा सात चौका र एक छक्काको मद्दतले अविजित ७७ रनको बनाए। नवीन तामाङले ३७ रन, प्रतिश जिसीले २२ रन र बिभत्सु थापाले १६ रन बनाएका हुन्। चौथो विकेटका लागि रविन र नवीनले ६६ रनको साझेदारी गरेका थिए।

त्यसअघि टस जितेर ब्याटिङ गरेको एक्सिलेन्सले ४४.२ ओभरमा अल आउट हुँदै एक सय ६९ रन बनाएको थियो। एक्सिलेन्सका लागि कुशल श्रेष्ठले ३७ रन बनाएका थिए।

खेल संक्षेप

माछापुच्छ्रे टेनिस सुरु

कास्की/ २०औं संस्करकणको माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता बुधबारदेखि सुरु भएको छ। प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश र युकेका गरी १३ महिला र २०३ जना पुरुषसहित समग्रमा दुई सय १६ जना खेलाडी सहभागी छन्। ६ दिनसम्म चल्ने प्रतियोगिताको पुरुष एकल ओपनमा नेपालका नम्बर १ खेलाडी प्रदीप खड्काले पहिलो चरण पार गरेका छन्। उनले बोरिस अधिकारीलाई २-० को सहज सेटमा हराए। संरक्षक भूषण बज्राचार्यले गोविन्द नेपालीलाई २-० को सोझो सेटमा पराजित गरे।

जेभियर्स र सनसाइन उपाधिनजिक

काठमाडौं/ काठमाडौं जेभियर्स र सनसाइन १२औं प्याब्सन मध्य क्षेत्रीय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा मंगलबार फाइनलमा प्रवेश गरेका छन्। काठमाडौं जेभियर्सले चैतन्यलाई २०-१२ ले पराजित गर्‍यो। सनसाइनले अवेरनेस इन्टरनेसनल एकेडेमी (एआइए)लाई १३-१२ ले हरायो। सिनियर पुरुषमा पनि काठमाडौं जेभियर्स फाइनलमा पुग्न सफल भएको छ। काठमाडौं जेभियर्सले एआईएलाई २२-१४ ले पाखा लगायो।

टिआइए 'बी' विजयी

काठमाडौं/ आयोजक ठुडरम इन्टरनेसनल एकेडेमी (टिआइए) 'बी'ले १५औं टिआइए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा मंगलबार जित हात पारेको छ। टिआइए 'बी'ले हिमालयन बोर्डिङ स्कुललाई १४-११ ले पराजित गर्‍यो। सिनियर महिलामा वसुन्धरा नेसनल एकेडेमी (बिएनए)ले टिआइए 'ए'लाई १४-७ ले हरायो। निम्सले स्किब्सलाई १६-६ र एनसिसिएसले मञ्जरीलाई ३३-२ ले निराश पारे।।

जोसेफले त्रिवेणीलाई हरायो

काठमाडौं/ जोसेफले सातौं नेफ्क्रत कप अन्तरविद्यालय जुनियर यू- १६ छात्र फुटबल प्रतियोगितामा मंगलबार त्रिवेणी सदनलाई २-० ले पराजित गर्‍यो। चाबहिल गणेशस्थान मैदानमा भएको अन्य प्रतिस्पर्धामा छहारी सदनले अपी 'ए'लाई २-० ले हरायो। कौशल बोर्डिङ स्कुल (केब्स)ले प्राक्सिसलाई २-० ले पाखा लगायो। एमसिपिएसले क्लिनटनलाई टाइब्रेकरमा ४-३ ले स्तब्ध पारेको छ। पशुपतिले नेबरहुडबाट वाकओभर पायो।

लोहोरुङ र एडभान्स भिड्ने

संखुवासभा/ पांमा कप फुटबल प्रतियोगिताको फाइनलमा आयोजक लोहोरुङ क्लब र एडभान्स क्लब पुगेका छन्। प्रतियोगिताको मंगलबार पहिलो सेमिफाइनलमा एडभान्सले भारत सिक्किमलाई २-० ले हरायो। दोस्रो खेलमा आयोजक लोहोरुङ क्लबले कोसी पुलिसलाई ३-० को अन्तरले पाखा लगाउँदै अन्तिम दुई स्थान पक्का गर्‍यो। प्रतियोगितामा भारतको सिक्किम, कोशी पुलिसलगायत नाम चलेका कोशी प्रदेशभित्र १२ क्लबको सहभागिता रहेको छ।

गोल्डेन गेट च्याम्पियन

काठमाडौं/ गोल्डेन गेट र बुढानीलकण्ठ समृद्धि यू- १९ राष्ट्रिय बास्केटबल प्रतियोगितामा मंगलबार च्याम्पियन बनेका छन्। गोल्डेन गेट पुरुष तथा बुढानीलकण्ठ महिलामा विजेता बनेका हुन्। बुढानीलकण्ठको पुरुष टोली फाइनल पुगे पनि उपाधि जित्न सकेन। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा भएको पुरुषतर्फको उपाधि भिडन्तमा गोल्डेन गेटले बुढानीलकण्ठलाई १००-८८ ले पराजित गर्‍यो। गोल्डेन गेटका नुकेश मगरले २८ स्कोर गरेका थिए। समृद्धि स्कुलको सहकार्यमा नेपाल बास्केटबल संघद्वारा आयोजित प्रतियोगिताअन्तर्गत महिलाको उपाधि भिडन्तमा बुढानीलकण्ठले आइएसए नेपाललाई २८-१८ ले हरायो। विजयी टोलीका लागि रिन्चेन मोक्तानले १९ स्कोरको योगदान गरिन्। पुरुष र महिलातर्फका विजेताले समान ३० हजार रुपैयाँ प्राप्त गरेका छन्। उपविजेताले १५ हजार रुपैयाँ पाएको छ। फाइनलका सर्वाधिक स्कोरकर्ताद्वय नुकेश र रिन्चेन 'मोस्ट भ्यालुएबल प्लेयर' घोषित भए। दुवैले जनही पाँच हजार पाए। विजेताहरूलाई नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, आयोजक संघका अध्यक्ष भीमसिंह गुरुङ, आयोजक संघका महासचिव नरेन्द्र थापालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

फ्ल्याट भाडामा

महालक्ष्मीस्थान, सातदोबाटो रिङरोडमा १५ आनामा ५२०० वर्गफिट हरेक तल्ला, दुबैपट्टि शिशै शिशाले बनेको व्यापारिक भवन लिफ्ट र अन्डरग्राउण्ड पार्किङ सुविधा सम्पन्न भवनका चार वटा तल्ला सस्तो मुल्यमा । ३३६०-४७०० वर्गफिट (नेट) सम्मका तल्लाहरु आधापनि दिन सकिने । अफर मुल्य ९०-१०० हाल ८५-९५ वर्गफिट

सम्पर्क : ९७४९४२०६१३

ग्रिन टाउन बचत तथा ऋण सहकारी संस्था लि.
सुन्धारा ११, काठमाडौं फोन नं. ०१५३१९०३७

१४ औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

प्रकाशन मिति २०८०/०९/११

ग्रिन टाउन बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८०/०९/०६ गते शुक्रवारका दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको १४ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषय उपर छलफल तथा निर्णय गर्ने गरी बस्ने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा बस्ने मिति, स्थान र समय
मिति : २०८०/०९/२८ गते, शनिवार
स्थान : संस्थाको आफ्नै कार्यालय जे.डि.ए कम्प्लेक्स, सुन्धारा-११, काठमाडौं ।
समय : १:०० बजे

साधारण सभामा छलफल हुने विषयहरु :
१) संचालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन पेश गर्ने र सो उपर छलफल गरी पारित गर्ने सम्वन्धमा।
२) संस्थाको आ.व. ०७९/०८० को लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्वन्धमा।
३) चालु आ.व ०८०/०८१ को वार्षिक बजेट छलफल गरी स्वीकृत गर्ने सम्वन्धमा।
४) चालु आ.व ०८०/०८१ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा।
५) संस्थाको आ.व. ०७९/०८० मा संचालक समितिले गरेको सम्पूर्ण निर्णय अनुमोदन गर्ने सम्वन्धमा।
६) आ.व. ०७९/०८० को नाफाबाट १२.५% शेयरधनीलाई लाभांश वितरण गर्ने सम्वन्धमा।
७) साधारण सभाको निर्णय पुस्तिकामा दस्तखत गरी निर्णय प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्वन्धमा।
८) निर्वाचन गर्ने सम्वन्धमा।
९) विविध।

कर्मचारी आवश्यकता

प्रकाशित मिति २०८०/०९/११

यस बैंकमा रिक्त रहेका निम्न पदहरु खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले देहायका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८०/०९/२५ गते भित्रमा बैंकको आधिकारिक वेबसाईट www.ncbl.coop/career बाट अनलाईन दरखास्त फाराम भर्न आव्हान गरिएकोछ। विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्दा बैंकले तोकेको सम्पूर्ण विवरण उक्त दरखास्त फारममा उल्लेख गरी सोको साथ नेपाली नागरिकताको प्रमाणपत्र, दरखास्त दिने पदको लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र साथै तोकिएका अन्य कागजात/प्रमाणपत्रहरु र हालसालै खिचेको पासपोर्ट साईजको फोटोको विद्युतीय प्रति संलग्न (Upload) गर्नुपर्नेछ। म्यादभित्र दाखिला नभएका र रित नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुनेछैन।

क्र.स	विज्ञापन नं.	पद	श्रेणी	माग संख्या
१	०१/२०८०/८१	प्रमुख वित्त अधिकृत	व्यवस्थापकीय	१
२	०२/२०८०/८१	प्रमुख कर्जा व्यबसाय अधिकृत	व्यवस्थापकीय	१
३	०३/२०८०/८१	व्यबसाय विकास प्रमुख	व्यवस्थापकीय	१
४	०४/२०८०/८१	आन्तरिक लेखा परीक्षण प्रमुख	अधिकृत	१
५	०५/२०८०/८१	कानुन अधिकृत	अधिकृत	१
६	०६/२०८०/८१	तालिम/स्तरीकरण अधिकृत	अधिकृत	३
७	०७/२०८०/८१	शाखा प्रमुख	अधिकृत	१५
८	०८/२०८०/८१	कर्जा अधिकृत (कृषि/लघुवित्त/परियोजना)	अधिकृत	२
९	०९/२०८०/८१	व्यवस्थापन प्रशिक्षार्थी	अधिकृत	१५
१०	१०/२०८०/८१	कनिष्ठ सहायक	सहायक	६०

१. सेवाको किसिम : स्थायी
२. तलब तथा अन्य सुविधा : बैंकको नियमानुसार
३. उम्मेदवारको उमेर (दरखास्त दिने अन्तिम मिति सम्ममा) :
क) व्यवस्थापकीय श्रेणीका लागि २५ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।
ख) अधिकृत श्रेणीका लागि २१ बर्ष पुरा भई ३० बर्ष ननाघेको हुनुपर्नेछ ।
ग) सहायक श्रेणीका लागि १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको हुनुपर्नेछ ।

यस बैंकमा कार्यरत (स्थायी/अस्थायी/करार) कर्मचारीलाई उमेरको हद लागु हुनेछैन ।

४. आवश्यक न्युनतम योग्यता :

विज्ञापन नं. ०१/२०८०/८१/ प्रमुख वित्त अधिकृत (प्रबन्धक/सहायक प्रबन्धक) :
मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र विषयमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्था वा सहकारी वा सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा कम्तिमा ३ बर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।
प्राथमिकता : चार्टर्ड एकाउण्टेन्सी परिक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कार्य अनुभव भएको तथा नेपालको लेखा प्रणाली र कर प्रणालीको राम्रो ज्ञान भएको, साथै तथ्याङ्क विश्लेषण (Data Analysis) क्षमता, प्रस्तुतीकरण क्षमता तथा Spreadsheet सम्बन्धी राम्रो ज्ञान भएको।

विज्ञापन नं. ०२/२०८०/८१/ प्रमुख कर्जा व्यवसाय अधिकृत (प्रबन्धक/सहायक प्रबन्धक) :
मान्यता प्राप्त शिक्षण संस्थाबाट ब्यबस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र बिषयमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्था वा सहकारी वा सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा कम्तिमा ३ बर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।
प्राथमिकता : बैंक तथा वित्तीय संस्थामा संस्थागत कर्जा लगानी (Institutional Credit Lending) को क्षेत्रमा कार्य अनुभव भएको साथै तथ्याङ्क विश्लेषण (Data Analysis) क्षमता, प्रस्तुतीकरण क्षमता तथा Spreadsheet सम्बन्धी राम्रो ज्ञान भएको।

विज्ञापन नं. ०३/२०८०/८१/ व्यवसाय विकास प्रमुख (सहायक प्रबन्धक) :
मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र विषयमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्था वा सहकारी वा सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।
प्राथमिकता : बजार विश्लेषण, तथ्याङ्क विश्लेषण (Data Analysis) क्षमता, प्रस्तुतीकरण क्षमता तथा Spreadsheet सम्बन्धी राम्रो ज्ञान भएको।

विज्ञापन नं. ०४/२०८०/८१/ आन्तरिक लेखा परीक्षण प्रमुख (बरिष्ठ अधिकृत/अधिकृत/सहायक अधिकृत) :
मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/बाणिज्यशास्त्र विषयमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी परिक्षा उत्तीर्ण गरी वा मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र विषयमा न्यूनतम स्नातक तह द्वितीय श्रेणी वा सो सरहको अंक सहित उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्था वा सहकारी वा सम्बन्धित क्षेत्रको कम्तिमा ३ बर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।
प्राथमिकता : चार्टर्ड एकाउण्टेन्सी परिक्षा उत्तीर्ण गरी सम्बन्धीत क्षेत्रको कार्य अनुभव भएको।

विज्ञापन नं. ०५/२०८०/८१/ कानुन अधिकृत (बरिष्ठ अधिकृत/अधिकृत) :
मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य कानुनमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातकोत्तर उपाधि हासिल गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य कानुनमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातक उपाधि हासिल गरी कम्तिमा ३ वर्षको सम्बन्धित क्षेत्रको कार्य अनुभव भएको हुनुपर्नेछ।
प्राथमिकता : बैंक तथा वित्तिय संस्था वा सहकारी क्षेत्रमा कानुन विभागमा कार्य अनुभव भएको।

विज्ञापन नं. ०६/२०८०/८१/ तालिम/स्तरीकरण अधिकृत (बरिष्ठ अधिकृत/अधिकृत/सहायक अधिकृत) :
मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र विषयमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातकोत्तर उपाधि हासिल गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र विषयमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातक उपाधि हासिल गरी बैंक तथा वित्तिय संस्था वा सहकारी वा सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।
वरिष्ठ अधिकृत र अधिकृतको हकमा : स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा क्रमशः ४ वर्ष र २ वर्षको कार्यानुभव भएको वा स्नातक उपाधि हासिल गरेको उम्मेदवारको हकमा क्रमशः ७ वर्ष र ५ वर्षको कार्यानुभव भएको हुनुपर्नेछ।
प्राथमिकता : तालिम, स्तरीकरण तथा प्रमाणिकरणको क्षेत्रमा कार्य अनुभव भएको।

विज्ञापन नं. ०७/२०८०/८१/शाखा प्रमुख (बरिष्ठ अधिकृत/अधिकृत/सहायक अधिकृत) :
मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र विषयमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातकोत्तर उपाधि हासिल गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र विषयमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातक उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्था वा सहकारी वा सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।
वरिष्ठ अधिकृत र अधिकृतको हकमा : स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा क्रमशः ४ वर्ष र २ वर्षको कार्यानुभव भएको वा स्नातक उपाधि हासिल गरेको उम्मेदवारको हकमा क्रमशः ७ वर्ष र ५ वर्षको कार्यानुभव भएको हुनुपर्नेछ।
प्राथमिकता : बैंक वा वित्तीय संस्थामा शाखा प्रबन्धक वा सहकारी संस्थामा व्यवस्थापक भई कार्य गरेको।

विज्ञापन नं. ०८/२०८०/८१/कर्जा अधिकृत (अधिकृत/सहायक अधिकृत) :
मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र विषयमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातकोत्तर उपाधि हासिल गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र विषयमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातक उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्था वा सहकारी वा सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।
अधिकृतको हकमा : स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा २ वर्षको कार्यानुभव भएको वा स्नातक उपाधि हासिल गरेको उम्मेदवारको हकमा ५ वर्षको कार्यानुभव भएको हुनुपर्नेछ।
प्राथमिकता : लघु कर्जा, कृषि कर्जा तथा परियोजना कर्जा सम्बन्धि कार्य अनुभव भएको।

विज्ञापन नं. ०९/२०८०/८१/व्यवस्थापन प्रशिक्षार्थी :
मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र विषयमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातकोत्तर उपाधि हासिल गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र विषयमा न्यूनतम द्वितीय श्रेणी वा सो सरहको अंक सहित स्नातक उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्था वा सहकारी वा सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।

विज्ञापन नं. १०/२०८०/८१/कनिष्ठ सहायक :
मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/मानविकी (अर्थशास्त्र)/वाणिज्यशास्त्र विषयमा १०+२ वा सो सरहको तहमा न्यूनतम द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्नेछ।

५. उम्मेदवारको छनौट विधि :
क) व्यवस्थापकीय श्रेणीका लागि - प्रस्तुतिकरण/समुह छलफल तथा अन्तर्वार्ता।
ख) अधिकृत श्रेणीका लागि - लिखित, प्रयोगात्मक/समुह छलफल तथा अन्तर्वार्ता।
ग) सहायक श्रेणीका लागि - लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता।
(पदपूर्ति उपसमितिले कुनै वा सबै विधि प्रयोग गर्न सक्नेछ ।)

६. प्रारम्भिक छनौटमा परेका (Short Listing) उम्मेदवारलाई मात्र अन्य छनौट चरणमा सहभागि गराईनेछ।
७. बैंकको वेबसाइट www.ncbl.coop मार्फत आवेदन दिन तथा लिखित परिक्षाको पाठ्यक्रम, लिखित परिक्षाको तालिका तथा परिक्षा केन्द्र हेर्न सकिनेछ।
८. विज्ञापन सम्बन्धि आवेदन स्वीकृत/अस्वीकृत गर्ने तथा कुनै पदको विज्ञापन रद्ध गर्ने एवं प्रारम्भिक छनौटको संख्या निर्धारण गर्ने सम्पुर्ण अधिकार यस बैंकमा निहित रहनेछ।

National Co-operative Bank Limited (NCBL) राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop